# सिन्धुपाल्चोकको सुनखानीका थामी जातिको सामाजिक-सांस्कृतिक तथा शैक्षिक अवस्था

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह इतिहास विषयको दोस्रो वर्षको पाठ्यक्रमअनुसारको
छैठौं पत्रको प्रयोजनका लागि इतिहास तथा संस्कृति विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरामा प्रस्तुत

## शोध–पत्र


**प्रस्तुतकर्ता**

**राजन थामी**

त्रि.वि. दर्ता नं. ६-१-२९८-५५-९९

कक्षा रोल नं. ०५/२०६५

परीक्षा रोल नं. ४८००११


वि.सं. २०७१ (२०१४ ई.)

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तहको इतिहास विषयको पाठ्यक्रमअनुरूप छैठौं पत्रको प्रयोजनका लागि श्री राजन थामीले **"सिन्धुपाल्चोकको सुनखानीका थामी जातिको सामाजिक-सांस्कृतिक तथा शैक्षिक अवस्था"** शीर्षकको यो शोध-पत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नुभएको हो। शोधकर्ताले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु। उक्त शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु।

मितिः २०७१।०३।२९ (इ.सं. २०१४।०७।१३)

...............................

प्रा.डा. ज्ञानबहादुर कार्की

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

## पृथ्वीनारायण क्याम्पस, पोखरा

## इतिहास तथा संस्कृति विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तह इतिहास विषयको छैठौं पत्रको पाठ्यक्रमअनुरूप श्री राजन थामीले **"सिन्धुपाल्चोकको सुनखानीका थामी जातिको सामाजिक-सांस्कृतिक तथा शैक्षिक अवस्था"** शीर्षकमा तयार पार्नुभएको यस शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| १. विभागीय प्रमुख | प्रा.डा. दिलबहादुर क्षत्री | ............................... |
| २. बाह्य परीक्षक | सह-प्राध्यापक ठानबहादुर क्षत्री | ............................... |
| ३. शोधनिर्देशक | प्रा.डा. ज्ञानबहादुर कार्की | ............................... |

मितिः २०७१।०४।०९ (इ.सं. २०१४।०७२५)

# कृतज्ञता-ज्ञापन

प्रस्तुत शोधपत्र नेपालको सिन्धुपाल्चोक जिल्लाअन्तर्गत सुनखानी गाविसमा बसोबास गर्ने थामी जातिसँग सम्बन्धित छ। नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र बहुधार्मिक सुन्दर देश हो। विभिन्न जातजातिहरूको मिश्रणबाट नै यो सुन्दर राष्ट्रको निर्माण भएको हो। देशमा छरिएर रहेका विविध जातजातिहरूका संस्कृति, परम्परा, चाडपर्व, भाषा र भेषभूषा आदिलाई संरक्षण गरी सुन्दर राष्ट्र कायम राख्नु नै आजको आवश्यकता हो। हाल नेपालमा १२५ जातजाति र १२३ भाषाभाषी बोल्ने मानिसहरूको बसोबास रहेको छ। ती सबै जातजाति, जनजातिहरूका आ-आफ्नै रीतिरिवाज, चालचलन, धर्म, परम्परा, संस्कार, चाडपर्व आदि छन्। यहाँका हिमाल, पहाड, उपत्यका, तराई र शहर, गाउँ, महल, झुप्रा आदि सबै स्थानमा बसोबास गर्ने जातजातिहरूको रीतिरिवाज, चालचलन र परिवेशको सामूहिक नाम नै नेपाली संस्कृति हो। नेपालमा रहेका १२५ जातजाति, जनजातिमध्ये थामी जाति पनि जनजातिभित्र पर्दछ। यसै जातिको सामाजिक, सांस्कृतिक तथा शैक्षिक अवस्थाबारे शोधपत्र सम्बन्धित छ। यस जातिको विविध पक्षबारे थप अध्ययन-अनुसन्धान गर्न अनुसन्धानदाता, अन्वेषकहरूलाई केही मात्रामा भए पनि यस शोधपत्रले सहयोग गर्नेछ। सर्वप्रथम मलाई प्रस्तुत शीर्षकमा शोधकार्य गर्ने अवसर प्रदान गर्ने त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभाग प्रति कृतज्ञता ज्ञापन गर्दछु। यस शोधपत्र तयार गर्ने क्रममा अत्यन्त व्यस्तताका बाबजुद पनि मलाई थुप्रै सल्लाह, सुझाव, प्रेरणा एवं निर्देशन दिई कोरा लेखन अभ्यासलाई परिष्कार र परिमार्जनोन्मुख गराउने श्रद्धेय गुरु तथा शोध निर्देशक प्रा.डा. ज्ञानबहादुर कार्कीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै इतिहास विभागका प्रमुख प्रा.डा. दिलबहादुर क्षत्री, निवर्तमान विभागीय प्रमुख ज्योति भट्टचन, गुरुहरू प्रा.डा. चन्द्रबहादुर थापा, डा. दीर्घमान गरुङ, रश्मी ढेवाजू, वसन्त पराजुली, श्रीराम घिमिरे, राधा भण्डारी र चन्द्रकान्त पौडेल लगायत सम्पूर्ण गुरुवर्गप्रति हार्दिक आभार प्रकट गर्दछु। इतिहास तथा संस्कृति विभागका पूर्व विभागीय प्रमुख स्व. गुणाखर जैसीलाई पनि यस घडीमा म श्रद्धापूर्वक सम्झन चाहन्छु।

यस शोधपत्र तयारीका क्रममा मैले केही विद्वान्‌हरूका पुस्तकहरू तथा लेखरचनाहरूको सहयोग लिएको छु, जसको सहयोगले यो शोधपत्र तयार भएको छ। यस्तै गरी अनेकौं बुद्धिजीवी व्यक्तित्वहरूको अन्तर्वार्ताले पनि मलाई यस शोधपत्र तयार गर्न सजिलो भएको छ। म ती सहयोगी सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस शोधपत्र तयार गर्ने क्रममा आफ्नो घरायसी झन्झट तथा व्यस्तताका बाबजुद

पनि अथक सहयोग पुऱ्याई धैर्यताका साथ सहयोग गर्ने जीवनसङ्गीनी मङ्गलादेवी थामी र छोरीहरू रजनी, रस्मिला, रमिला र रञ्जनाप्रति आभार प्रकट गर्दछु । यस्तै मेरा परिवारजन, आफन्तजन तथा साथीभाइहरूको पनि शोधपत्र तयारीमा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग रहेको छ, म ती समग्र सहयोगीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै यामुनाडाँडास्थित गणेश उच्च मा.वि. का प्रधानाध्यापक, सुनखानीस्थित भूमेश्वरी मा.वि. का प्रधानाध्यापक, सेतीदेवी प्रा.वि. का प्रधानाध्यापक, गा.वि.स. सचिव तथा अन्य ब्यक्तित्वप्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु । स्थलगत अध्ययनमा सहयोग गर्ने पिस्कर गाविसका रविन थामी र शुभलक्ष्मी थामी, धुस्कुन गाविसका जीतबहादुर थामी र कमला थामीसमेत धन्यवादका पात्र हुनुहुन्छ ।

प्रस्तुत शोधपत्रलाई यथाशक्य शुद्धताका साथ बडो मेहनतपूर्वक टाइप गरी समयमै काम पूरा गरिदिनुहुने अमृत कम्प्युटर सर्भिस, न्यूरोड, पोखराका रामबहादुर विश्वकर्मा तथा वन्दना विश्वकर्मालाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रलाई मूल्याङ्कनको लागि इतिहास तथा संस्कृति विभाग पृथ्वीनारायण क्याम्पस पोखरा समक्ष पेश गर्दछु ।

.........................

राजन थामी

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

कक्षा रोल नं. ०५/०६५

परीक्षा रोल नं. ४८००११

त्रि.वि. दर्ता नं. ६-१-२९८-५५-९९

# विषय-सूची


**परिच्छेद : एक - परिचय** **१-१३**

१.१. पृष्ठभूमि १

१.२. समस्याको कथन ४

१.३. अध्ययनको उद्देश्य ४

१.४. अध्ययनको महत्त्व ४

१.५. अध्ययनको सीमा तथा क्षेत्र ५

१.६. पूर्वकार्यको समीक्षा ५

१.७. शोध विधि ११

१.७.१. अध्ययन क्षेत्रको छनौटको औचित्य ११

१.७.२. तथ्याङ्कको स्रोत ११

१.७.२.१. प्राथमिक स्रोत ११

१.७.२.२ द्वितीय स्रोत १२

१.७.३. तथ्याङ्क सङ्कलन विधि १२

१.८. अध्ययनको सङ्गठन १२

**परिच्छेद : दुई - सिन्धुपाल्चोक, नेपाली समाज र थामी जाति** **१४-४३**

२.१ पृष्ठभूमि १४

२.२ सिन्धुपाल्चोक जिल्लामा थामी जातिको आगमन १९

२.३ नेपाली समाजको निर्माण र थामी जाति २५

**परिच्छेद : तीन - सिन्धुपाल्चोक जिल्लाको सुनखानी गाविसका थामी जातिको सामाजिक-सांस्कृतिक अवस्था** **४४-६९**

३.१ पृष्ठभूमि ४४

३.२ जनसंख्या ४४

३.३ परिवारको आकार प्रकार ४६

३.४ पारिवारिक निर्णय प्रक्रियामा महिलाको स्थान ४७

३.५ राजनीतिक तथा संघसंस्थामा आबद्धता ४८

३.६ थामी जातिको अन्य जातिका मानिसहरूसँगको सम्बन्ध ५०

३.७ धार्मिक स्थिति ५१

३.७.१ थामी समुदायका प्रमुख संस्कारहरू ५२

३.७.१.१ जन्म संस्कार ५३

३.७.१.२ न्वारन ५४

३.७.१.३ छेवर ५४

३.७.१.४ विवाह ५५

३.७.१.५ मृत्यु संस्कार ५७

३.८ भेषभूषा र खानपान ५९

३.९ थामी जातिका विशेष पूजाआजा तथा चाडपर्व ६०

३.९.१ धान्य पूर्णिमा ६१

३.९.२ बैशाख पूर्णिमा ६४

३.९.३ भूमेपूजा ६५

**परिच्छेद : चार - सिन्धुपाल्चोक जिल्लाको सुनखानीका थामी जातिको शैक्षिक अवस्था** **७०-८७**

४.१ पृष्ठभूमि ७०

४.२ सुनखानी गाविसको शैक्षिक अवस्था ७२

४.३ थामी जातिको शैक्षिक स्थिति ७६

**परिच्छेद : पाँच - निष्कर्ष** **८८-९०**

**सन्दर्भ सामग्री** **९२-९७**

परिशिष्ट नं.-१ नेपालमा बसोबास गर्ने जनजातिहरूको जनसंख्या ९८-१००

परिशिष्ट नं.-२ नेपालमा बोलिने भाषाहरू र तिनका संख्या १०१-१०३

परिशिष्ट नं.-३ प्रश्नावलीको नमूना १०४-१०५

परिशिष्ट नं.-४ सुनखानी थामी समाजका वर्तमान कार्यसमितिका पदाधिकारीहरू १०६

# परिच्छेद : एक

# परिचय

## १.१. पृष्ठभूमि

विश्व मानचित्रमा नेपालको भौगोलिक अवस्थिति २६°२२' उत्तरी अक्षांशदेखि ३०°२७' उत्तरी अक्षांश र ८०°४' देखि ८८°१२' पूर्वी देशान्तरसम्म फैलिएको छ। नेपालको पूर्व-पश्चिम लम्बाइ ८८५ कि.मि. र उत्तर दक्षिण चौडाई १९३ कि.मि. छ। एसियाका दुई ठूला राष्ट्रहरू चीन र भारतको बीचमा अवस्थित नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. रहेको छ (के.सी., २०५९:१)। विश्वमा नेपाल एक अत्यन्तै प्राचीन देश हो। प्रागैतिहासिक कालदेखि नै नेपालमा मानिसहरूको बसोबास भएको देखिन्छ भने प्राचीनकालदेखि नै नेपालमा आर्य र मङ्गोल दुवै समुदायका मानिसहरूको प्रवेश भएको पाइन्छ (उप्रेती र थापा, २०५३:१)। इतिहासको उषाकालदेखि नै नेपाली समाजको निर्माण भएको हो। यस भूमिमा अनेकौं जातिका मानिसहरूको अवशेष रहेको भए तापनि मूलतः नेपाली समाज आर्य तथा मङ्गोल मूलका मानिसहरूको समूहबाट निर्माण भएको हो (कार्की, २०६६:३१)।

आदिम युगदेखि नै मानवको बसोबास भएको प्रमाणित भइसकेको नेपाल प्राचीन समयदेखि नै विविध जातजातिका मानिसहरूको सुरक्षित स्थलका रूपमा रहन पुग्यो। तराईको घना जङ्गल, प्रचण्ड धूप तथा हिंस्रक जनावरहरूको अनि रोगको प्रकोपको भय तथा उत्तरतर्फ गगनचुम्बी प्राकृतिक पहरेदारका रूपमा युगौंदेखि उभिइरहेका हिमशृङ्खलाद्वारा परिवेष्ठित यस क्षेत्र मनमोहक तथा सुरक्षित भएको हुनाले विभिन्न समयमा छिमेकी राष्ट्रहरू चीन, तिब्बतबाट मङ्गोल मूलका मानिसहरू र भारतबाट आर्य मूलका मानिसहरू नेपाल आई स्थायी रूपमा बसोबास गर्न थाले मात्र होइन शासकहरू पनि त्यसरी नै रहे। नेपालमा शासन गर्ने गोपाल, महिषपाल, किरात, लिच्छवि, मल्ल तथा शाहवंशीय शासकहरू बाहिरबाटै आएका हुन्। यसरी शासकदेखि जनतासम्म अनेकौं जातजातिहरूको संगमस्थलका रूपमा विकसित नेपालमा २०६८ सालको जनगणनानुसार १२५ जातजातिका मानिसहरूको बसोबास रहेको छ।

नेपाली समाजको बनावटलाई हेर्ने हो भने विभिन्न पेशा, वर्ण, धर्म, भाषा र जातजातिका मानिसहरू मिलेर निर्माण भएको पाउन सकिन्छ। नेपालीहरूमा भातृत्वको भावना, धार्मिक सहिष्णुता, अनेकतामा एकताको भावना, अतिथिलाई देवतासमान मान्ने भावना आदि जस्ता विशेषता विद्यमान रहेको र आपसी सहयोग र सद्भावलाई मान्यता दिने गुण भएकाले नेपाली समाज एक आदर्श प्रकारको समाजका रूपमा मानिन्छ। जातिगत, भाषागत, संस्कारगत र धार्मिक विषयवस्तुलाई लिएर हालसम्म यहाँ विशेष उथलपुथल र झैझगडा भएका घटनाहरू घटेका उदाहरणहरू छैनन् (दाहाल र खतिवडा, २०५७:१-२) । नेपालमा हिन्दू, बौद्ध, मुस्लिम, इसाई, जैन, किराती आदि धर्मावलम्बीहरू आ-आफ्ना धर्म-संस्कृति निर्वाध रूपले मानिरहेका छन् । विशेषतः २०४६ सालको जनआन्दोलन अर्थात् निरङ्कुश राजतन्त्रकालको अन्त्यपश्चात् नेपाली समाजमा आ-आफ्ना भाषा, संस्कृति, धर्म, वेशभूषा आदिको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिँदै आएको पाइन्छ (कार्की, २०६८:१२) र नेपाली समाज सहअस्तित्व र भातृत्वको भावनाले युगौंदेखि परस्परमा बाँधिदै आएको छ ।

नेपाल सानो देश भए तापनि यो बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक भएको सुन्दर, शान्त देश हो । परापूर्वकालदेखि सप्तरङ्गी फूल एउटै मालामा सुसज्जित भए जस्तै यहाँका अनेकौं जातजातिहरूमा अनेकताभित्र 'एकता' र विविधताभित्र 'एकरूपता' कायम हुँदै आएको छ। जुनसुकै जाति, जनजाति, दलित र उत्पीडित तथा कालो-गोरो वा जुनसुकै वर्ण र क्षेत्रका भए पनि ती सबैका नसामा नेपाली रगत बग्दछ। नेपालमा एकसय पच्चीसभन्दा बढी जाति-जनजाति छन्। सबै जातजाति/जनजाति वर्षौंदेखि कुनै जातीय, क्षत्रीय विद्वेष नराखी मिलेर बसेका छन्। विश्वमै सामाजिक सद्भाव र सहिष्णु चरित्र बोकेको समाज भनेर नेपाली समाज चिनिन्छ।

नेपाल अनेक जातजाति, भाषाभाषी, धर्म-संस्कृति र सम्प्रदायले मिलेर बस्दै आएको 'इन्द्रधनुषी' मुलुक हो। आफ्नो जातीय पहिचान जोगाउनु सबै जातजाति, जनजातिको कर्तव्य र धर्म हो। नेपाल मूलतः अल्पसंख्यकहरूको मुलुक हो। नेपालको पहिचान र सुन्दरता नै यहाँको बहुजातीय, बहुसांस्कृतिक, बहुधार्मिक विविधता र त्यसलाई मजबुत पार्ने एकता हो। थरीथरी जात र सम्प्रदायका मानिसहरू उनीहरूका अनेकौं थरी संस्कृति, भाषा, वेशभूषा, परम्परा तथा संस्कारहरूले यो राष्ट्रलाई सजाएका छन्। ईश्वरले नेपाललाई यी सबै आभूषणहरूले सुसज्जित गरेको छ (खरेल, २०६९:७)।

नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को दफा २ मा सूचीकृत ५९ जनजातिहरूमध्ये थामी जाति पनि एक हो (जि.वि.स., २०६७:४२)। नेपाललाई चार वर्ण छत्तीस जातको साझा फूलबारीको रूपमा पृथ्वीनारायण शाहले चित्रण गरेका थिए। तर अहिले यस फूलबारीमा २०६८ को जनगणना अनुसार एकसय पच्चीस भन्दा बढी फूलहरू फुलिरहेका छन् मात्र होइन, फक्रिरहेका पनि छन्। यस फूलबारीमा विभिन्न जातजातिका मानिसहरूको बसोबास छ। ती मध्ये थामी जातिको आफ्नै भाषा, संस्कृति, रहनसहन, परम्परा र पहिचानहरू छन्, जसले गर्दा थामी जातिको छुट्टै अस्तित्व एवं परिचय पाइन्छ।

नेपाली समाजको यो बहुजातीय फूलबारीभित्र अल्पसंख्यक र अति सीमान्तकृत समूहमा पर्ने थामी जाति (जनजाति वर्गीकरण कार्यदल, २०६०) नेपाल अधिराज्यको पाँचवटै विकास क्षेत्रका चौधवटै अञ्चल र ५६ जिल्लामा अल्पसङ्ख्यकको रूपमा बसोबास गरेका छन्। राष्ट्रिय जनगणना २०६८ अनुसार थामीहरूको कुल जनसङ्ख्या २८६७१ रहेको छ। यिनीहरूको जनसंख्या सिन्धुपाल्चोक जिल्लामा ३६७१ रहेको छ (सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र-२०६७:२३४-२३९) भने सुनखानी गा.वि.स.मा मात्र १६५ रहेको छ (स्थलगत अध्ययन)। थामीहरू भोट-बर्मेली समूहको भाषा बोल्छन् र हिन्दू तथा बौद्ध दुवै धर्ममा विश्वास गर्दछन् अर्थात् दुवै धर्म अवलम्बन गर्दछन् (Shneiderman, 2009:2). थामी जातिमा मङ्गोलियन विशेषता रहेको पाइन्छ। थामी परिवार पनि पितृसत्तात्मक परिवार हो। सोझा तथा मिलनसार प्रवृत्तिका थामीहरू परिश्रमी र लगनशील जातिका रूपमा चिनिन्छन्।

थामीहरूको विवाह आफ्नै जातिभित्र भए पनि सगोत्रभित्र हुँदैन। थामीहरूको परम्परागत व्यवसाय कृषि, पशुपालन, निगालो र बाँसका विभिन्न घरायसी सामानहरू निर्माण गर्नु, डकर्मी, सिकर्मीको काम गर्नु आदि मुख्य हुन्। थामीहरू दशैं, तिहार, माघेसंक्रान्ति, साउनेसंक्रान्ति, वैशाखपूर्णिमा, धान्यपूर्णिमा, कुलपूजा, भूमेपूजा, चैतेदशैं आदि चाडपर्वहरू धुमधामका साथ मनाउँछन्।

बागमती अञ्चलको सिन्धुपाल्चोक जिल्लामा पनि थामीहरूको बसोबास रहेको छ। यस जिल्लाका १६ वटा गा.वि.स. हरूमा थामी जातिको बसोबास रहेको छ (जि.वि.स. पार्श्वचित्र, २०६७:२३४-२३९)। ती गा.वि.स. मध्ये सुनखानी गा.वि.स. पनि थामी जातिको बसोबास भएको एउटा गा.वि.स. हो। यसै गा.वि.स. मा बसोबास गर्ने थामी जातिको सामाजिक, सांस्कृतिक तथा शैक्षिक अवस्थाको सङ्क्षिप्त अध्ययन यहाँ गरिएको छ।

## १.२. समस्याको कथन

नेपाल एक बहुजातीय मुलुकका रूपमा विद्यमान छ । यही बहुजातीय घेराभित्र अति सीमान्तकृत समूहमा नेपालका १४ वटै अञ्चलमा अल्पसङ्ख्यामा थामी जातिका मानिसहरू छरिएर रहेका छन् । थामी जातिको परम्परा कस्तो छ ? सिन्धुपाल्चोकस्थित सुनखानी गा.वि.स. मा थामीहरू कहिले र कहाँबाट आएर बसोबास गर्न थाले ? यस गा.वि.स. मा थामीहरूको सामाजिक, सांस्कृतिक एवं शैक्षिक स्थिति कस्तो छ ? थामीहरूले मुख्यतया कुन कुन चाडपर्व मनाउँछन् ? उनीहरूले परम्परादेखि मान्दै आएको संस्कृति कस्तो छ ? आदि विषयहरूलाई प्रामाणिक स्रोतहरूका आधारमा खोज-अनुसन्धान गरी प्रस्तुत गर्नु नै यस अध्ययनको समस्या कथन रहेको छ ।

## १.३. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) सिन्धुपाल्चोक जिल्ला सुनखानी गा.वि.स. मा बसोबास गरिरहेका थामी जातिको ऐतिहासिकता बारे चिनारी दिनु ।

(ख) सुनखानी गा.वि.स.का थामी जातिको सामाजिक-सांस्कृतिक अवस्थाको चित्रण गर्नु ।

(ग) सुनखानीका थामी जातिको शैक्षिक अवस्थाको बारेमा प्रकाश पार्नु ।

## १.४. अध्ययनको महत्त्व

यस शोध अनुसन्धानको महत्व यस प्रकारको रहेको छ :

(क) यस अध्ययनबाट थामी जातिको सामाजिक क्रियाकलाप, आर्थिक अवस्था र सांस्कृतिक रीतिस्थितिको जानकारी लिन ।

(ख) थामी जातिको हित र कल्याणार्थ खोलिएका विभिन्न सरकारी एवं गैरसरकारी संस्थालाई थामी जातिको अध्ययन र वास्तविक जीवनस्थिति केही मात्रमा बुझ्न सहयोग पुग्न ।

(ग) थामी जातिको बारेमा जिज्ञासा राख्ने विभिन्न जिज्ञासुहरूलाई यसले सहयोग पुऱ्याउनुका साथै थामी जातिका बारेमा हुने भावी अनुसन्धानमा यो अध्ययन एक सहयोगी बन्ने आशा गर्न सकिन्छ भने थामी जातिको बारेमा गरिएको

यस अध्ययनले नेपालको जातीय इतिहासमा एक इँटा थप्ने विश्वास गर्न सकिन्छ ।

## १.५. अध्ययनको सीमा तथा क्षेत्र

यस अध्ययनमा सबै जातजाति, जनजाति, भाषाभाषीको अवस्थाको साथै देशभरका सबै थामी जातिको अध्ययन सम्भव नभएकाले बागमती अञ्चल, सिन्धुपाल्चोक जिल्लाको सुनखानी गा.वि.स. का थामी जातिको सामाजिक-सांस्कृतिक अवस्था तथा शैक्षिक अवस्थाको मात्र अध्ययन गरिएको छ । यसले केही हदसम्म सम्पूर्ण थामी जातिको संस्कार, धर्म र संस्कृतिको पनि प्रतिनिधित्व गरेको छ । यही सीमाभित्र नै यस अध्ययनलाई सीमित गरिएको छ ।

## १.६. पूर्वकार्यको समीक्षा

थामी जातिका बारेमा गहन अध्ययन र अनुसन्धान भएको छैन तर पनि केही विद्वान्हरूले थामी जातिका बारेमा धेरथोर कलम चलाउने काम गरेका छन्, जो निम्नानुसार छन् :

**१. शर्मा जनकलाल (२०५८), हाम्रो समाज एक अध्ययन काठमाडौँः साझा प्रकाशन ।**

जनकलाल शर्माले हाम्रो समाज एक अध्ययन नामक ग्रन्थमा मानवविकास, जातिवाद र प्रजातिवाद, धर्म, विज्ञान लोकआख्यान, लोककथा, विभिन्न जाति समुदायहरूको खोजीनीति र नालीबेलीको विश्लेषण गरेका छन् । उनले मानव विकासको सन्दर्भमा, नेपाली समाजको जातिवादका सन्दर्भमा र नेपाली समाजको प्रजातिवादको सन्दर्भमा तथा विश्लेषण गर्नुका साथै नेपाली समाज र त्यसको विवेचना, नेपालका गुरुङ जाति र तिनको विवेचना, नेपालका मगर जाति, नेपालका किराँतजाति, नेपालको नेवारी समाज, नेपालको तामाङ समाज, नेपालको शेर्पा समुदायको बारेमा उल्लेख गर्नुका साथै थामी जातिको बारेमा पनि केही मात्रामा उल्लेख गरेका छन् । उनले पूर्वी नेपालको दोलखा जिल्लामा थामीहरूको बसोबास भएको बताउँदै अरू समुदाय भन्दा थामी समुदायको संख्या थोरै रहेकोले पहिले थामीलाई सुनुवार जस्तै बोली बोल्ने भएकोले सुनुवारको उपसमूहमा राखेका भए तापनि पछि जर्ज ग्रियर्सनले थामीलाई सुनुवारबाट छुट्याएर राखे भन्दै उनले थामीको बोली

सुनुवारसित होइन धिमाल, याखा र लिम्बुसित केही मात्रामा मिल्दछ भनेका छन्। उले थामीको बोली कही मात्रामा तिब्बतीसित पनि मिल्छ र थामीहरू खुम्बुकै उपसमूहमा पर्न सक्तछन् भनेर उल्लेख गरेका छन्।

२. **भट्टराई, ज्ञानेश्वर** (२०५९/२०६०), **बृहत ज्ञानकोश, काठमाडौं : आशिष पुस्तक भण्डार।**

ज्ञानेश्वर भट्टराईले बृहत् ज्ञानकोश (सामान्य ज्ञान र सामाजिक अध्ययन) पुस्तकमा इतिहास मानवशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, भूगोल, कला, साहित्य, धर्म, खेलकुद, वनस्पति, जलवायु, ब्रह्माण्ड आदिको बारेमा उल्लेख गरेका छन्। उनले उक्त पुस्तकमा नेपालमा बसोबास गर्ने आदिवासी जनजातिको पनि उल्लेख गरेका छन्। थामी जातिको बारेमा पनि उनले केही मात्रामा जानकारी दिएका छन्। दोलखा जिल्लाका केही गा.वि.स.हरू र भीमेश्वर नगरपालिका र सिन्धुपाल्चोक, रामेछाप जिल्लासमेत गरी ३०,००० को सङ्ख्यामा रहेका थामी जाति नेपालको अल्पसंख्यक आदिवासी जाति मानिने कुरा उल्लेख गरेका छन्। जतिसुकै समस्या परे पनि आफ्नो पैतृक सम्पत्ति अरूलाई नदिई आफूसँगै थामिइराख्ने तथा आफ्नो पैतृकस्थललाई नछोडी त्यहीँ थामिइरहने हुँदा यो जाति थामी कहलिएको हो भन्ने कथन राख्दै थामी जातिको परम्परागत पोशाक, भाषा, चाडपर्व, छोराछोरी जन्मेपछि गरिने न्वारन, नामकरण, विवाहका प्रकार, मृत्युसंस्कार, आर्थिक स्थिति, थामी समाज आदिका बारेमा समेत उनले सङ्क्षिप्त रूपमा उल्लेख गरेका छन्।

३. **शर्मा, नगेन्द्र** (२०५२), **नेपाली जनजीवन, काठमाडौं : साझा प्रकाशन।**

नगेन्द्र शर्माले 'नेपाली जनजीवन' नामक पुस्तकमा नेपालमा बसोबास गर्ने केही व्यावसायिक जातहरूको वर्णन गर्नुका साथै ३७ वटा आदिवासी जनजातिको संक्षिप्त रूपमा परिचय दिएका छन्। ती मध्ये थामी जातिको पनि उत्पत्ति रहनसहन, भाषा, भेषभूषा, खानपानको बारेमा संक्षिप्त रूपमा वर्णन गरेका छन्। नेपालको रामेछाप र सिन्धुली जिल्लाका केही भागमा मात्र धेरैजसो थामीहरू पाइए तापनि दार्जिलिङ आदि ठाउँमा वर्षेनी ठूलो सङ्ख्यामा गई विशेष गरेर भारी बोक्ने, जङ्गल फाँड्ने, आरा काट्ने आदि कामहरू गर्नमा नाम कमाएका थामीहरूलाई एक अल्पसंख्यक र पछौटे जातिमा गन्न सकिने उल्लेख गर्दै "तामाङ र थामीहरूलाई एकै वर्गमा गणना गर्ने प्रचलन पनि देखिन्छ, तर यो उति तर्कसङ्गत छैन" भनी नगेन्द्र शर्माले टिप्पणी गरेका छन्। उनले थामी जातिको उत्पत्तिका बारेमा एउटा

किंवदन्ती पनि प्रस्तुत गरेका छन्, जसअनुसार सर्वप्रथम सिमाङ्घाट (सिम्रनगढ) बाट एक जोडी यापती छुकु र सोनारी आजी भन्ने मानिस ठिमीमा आई बसेका थिए रे । तिनीहरूका धेरै छोराहरूमध्ये एक भाइ पूर्वतर्फ गएर राई-लिम्बुको पुर्खा भयो रे पछि उक्त भाइ फर्केर आई 'पर्वतै फर्केर जग्गा जमीन पाइन्छ, उहीँ जाउँ" भनेर आफ्ना अरू दाजुभाइहरूलाई भन्दा ती दाजुभाइहरूले "तिमी जाऊ हामी यहीँ थामिन्छौं" भनी जवाफ दिएका हुनाले तिनीहरूको नाउ 'थामी' भएको हो भन्ने छ तर यो विश्वासयोग्य छैन भनेर उल्लेख गरेका छन् । थामी जातिको परम्पराअनुसार सुँगुर छुन हुँदैन । छोएमा भूमे देवता लागि अङ्गभङ्ग हुन्छ भन्ने भनाइ हुँदा थामी जातिले साधारणतया सुँगुर पाल्ने र छुने गर्दैनन् भनेर उल्लेख गरेका छन् । यसरी थामी जातिका बारेमा सङ्क्षेपमा जानकारी दिने काम उनले गरेका छन् ।

४. **थामी, कुम्भलाल (२०६१), "थामी जातिको उत्पत्ति र विवरण", थामी समुदायको ऐतिहासिक चिनारी र संस्कार संस्कृति ।**

कुम्भलाल थामीले थामीहरू प्राचीन समयदेखिकै एक आदिवासी हुन् भनी उल्लेख गर्दै थामी जातिको उत्पत्ति कसरी भयो भन्ने प्रसङ्ग महाभारत कथामा लगेर जोडेका छन् । दोलखाको प्रसिद्ध मन्दिर भीमेश्वरको स्थापनाकाल सँगसँगै थामी जातिको उत्पत्ति भएको कुरा उल्लेख गरेका छन् । थामी जाति किराती वंशकै एक उपसमूह थिए भन्ने कुरा उनले उल्लेख गरेका छन्- किरातीहरू देवालयहरूलाई मन्दिर नभनी थान भन्दछन् । सदैव थानमै रही नित्य पूजा गर्ने मानिसलाई किरातीहरू थानमी (पुजारी) भन्ने गर्दथे । यसै थानी शब्दलाई आजका यस समुदायले विकृत पारी थाङ्मी भन्ने गरेका हुन् । शुद्धमा थानमी नै बोलीचालीमा थाङ्मी भएको हो । जसको अपभ्रंश 'थामी' भयो । यो शब्द खस भाषाबाट नभई किराती वंशबाट आएको शब्द हो भनी उल्लेख गर्दै कुनै पनि थामी जातिको कर्मकाण्ड गर्दा आफ्नै वेदको मन्त्र मुन्धुम फलाक्नु, कर्मकाण्ड गर्दा आफ्नै स्वजातका पुरेत प्रयोग गर्नु, कुनै पनि महत्वपूर्ण अनुष्ठान गर्दा किरातीसरह आफ्नो चुल्होकै वरिपरि गर्नु । यी यस्ता चलनले गर्दा थामी जाति किरात वंशबाटै छुट्टिएको एक समूह हो भन्ने कुरा स्पष्ट हुने सन्दर्भलाई उनले उल्लेख गरेका छन् ।

**५.	विष्ट, डोरबहादुर (२०५५), सबै जातको फूलबारी, काठमाडौंः साझा प्रकाशन ।**

डोरबहादुर विष्टले आफ्नो पुस्तक 'सबै जातको फूलबारी' मा हामी करोडौं नेपाली अनेक थरीका भाषा बोल्छौं, अनेक थरीका धर्म मान्छौं, अनेक थरीका चाडपर्व र जात्रा मनाउँछौ तर हौँ हामी सबै नेपाली भनेका छन् । यस्तै एकै प्राण, एकै स्वार्थ, उन्नतिको बाटोमा एउटै मेलो एउटै होस्टे हैंसे । अनि हामीलाई हाम्रो देश नेपाल अति प्यारो लाग्छ । हामी यसलाई बिर्सन खोजे पनि सक्दैनौं । हामीलाई हाम्रै देशको वनजङ्गल, हाम्रै मधेशको फाँट, भीर पहरा, हाम्रै लेकबेसी र हाम्रै हिमाली पाखापखेरा मनपर्छ । नेपाल नरहे नेपाली रहन्न । नेपाल हाम्रो शरीर हो । हामी नेपाली यसका प्राण हौं । हामीले सास फेरेसम्म यो बाँचिरहन्छ । हामी मरे यो मर्छ । यसैले हामी सबै नेपाली एउटै धुकधुकी र एउटै प्राण भएर बाँच्नुपर्छ भनेका छन् । यहाँ ठूलो-सानो भन्ने अशिष्ट परम्परा रहनु हुँदैन । नेपाली जातिको पुरानो परम्परामा ठूलो-सानो छुट्याउने प्रथा कतै छँदा पनि छैन भन्ने जस्ता सन्देश उक्त पुस्तकमा उल्लेख गरेका छन् । उनले उक्त पुस्तकमा विभिन्न २७ जातका बारेमा संक्षिप्त रूपमा परिचय दिने काम गरेका छन् । केही मात्रामा भए पनि थामी जातिको संस्कृतिको बारेमा उनले उक्त पुस्तकमा छोटो चर्चा गरेको पाइन्छ । थामी जातिहरूको संस्कृतिमा केटा र केटीले लोग्नेस्वास्नी भएर बसेको जति वर्ष भए पनि र छोराछोरी जतिवटा जन्मिसकेको भए पनि बिहेको एउटा विधि र गाउँले इष्टमित्रलाई भोज खुवाउने काम पूरा नभई यो सम्बन्ध पाको मानिदैन भन्दै दाजुभाइ, छरछिमेकबाट पनि त्यो सम्बन्ध सामाजिक र कानुनी मान्यता पाएको हुँदैन भनेर उनले उल्लेख गरेका छन् ।

**६.	कार्की, राजकुमार, "आदिम जनजीवन बिताउँदै छन् सिन्धुलीका थामीहरू", स्पेश टाइम राष्ट्रिय दैनिक, २०५८ जेठ ८ गते सोमबार ।**

राजकुमार कार्कीले सिन्धुली जिल्लाको महादेवस्थान गा.वि.स. को महेश्वता खोलाको शिरमा करिब एक सय जनसङ्ख्या रहेका थामीहरूको जीवनशैली, रहनसहन, चेतनाका बारेमा उल्लेख गरेका छन् । आफ्ना पुर्खा हिममानव 'यती' रहेको, आफूहरू मकवानपुरका सेनवंशी राजालाई पृथ्वीनारायण शाहले पराजित गरेपछि सिन्धुलीको यस ठाउँमा आएको कुरा थामीहरूले बताउँछन् भन्ने कुरा उनले उल्लेख गरेका छन् । यस्तै उनीहरूमा अशिक्षा र गरिबीले पिल्सिएका तथा यिनीहरूमा शिक्षाको अत्यन्तै कमी भएको कुरा उनले उल्लेख गरेका छन् । लोप हुन लागेका थामी जातिको संरक्षणका लागि कुनै पनि क्षेत्रबाट कार्यक्रम नबनेको र यस प्रकारको कार्यक्रमको आवश्यक रहेको कुरा उल्लेख गरेका छन् ।

७. **गगन राष्ट्रिय दैनिक** (पोखरा), **"परम्परा र संस्कृतिका धनी थामी जाति लोप हुने स्थितिमा", २०५८ माघ ९ गते मंगलबार ।**

यसमा इलाम जिल्लाका केही गा.वि.स. हरू र इलाम नगरपालिकामा छिटपुट रूपमा रहेका र नेपाल अधिराज्यभर करिब २५,००० जनसङ्ख्या रहेको अनुमान गरिएका थामी जाति हिन्दू तथा बौद्ध धर्म मान्ने आर्थिक रूपमा पछाडि नै रहेका विशेषतः कृषिमा आश्रित भएका आफ्नै परम्परा र संस्कृतिका धनी थामी जाति बिस्तारै लोप हुने स्थितिमा रहेका छन् भनेर उल्लेख भएको पाइन्छ । साथै यसमा थामी जातिको जन्मदेखि मृत्युसम्म गरिने विभिन्न संस्कारहरू जस्तै जन्म, न्वारन, छेवर, विवाह, मृत्यु आदिको बारेमा पनि उल्लेख भएको छ । अन्य जातिहरूभन्दा तुलनात्मक रूपमा न्यून सङ्ख्या भए पनि अनौठो संस्कृतिका धनी यिनीहरूको परम्परा लोप हुन नदिन संरक्षणका कार्य थालिनु आवश्यक छ भनेर यस पत्रिकामा उल्लेख गरिएको छ । यो पनि थामी जातिका बारेमा जानकारी दिने एक लेखका रूपमा लिन सकिन्छ ।

8. **Shneiderman, Sara Beth (2009), Rituals of Ethnicity: Migration, Mixture, and the Making of Thangmi Identity across Himalayan Borders, London, Cornell University.**

सारा बेथ (Sara Beth) ले हिमाली भेगमा बसोबास गर्ने थामी जाति (Himalayan Ethnic Group) को जनसङ्ख्या लगभग ४०,००० हुन सक्ने उल्लेख गर्दै थामीहरू तिब्बती बर्मेली भाषा बोल्छन्, आफ्नो सम्पूर्ण जन्मदेखि मृत्युसम्मको कार्य आफ्नै जातिको पुरेतबाट गर्ने गर्छन्, हिन्दू र बौद्ध दुवै धर्म अवलम्बन गर्दछन्, नेपालको दोलखा र सिन्धुपाल्चोक जिल्लामा उनीहरूको अरू ठाउँको भन्दा बढी बस्ती छ भन्दै भारतको पशिचम बंगाल राज्यको दार्जिलिङ, सिलगुढी, आसाम, सिक्किम र अन्य छिमेकी राष्ट्रहरू चीन र भुटानमा पनि थामी जाति रहेको कुरा उल्लेख गरेका छन् । थामीहरू राई, गुरुङ, मगरजस्तो सेनामा काम नगरी दैनिक ज्यालामा काम गर्न नेपालबाट दार्जिलिङ, सिक्किम, आसाम र भुटानसम्म ठूलो फौजका साथ बसाई सरे जस्तै गरी काम गर्न जाने प्रसङ्ग उल्लेख गर्दै प्राचीन कालको दोलखाका राजाहरू क्रमशः 'स्यूस्यू राजा स्यूस्यू रानी थामी, हाई हाई राजा हाई हाई रानी किराँत, गोल्मा राजा गोल्मा रानी तामाङ, खाण्डु राजा खाण्डु रानी नेवार थिए' भन्ने कुरा पनि उनले उल्लेख गरेका छन् । उनले थामी समुदायले मनाउने मुख्य कुल देवता 'भुम्या' हो । जसलाई भूमेश्वरको नामले एक वर्षमा दुई पटक पूजा गर्ने गर्छन् । देवीकोट

थामीहरूको नारीपूजा आदिका बारेमा पनि उनले उल्लेख गरेका छन् । यसरी थामी जातिका बारेमा जानकारी दिने यो एक महत्वपूर्ण सामग्रीका रूपमा लिन सकिन्छ ।

यसरी सरसर्ती हेर्दा थामी जातिका बारेमा विभिन्न विद्वान्हरूले थेरथोर कलम चलाएको पाइन्छ । यति हुँदाहुँदै पनि सिन्धुपाल्चोकस्थित सुनखानी गा.वि.स. का थामीहरूका बारेमा भने कुनै अध्ययन नभएको हुनाले यस अध्ययनमा त्यहाँका थामी जातिको ऐतिहासिकता, सामाजिक-सांस्कृतिक तथा शैक्षिक स्थितिलाई केलाउने प्रयास गरिएको छ ।

विभिन्न विद्वान्हरूले नेपालको सामाजिक इतिहास लेखेको पाइन्छ । जसमा नेपाली समाजका अनेकौं जातिहरूका बारेमा उल्लेख गरिएको पाइन्छ तर पनि तिनीहरूमा थामी जातिको बारेमा उल्लेख गरिएको भने पाइँदैन, जो निम्नानुसार छन्-

(क) प्रेमकुमार खत्री र पेशल दाहालले आधुनिक नेपालको सामाजिक इतिहास पुस्तक (२०५३) मा आधुनिक नेपाली समाजको परिचय, नेपाली समाजको विविधतापूर्ण स्वरूप, आधुनिक नेपाली समाजको बनोट, सामाजिक बनोटका आधारहरू, आधुनिक समाज बर्गीकरणका मुख्य आधारहरू नेपाली समाजमा परिवारप्रथा, भेषभूषा, खानपान, शिक्षा व्यवस्था, सांस्कृतिक जीवन, सामाजिक कुरीतिहरू र सुधारकार्यहरूको बारेमा उल्लेख गरेका छन् तर थामी जातिको बारेमा कतै उल्लेख गरिएको पाइँदैन ।

(क) प्रेमकुमार खत्रीले नेपाली समाज र संस्कृति (२०५७) नामक पुस्तकमा केही धार्मिक मतहरूको इतिहास, प्राचीन मध्यकालिन नेपालको सामाजिक र आर्थिक अवस्था, हिन्दु समाजमा प्रचलित केही महत्वपूर्ण संस्कारहरू, नेपाली कला, छिमेकीहरूसित नेपालको सांस्कृतिक सम्बन्ध आदिको बारेमा उल्लेख गरेका छन् । बिशेषगरी संस्कृतिको बारेमा उल्लेख गरे तापनि नेपालमा बसोबास गर्ने सम्पूर्ण जातजातिको संस्कृतिको उल्लेख गरिएको पाइँदैन ।

(ग) ज्ञानबहादुर कार्कीले नेपालमा जातपात तथा छुवाछूतको इतिहास (२०६८) पुस्तकमा नेपाली समाजको निर्माण, नेपालको जनसंख्यात्मक विवरण, नेपाली समाजमा हिन्दु वर्णव्यवस्था वर्णभेद एवं छुवाछूत, जाति उत्पति तथा जातपातसम्बन्धी केही अवधारणाहरू, नेपाली समाजमा जातीय भेदभाव, दलित जातिभित्रको आन्तरिक भेदभाव तथा छुवाछूत, जातीय भेदभाव तथा छुवाछुट प्रथाले जन्माएको पीडा, अनुभूति र चुनौती, नेपालमा जातीय भेदभावका बिरुद्धमा चालिएका कदमहरूको

बारेमा उल्लेख गरेका छन् । यसमा थामी जातिका बारेमा भने उल्लेख गरिएको छैन । यी बाहेक पनि अनेकौं विद्वान्हरूले नेपालको सामाजिक इतिहासमा कलम चलाएको पाइन्छ ।

## १.७. शोधविधि

प्रस्तुत अध्ययन निम्न विधि अवलम्बन गरी तयार गरिएको छ :

### १.७.१. अध्ययन क्षेत्रको छनौटको औचित्य

यो अध्ययनका लागि मध्यमाञ्चल विकास क्षेत्रको बागमती अञ्चलमा पर्ने सिन्धुपाल्चोक जिल्लाको सुनखानी गा.वि.स. लाई 'अध्ययन क्षेत्र' छनौट गरिएको छ । यस क्षेत्रमा थामी समुदायलाई नै अध्ययनका लागि छनौट गर्नुको औचित्य यस प्रकार रहेको छ ।

(क) शोधकर्ता अध्ययन क्षेत्रको स्थायी बासिन्दा हुनाले र अहिलेसम्म यस क्षेत्रका थामी जातिको सामाजिक, सांस्कृतिक, राजनीतिक अवस्थाका बारेमा अध्ययन भएकाले हुनाले ।

(ख) वर्तमानसम्म यस गा.वि.स. का थामी जातिका बारेमा कसैले अध्ययन नगरेको हुनाले ।

(ग) थामी जातिको अध्ययन अनुसन्धान गरी जनसमक्ष ल्याउने तीव्र इच्छा भएकाले ।

### १.७.२ तथ्याङ्कको स्रोत

सिन्धुपाल्चोक जिल्लाको सुनखानी गा.वि.स.मा बसोबास गर्ने कूल ३६ घरधुरी थामीहरूको रहेको छ । यिनै ३६ घरधुरी नै अध्ययनको समग्र स्रोतका रूपमा रहेका छन् । यसमा कुनै नमुना छनौट गरिएको छैन । अध्ययनको क्रममा ३६ वटै घरका मानिसहरूबाट आवश्यक तथ्याङ्क सङ्कलन गरी प्रकाश पारिएको छ । साथै थामी जातिका बारेमा जानकार विज्ञहरूसँग पनि आवश्यक स्रोत लिइएको छ ।

#### १.७.२.१ प्राथमिक स्रोत

यस अन्तर्गत अध्ययनकर्ता स्वयं उपस्थित भई उत्तरदाताहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लिने तथा विशेष विज्ञ व्यक्तिसँगको अन्तर्वार्ता तथा अवलोकन गरी अध्ययनका लागि

आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ। थामी जातिको सामाजिक, सांस्कृतिक तथा शैक्षिक अवस्था जस्ता विविध पक्षहरूसँग सम्बन्धित तथ्यहरू प्राथमिक तथ्याङ्कको रूपमा सङ्कलन गरिएको छ।

**१.७.२.२ द्वितीय स्रोत**

यस शोधपत्र तयार पार्नका लागि द्वितीय स्रोतबाट पनि विभिन्न तथ्याङ्कहरू लिइएको छ। यस अन्तर्गत विभिन्न संघ-संस्थामा रहेका अभिलेख र मुख्य गरी थामी समुदायसँग सम्बन्धित पुस्तक, पुस्तकालय पत्रपत्रिकाको सहयोग लिइएको छ। त्यसका अलावा सम्बन्धित जिल्ला वा गा.वि.स. मा उपलब्ध हुने सामग्री र विभिन्न शोधपत्रको समेत अध्ययन गरी वा सहयोग लिई शोधपत्र तयार गरिएको छ।

**१.७.३ तथ्याङ्क सङ्कलन विधि**

अध्ययनलाई आशातीत, विश्वसनीय र भरपर्दो बनाउन अध्ययन क्षेत्रका बासिन्दासँग आत्मीयता र मित्रतापूर्ण व्यवहार गरी अध्ययनलाई अघि बढाइएको छ र आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिएको छ। यिनै तथ्याङ्कका आधारमा आवश्यकता अनुसार तालिकीकरण गर्दै वर्णनात्मक रूपमा व्याख्या गरिएको छ।

**१.८. अध्ययनको सङ्गठन**

यस अध्ययन अन्तर्गत परिच्छेद एकमा नेपालका थामीहरूको बारेमा परिचय, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा तथा क्षेत्र, पूर्वकार्यको समीक्षा, शोधविधि, तथ्याङ्कको स्रोत, रहेका छन्।

परिच्छेद दुईमा अध्ययन क्षेत्रको परिचय, नेपाली समाजको निर्माण र थामी जाति तथा सिन्धुपाल्चोक जिल्लामा थामी जातिको आगमन समावेश गरिएको छ।

परिच्छेद तीनमा सिन्धुपाल्चोकको सुनखानी गा.वि.स. का थामी जातिको सामाजिक सांस्कृतिक अवस्था, जनसङ्ख्या, परिवारको आकार/प्रकार, पारिवारिक निर्णय प्रक्रियामा महिलाको स्थान, राजनीतिक तथा संघसंस्थामा आवद्धता, अन्य जातिसँगको सम्बन्ध, धार्मिक स्थिति, प्रमुख संस्कारहरू, जन्म संस्कार, न्वारन संस्कार, छेवर संस्कार, विवाह संस्कार, मृत्यु संस्कार, वेशभूषा र खानपान, थामी जातिका विशेष पूजाआजा तथा चाडपर्व, धान्यपूर्णिमा, वैशाख पूर्णिमा, कूलपूजा, भूमेपूजा रहेका छन्।

परिच्छेद चारमा सिन्धुपाल्चोक जिल्ला सुनखानी गा.वि.स. का थामी जातिको शैक्षिक अवस्था, सुनखानी गा.वि.स. को शैक्षिक स्थिति, थामी जातिको शैक्षिक स्थिति समावेश गरिएको छ।

परिच्छेद पाँचमा निष्कर्ष र अन्त्यमा सन्दर्भ सामग्री एवं परिशिष्टहरू रहेका छन्।

# परिच्छेद : दुई
# सिन्धुपाल्चोक, नेपाली समाज र थामी जाति

## २.१. पृष्ठभूमि

नेपाल राष्ट्रको कुल क्षेत्रफलमध्ये १.७३% भूभाग ओगटेको सिन्धुपाल्चोक जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको १९ वटा जिल्लाहरूमध्ये क्षेत्रफलका दृष्टिले सबैभन्दा ठूलो जिल्ला हो। यस जिल्लाको क्षेत्रफल २५४२ वर्ग कि.मी. रहेको छ। यो जिल्ला विश्व मानचित्रमा २७.२७' देखि २८°१३' उत्तरी अक्षांश र ८५°२७' देखि ८६°०६' पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ। यसको पूर्वमा मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत र दोलखा जिल्ला रहेको छ। यो जिल्लाको दक्षिणमा काभ्रेपलाञ्चोक र रामेछाप जिल्ला, पश्चिममा काठमाडौं र नुवाकोट जिल्ला पर्दछन् भने उत्तरतर्फ यो रसुवा जिल्ला र चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको छ। सदरमुकाम चौतारा समुद्री सतहबाट १४१८ मिटरको उचाईमा अवस्थित छ। जिल्लाको पूर्व पश्चिम औसत चौडाई ४९.३८ कि.मी. र उत्तरदक्षिण औसत लम्बाई ५३.०६ कि.मी. रहेको छ (सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र २०६७:५)। पहिले यस क्षेत्रमा आठवटा थुमहरू थिए र तीमध्ये दुईवटा सिन्धुथुम र पाल्चोक थुमको संयुक्त नामबाट यो जिल्लाको नाम सिन्धुपाल्चोक रहन गएको अनुमान गर्न सकिन्छ। प्रशासनिक दृष्टिकोणले धेरै समयसम्म सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक समेत दुई जिल्ला मिलाएर “सिन्धुपाल्चोक गोश्वारा” अन्तर्गत यो जिल्ला रह्यो। अन्ततः २०२२ सालमा गोश्वारा खारेज भएपछि काभ्रेपलाञ्चोक छुट्याइएको र सिन्धुपाल्चोक छुट्टै एक जिल्लाको रूपमा जन्म भएको हो (मेचीदेखि ...(भाग २) पृ. ४५१-४३२)।

सिन्धुपाल्चोक जिल्ला प्राकृतिक सम्पदा र सुन्दरताका दृष्टिले उत्कृष्ट छ। यस जिल्लाका प्राकृतिक सम्पदाहरूमा जलस्रोत, जंगल र हिमाली टाकुराहरू प्रमुख हुन्। तातोपानी धारा, बञ्जीजम्पस्थल र हेलम्बू लगायतका सुविख्यात पर्यटकीय स्थलहरू, कला, साहित्य र संस्कृतिले जिल्लाको पहिचानलाई देशभित्र र बाहिर समेत स्थापित गरेका छन्। जिल्लाको उत्तरमा रहेको प्रमुख भन्सार बिन्दु तातोपानी यसै जिल्लामा पर्दछ। कोदारी लोकमार्ग अर्थात् अरनिको राजमार्ग चीनसँगको व्यापारका लागि देशकै प्रमुख पारवहन मार्ग हो भने जिल्लाका निम्ति गौरव गर्ने विषय बनेको छ। यस जिल्लामा ७९ वटा गाविस

रहेका छन् । यस जिल्लाका धार्मिक एवम् पर्यटकीय स्थलहरूमा हेलम्बू, पाँचपोखरी, तातोपानी, गौराती भीमेश्वर मन्दिर, भैरवकुण्ड, ढुगुनागढी, जुगल हिमाल, गाङ्जाला भञ्ज्याङ, गुम्बा पेमासाल, भेमटाङ, पाल्चोक भगवती, पाताल गुफा, त्रिपुरासुन्दरी मन्दिर, सुनकोशी र इन्द्रावतीको तीर, सुनकोशी मन्दिर, ताम्चे रानीपोखरी, पाल्लेपानी, ओखेनी, ठोकर्पाको थामीडाँडा, ताम्चेको हरियाली आदि रहेका छन् । काठमाडौं, नुवाकोट र सिन्धुपाल्चोक तीनवटा जिल्लाको सिमानामा रहेको पाटी भञ्ज्याङ पर्यटकीय दृष्टिकोणले ज्यादै महत्वपूर्ण भएको स्थल पनि यसै जिल्लामा पर्दछ (सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र-२०६७: १२-४०) ।

सिन्धुपाल्चोक जिल्लामा ७९ वटा गाविस रहेका छन् । ७९ वटा गाविसमध्ये १६ वटा गाविसमा थामी जातिका मानिसहरूको बसोबास रहेको छ । तीमध्ये सुनखानी गाविस पनि एक हो । सुनखानी गाविसको क्षेत्रफल १३.३५ वर्ग कि.मी. रहेको छ । यस गाविसको वडा नं. ३ र ६ मा थामीहरूको बसोबास रहेको छ । सुनखानी गाविस सदरमुकाम चौताराबाट ४.५ कोस टाढा पूर्वमा अवस्थित छ । सदरमुकाम चौताराबाट अरनिको राजमार्गको कदमबास गाविसको भैंसे बजारसम्म करिब ५० कि.मी.को यात्रा पश्चात् भोटेकोशी नदीमा रहेको झोलुङ्गे पुल तरी करिब ३ घण्टाको पैदल पूर्वतर्फ उकालो चढेपछि यामुनाडाँडा गाविस हुँदै यस गाविसमा पुग्न सकिन्छ । कच्ची मोटर बाटोमा जीप, ट्रक, मोटरसाइकल आदि सवारी साधनबाट करिब एक डेढ घण्टाको यात्रापश्चात् यस गाविसमा पुग्न सकिन्छ । यस्तै यस गाविसबाट करिब डेढ घण्टा पैदल र ३-४ घण्टा बस यात्रा पश्चात् देशको राजधानी काठमाडौं पुग्न सकिन्छ ।

सुनखानी गाविसको सिमानामा पर्ने गाविसहरूमा पूर्व-ठूलोपाखर गाविस, पश्चिममा कालिका गाविस, उत्तर-थुम्पाखर गाविस र दक्षिण-लिसंखु तथा ठोकर्पा गाविसहरू रहेका छन् । यस गाविसको वडा नं. २ स्थित लखनडाँडा भन्ने स्थानमा पहिले-पहिले स-साना सुनका पत्रहरू भेटिएको हुनाले त्यस ठाउँमा सुनखानी रहेको जनविश्वास गरी उक्त स्थानको नाम नै "सुनखानी" भएको भन्ने जनश्रुति रहेको पाइन्छ । वि.सं. २०३८ साल भन्दा अगाडि यस गाविसलाई देवीस्थान गाउँ पञ्चायत भनिन्थ्यो । पछिल्लो समयमा सुनखानी गाविसले सिन्धुपाल्चोक जिल्लामा छुट्टै पहिचान स्थापित गर्न सफल भएको देखिन्छ । यस गाविसमा समशीतोष्ण किसिमको हावापानी पाइन्छ । धार्मिक दृष्टिकोणले हेर्दा यस गाविसमा प्रायः हिन्दु तथा बौद्ध धर्म मान्ने मानिसहरूको बसोबास रहेको पाइन्छ । तर

केही समय यता इसाई धर्म मान्ने मानिसहरू समेत फाट्टफुट्ट रूपमा रहेका छन् (गाविस पार्श्वचित्र-२०६५:१-२)। यस गाविसको केन्द्रबिन्दुको रूपमा गाविस भवन रहेको स्थान "भूमेडाँडा" लाई मानिन्छ। गाविसका कार्यक्रमहरू सञ्चालन वा कुनै निर्णय गर्नुपर्दा यही स्थानलाई केन्द्रबिन्दु बनाएर गर्ने गरिन्छ। यस गाविसका ९ वटै वडाहरूलाई कच्ची मोटरबाटोले छोएको छ। यस गाविसको कार्यालयमा महिलाहरूलाई स्थानीय स्तरमा आर्थिक उपार्जन गर्ने र आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग मिलेर विभिन्न सीपमूलक तालिमहरू जस्तै गाई, भैंसी, बाखा, बंगुर, कुखुरापालन सम्बन्धी तालिम, सिलाई कटाई तथा बेमौसमी तरकारी बीउबिजन उत्पादन समेतको तालिम दिने गरेको पाइन्छ। जसले गर्दा महिलाहरूलाई सक्रिय रूपमा अगाडि बढाउने अर्थात् बढ्ने अवसर मिल्न सहयोग पुगेको छ (सुनखानी गाविस सचिव माधव सिग्देलबाट जानकारी)। स्वास्थ्य सेवाको रूपमा वडा नं. ५ मा देवीस्थान स्वास्थ्य चौकी सञ्चालनमा रहेको छ। जसबाट ज्वरो, रुघाखोकी, क्षयरोग, झाडाबान्ता, प्रसूती, विभिन्न खोप, सल्लाह एवम् परिवार नियोजनसम्बन्धी अस्थायी साधनहरूको निशुल्क वितरण गरिन्छ। स्वास्थ्य चौकीको सञ्चालनका लागि एक इन्चार्ज, एकजना अहेव, एक अनमी, एक नर्स र दुई कार्यालय सहायक रहेको पाइन्छ। यस स्वास्थ्य चौकीको कर्मचारीको सहयोगमा प्रत्येक महिनाको १९ गते सर्वसाधारणको स्वास्थ्य परीक्षणको लागि यसै गाविसको वडा नं. ३ स्थित श्री सेतीदेवी प्रा.वि. मानेडाँडाको प्राङ्गणमा स्वास्थ्य क्याम्प राख्ने गरिएको छ भने प्रत्येक महिनाको २० गते वडा नं. ७ स्थित स्वास्थ्य क्लिनिक भवनमा पनि स्वास्थ्य क्याम्प राख्ने गरिन्छ। जसबाट त्यस क्षेत्रका स्वास्थ्य चौकीसम्म जान नसक्ने सर्वसाधारणको लागि स्वास्थ्य जाँच गरी निशुल्क औषधि वितरण गर्ने गरिन्छ र विभिन्न खोप पनि लगाइने गरिन्छ (स्वास्थ्य चौकी अध्यक्ष मंगलादेवी थामीबाट जानकारी। यस गाविसभरि प्रसिद्ध धार्मिक र ऐतिहासिक कुनै मठमन्दिर नभए तापनि साना-साना मानेहरू भएको र बौद्ध धर्मावलम्बीहरूको लागि वडा नं ५ मा टासी छ्योलिङ्ग गुम्बा प्रसिद्ध रहेको छ। हिन्दु धर्मावलम्बीहरूका लागि साना-साना देवीस्थानहरू जस्तै हरिसिद्धि (वडा नं. २) सेतीदेवी ( वडा नं ३) थामीटोल, भूमेडाँडा (वडा नं. २) मा तामाङ जातिको भूमे पुज्नेस्थल तथा वडा नं. १ मा धनेश्वर महादेवको मन्दिर भएको पाइन्छ। यी देवीस्थानहरू तथा गुम्बा र घ्याङहरू नै धार्मिक आस्था प्रकट गर्ने माध्यम बनेका छन् (पेम्बा दोर्जे लामाबाट जानकारी)। यस गाविसमा ८ वटा शैक्षिक संस्थाहरू रहेका छन्। जसमध्ये १ मा.वि., १

नि.मा.वि., ६ वटा प्रा.वि. रहेका छन् । यस गाविसका प्रत्येक गाउँहरूमा खानेपानी तथा प्रत्येक घरहरूमा शौचालयहरूको व्यवस्था गरिएको छ। त्यसैले ०६९ माघ ४ गते यस गाविसलाई खुल्ला दिसामुक्त गाविस घोषणा गरी जिल्लाभरिमा जेठल गाविसपछि दोस्रो दिशामुक्त गाविसका रूपमा रहेको छ। विद्युत्को सेवा पनि सम्पूर्ण वडाहरूमा उपलब्ध भएको पाइन्छ । (सोधकर्ताको प्रत्यक्ष अवलोकन)

नेपालमा परापूर्वकालदेखि नै विविध जातजाति तथा जनजाति, सामाजिक संरचना र सांस्कृतिक संगमस्थलका रूपमा रहिआएको छ। क्षेत्रफलमा सानो भए पनि यहाँका विभिन्न भौगोलिक प्रदेशहरूमा विभिन्न भेषभूषा, भाषा, संस्कृति तथा सामाजिक रीतिरिवाज भएका विभिन्न जातिहरूको बसोबास भएको पाइन्छ (भण्डारी, २०५३:७२) । "यो देश चार जात छत्तीस वर्णको फूलबारी हो" भन्ने पृथ्वीनारायण शाहको दिव्य उपदेशसँग मेल खान्छ ( उप्रेती र अन्य, २०५३:८२) । प्राचीनदेखि अर्वाचीनकालसम्मको नेपाली समाजको बनोट हेरेमा यसमा विविधता नै प्रमुख चरित्र देखिन आउने छ। वर्तमान नेपाली भूभागमा अनेकौ वर्ण, जाति, जनजाति र तिनका शाखा-प्रशाखाहरू छरिएर रहेका छन् (खत्री र अन्य, २०५३: १३) । बाग्मती अञ्चलको पश्चिमोत्तर भागमा अवस्थित हिमाली पहाडी जिल्ला सिन्धुपाल्चोकको दक्षिणमा काभ्रेपलाञ्चोक र पश्चिममा नुवाकोट र रसुवा जिल्ला पर्दछन् । यस जिल्ला क्षेत्रफलको आधारमा मध्यमाञ्चलको सबैभन्दा ठूलो यो जिल्लाको क्षेत्रफल २५४२ वर्ग कि.मी. रहेको छ (भट्टराई, २०६९/७०: ३७५) । भौगोलिक विविधताका कारण जिल्लाको विभिन्न क्षेत्रमा हावापानीमा विविधता रहेको पाइन्छ। यहाँ तातो हावा वहने बेंसीदेखि बाह्रै महिना हिउँले ढाकिरहने हिमश्रृंखलाहरू रहेका छन् (सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र, २०६७:११) ।

जसरी यस जिल्लामा भौगोलिक विविधता, हावापानी विविधता पाइन्छ त्यसरी नै सामाजिक संरचनामा पनि विविधता पाइन्छ। यस जिल्लामा ब्राह्मण, क्षत्री, वैश्य र शुद्र गरी करिब १९ जातजातिका मानिसहरूको बसोबास भएको देखिन्छ। हिमाली उच्च भागमा शेर्पा, गुरुङ, तामाङ आदिको बसोबास रहेको छ। मध्य भागमा ब्राह्मण, क्षत्री, नेवार, तामाङ, मगर, विश्वकर्मा, परियार, मिजार, थामी, पहरी आदिको बसोबास रहेको छ। बेंसीतिर ब्राह्मण, क्षत्री, नेवार, दनुवार, माझी, विश्वकर्मा, परियार, मिजारहरूको बसोबास रहेको छ। त्यसैले यो जिल्ला जातीय दृष्टिकोणले समेत विविध जातिको सङ्गमस्थलको रूपमा रहेको छ (सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र २०६७: ४०-४१) । सिन्धुपाल्चोक

जिल्लाको पूर्व दक्षिणमा अवस्थित यस सुनखानी गाविसको पूर्वमा ठूलोपाखर, पश्चिममा कालिका गाविस, उत्तरमा धुम्पाखर गाविस तथा दक्षिणमा लिसंखु गाविसको बीचमा रहेको सुन्दर र आकर्षक गाविस सुनखानी आफैमा प्राकृतिक, सांस्कृतिक रूपमा धनी रहेको छ ( सुनखानी गाविस पार्श्वचित्र-२०६५) । यस सुनखानी गाविसमा विभिन्न जातजातिहरूको सम्मिश्रण रहेको पाइन्छ । विगत समयदेखि नै फरक जातजातिका विभिन्न धर्मावलम्बीहरू तथा विविध सामाजिक मूल्य र मान्यता बोकेका जातजातिहरू मिलेर बस्नु नै यस गाविसको विशेषता रहेको छ । यस गाविसमा तामाङ जातिको बाहुल्यता रहेको भए तापनि अन्य जातिहरू जस्तै क्षत्री, नेवार, नेपाली, विश्वकर्मा, थामी, भुजेल, मगर जस्ता जाति तथा जनजातिहरूको बसोबास रहेको पाइन्छ (सुनखानी गाविस पार्श्वचित्र-२०६५:१८) । वडागत आधारमा यस गाविसमा जाति जनजातिहरूको बसोबास यसप्रकार रहेको छ ।

**तालिका २.१**

| वडा नम्बर | सुनखानी गाविसका वडागत जातजातिहरू |
|---|---|
| १ | क्षत्री (खत्री, भण्डारी) |
| २ | तामाङ, क्षत्री (खड्का, बूढाथोकी) वि.क., मगर, भुजेल, नेवार, परियार |
| ३ | क्षत्री (बूढाथोकी, बराल) थामी, तामाङ, भुजेल |
| ४ | तामाङ, क्षत्री (बुढाथोकी, खत्री) |
| ५ | तामाङ |
| ६ | तामाङ, थामी, परियार |
| ७ | तामाङ, क्षत्री (थापा, भण्डारी) |
| ८ | तामाङ, क्षत्री (थापा), वि.क. |
| ९ | क्षत्री (थापा, भण्डारी), नेवार, वि.क., गुरुङ, परियार |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

आजभन्दा करिब ६/७ पुस्ता अगाडि सिन्धुपाल्चोक जिल्लाको चोकटी गाउँको सेलेले भन्ने ठाउँबाट धुस्कुन हुँदै यस सुनखानी गाविसमा आएर बसोबास गरेका थामीहरू यस गाविसको वडा नं. ३ र ६ मा बसोबास गरेका छन (गोपीलाल थामीबाट जानकारी) । यस गाविसमा तामाङ, क्षत्री, वि.क. पछि चौथो नम्बरमा थामीको जनसंख्या रहेका छन् । वडा नं. ३ र ६ मा गरी करिब १६५ जना पुरुष, महिला थामी जातिको जनसङ्ख्या रहेको छ । जसमा पुरुषको संख्या ७५ र महिलाको सङ्ख्या ९० रहेको छ । पुरुष ७५ जनामा ५५ जना

वा ७३.३३ प्रतिशत साक्षर छन् भने महिला ९० जनामा ६६ जना वा ७३.३३ प्रतिशत नै साक्षर छन् । अझै पुरुष २६.६६ प्रतिशत र महिला पनि २६.६६ प्रतिशत थामीहरू निरक्षर छन् । यहाँका ९० प्रतिशत थामीहरू कृषि पेशामा आश्रित छन् भने बाँकी १० प्रतिशत थामीहरू सरकारी, गैरसरकारी, निजी र वैदेशिक रोजगारमा काम गर्दछन् (स्थलगत अध्ययन, २०७०) ।

## २.२. सिन्धुपाल्चोक जिल्लामा थामी जातिको आगमन

नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने बागमती अञ्चल अन्तर्गत सिन्धुपाल्चोक जिल्ला पनि एक हो । यस जिल्लामा ७९ वटा गाविसहरू छन् (सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र, २०६७-८) । ती ७९ वटा गा.वि.स.हरू मध्ये १६ वटा गाविस (तातोपानी, फुल्पिङकट्टी, घुम्थाङ, मार्मिङ, बाह्रबिसे, कर्थली, फुल्पिङडाँडा, राम्चे, धुस्कुन, टेकानपुर, घोर्थली, चोकटी, पिस्कर, तौथली, सुनखानी, पाङ्ग्रेटार) मा थामी जातिको बसोबास रहेको पाइन्छ (सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र २०६७, २३४-२३९) । सिन्धुपाल्चोक जिल्ला देशको राजधानी काठमाडौंसँग जोडिएको जिल्ला भए तापनि यस जिल्ला विकासको दृष्टिकोणले कमजोर छ । भौगोलिक दृष्टिकोणले यस जिल्लालाई मोटामोटी रूपमा हिमाली प्रदेश, लेकाली प्रदेश, पहाडी प्रदेश र बेसी तथा टार गरी चारक्षेत्रमा विभाजन गर्न सकिन्छ ( सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र २०६७, ८-९) । यस जिल्लाका अधिकांश मानिसहरूको मुख्य व्यवसाय कृषि नै हो । पूरक पेशाको रूपमा कसैकसैले पशुपालन, राडीपाखी बुनाई, बाँस, निगाँलो आदिमा आधारित असङ्गठित कुटीर उद्योग आदि सञ्चालन गर्दछन् । केही मानिसले व्यापार तथा उद्योगलाई पनि व्यावसायिक पेशा बनाएका छन् । भौगोलिक विभाजन अनुसार यस जिल्ला हिमाली हावापानी, लेकाली हावापानी, ठण्डा शीतोष्ण हावापानी र अर्ध-उष्ण हावापानी गरी चार थरीका हावापानी पाइन्छ (सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र २०६७: ११-१२) । भौगोलिक दृष्टिकोणले विविधता भएजस्तै यस जिल्लामा जातीय बसोबासको दृष्टिकोणले पनि विविधता रहेको छ । यस जिल्लामा ब्राह्मण, क्षत्री, सन्यासी, तामाङ, गुरुङ, मगर, शेर्पा, नेवार, थामी, घले, ह्योल्मो, माझी, दनुवार, पहरी, घर्ती, सार्की,कामी, दमाई र अन्य गरी १९ जातका मानिसहरू बसोबास गर्दछन् ( सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र २०६७:४०-४१) । त्यसैले यो जिल्ला जातीय दृष्टिकोणले समेत विविध जातिको सङ्गमस्थलको रूपमा रहेको छ । यस जिल्लामा थामी जाति कहिले

र कसरी आएर बसोबास गरे भन्ने सम्बन्धमा कुनै सत्यतथ्य प्रमाण फेला पार्न सकिएको छैन । यो एउटा अनुसन्धानको विषय बन्न पुगेको छ । हाल केवल किम्वदन्तीको आधारमा मात्र उल्लेख गरिएको पाइन्छ । यसको कारण कुनै लिखित दस्तावेज नहुनु हो ।

भनिन्छ, कर्नाटवंशी मिथिलाका अन्तिम राजा हरिसिंहदेव एक बहादुर योद्धा, काविल, प्रशासक तथा लोक हितैषी राजा थिए । त्यसैले उनको प्रसिद्धि आफ्नो राज्यबाहेक अन्यत्र पनि फैलिएको थियो । कला, संस्कृति, विधा तथा संगीतको क्षेत्रमा समेत विशेष उन्नति गर्न सकेको यिनको राज्यकाल इतिहासमै एक अविस्मरणीय बनेको थियो । उनका अन्तिम दिनहरू आफू तथा राज्यकै लागि पनि विडम्बनायुक्त बने, किनकी उनी अन्ततः दिल्लीका गयासुद्धिनको आक्रमणको सामना गर्न नसकी राजकाजबाटै पलायन हुनु पऱ्यो । कर्नाटवंशी नान्यदेवले ई. १०९७ मा स्वतन्त्र अस्तित्वमा ल्याएको मिथिला (तिरहुत) राज्य सोही वंशकै शासक हरिसिंहदेवको शासनकाल ई. १३२६ मा अस्तित्वविहीन बन्न पुग्यो । मिथिला ( सिमरौनगढ, तिरहुत) का तत्कालीन शासक हरसिंहदेव स्वयम्मा जतिसुकै वीर, योद्धा तथा काविल शासक भएको भए तापनि दिल्लीका मुसलमान शासक गयासुद्दिन तुगलकको सामू अन्ततः हार स्वीकारी राज्यबाटै पलायन हुन पुगे जसको कारण सिमरौनगढको इतिहासमा उनी अन्तिम शासक त भए नै उनकै समयमा सिमरौनगढको अस्तित्व समेत समाप्त भयो (क्षत्री, २०६२: २९६) । ई.स. १३२६ मा तुगलक सेनाले आक्रमण गरी सिमरौनगढको किल्ला ध्वस्त पारेपछि मात्र त्यहाँदेखि थामीजातिको पुर्खा आएको वर्णन पाइन्छ । यसबाट यो अनुमान लागदछ कि सिमरौनगढ राज्य ध्वस्त हुनुभन्दा पहिलेदेखि नै धेरै संख्यामा त्यहाँ थामीहरूको बसोबास रहेको हुनुपर्छ । तुगलक सेनाको आक्रमणमा धेरैले मृत्युवरण गर्न पुगे । त्यस आक्रमणबाट बाँच्न सफल भएका केही मात्र बाहिरिन पाए । बाँचेका व्यक्तिहरू मध्ये मुख्यतः थामीका एक जोडी पुर्खा यापति छुकु र सोनारीआजी तथा अर्को जोडी उके छुकु र वेतीआजी हुन् । कालान्तरमा आएर यिनै दुई दम्पतीबाट जन्मेका सन्तान नै आजका थामीहरू हुन् । थामीहरूको आधिकारिक रूपमा लिखित इतिहास नभए पनि मौलिक वंशावली पालोखे (थामी वेद) तुगलक सेनाका आक्रमणमा परी ध्वस्त भएको हुनाले बाँचेर बाहिरिएका केही थामीहरूले मात्र आफ्नो वंशको इतिहास सुरु गरेको हुनुपर्छ र यसै नवनिर्माण गरिएको वर्णनलाई नै इतिहास मानी जोड दिइएको पाइन्छ । जे होस् यिनै दुई फरक दाम्पत्यहरूबाट जन्मेका आ-आफ्ना छोराहरू र छोरीहरूको बिहेबारी गराई थामीहरूले सन्तान वृद्धि गरेका हुन् । यिनै छोराछोरीहरूले एक अर्काका आपा आमालाई

ससुरा र सासु भनी सम्बोधन गरेका हुन् । थामी भाषामा छुकु भनेको ससुरा र आजी भनेको सासु हो । छोराहरूले छोरीपट्टीको बाबाआमालाई ससुरा, सासु र छोरीहरूले छोरापट्टीका बाबा आमालाई ससुरा, सासु भनी सम्बोधन गरेको हुँदा नै यिनीहरूका नामका साथ छुकु र आजी जोडिएको छ (जस्तो यापति छुकु, सोनारी आजी र उके छुकु, बेतीआजी) (थामीः २०६१:१७-१८ ।

सिमरौनगढबाट आएका यापति छुकु र सोनारी आजीको समयकालदेखि थामी जातिको इतिहास शुरु भएको पाइन्छ । यिनै थामी पुर्खाहरू बेघरबार भई घुमन्ते जीवन भोगी फलफूल कन्दमूलको सहारामा जीवनयापन गर्दै आफ्नो दिगो बसोबासका निम्ति भूमि चाहार्ने क्रममा नेपालको भक्तपुरमा पर्ने ठिमीसम्म आइपुगेको पाइन्छ । थामी समुदायको इतिहासमा ठिमी शहरको पनि चर्चा चलेको छ । यहाँबाट अझै सुरक्षित थलोको खोजीमा ठिमीबाट पूर्व दिशा हुँदै हालको इन्द्रावती र सुनकोशीको संगम थलो दोलालघाटको आसपासमा आफ्नो 'बासथलो' खडा गरे । यस पश्चात् तान्त्रिक शक्तिद्वारा पराजय भएर नौ लाख किरातेश्वरसित मिलिजुली गरेर उत्तर दिशामा अवस्थित अभयपुर (हाल दोलखा) लागेका थामीहरूले घुमन्ते जीवन त्यागी आफ्नै जाति गोत्रका समूहलाई मिलाएर समुदायको राज्य कायम गरी स्थायी रूपले बसोबास गर्न लागेका हुन् भन्ने उल्लेख पाइन्छ । थामीहरूमा स्यूस्यू राजाको नेतृत्वको प्रसङ्ग प्रचलित छ । तत्कालीन राज्यकालमा स्यूस्यू राजाले दोलखामा राज्यको हरेक पक्षमा सुधार र उन्नति गरेका थिए भन्ने कुरा त्यहाँका विभिन्न प्रमाणहरूले पुष्टि गर्दछन् । दोलखामा थामीजातिले राज्य गरेको हो भन्ने प्रमाणको रूपमा आज पनि विभिन्न देवाल, मठमन्दिर र त्यहाँ चलेका विविध प्रथाले पुष्टि गर्दछ । दोलखामा स्यूस्यू राजाको राज्य खोसेर तामाङ जातिको गोल्मा राजाले राज्य गरेको बताउँछन् । त्यसपछि गोल्मा राज्यलाई पनि पराजित गरी नेवार जातिको खाण्डु राजाले शासन गरेका थिए भनी इतिहासकारहरू बताउँछन् । यी सबै राजत्वकालमा प्रजाहरू मुख्य गरी थामी जाति नै भएको बुझिन्छ (थामी, २०६१:१९) ।

एक किम्बदन्ती अनुसार प्राचीनकालमा दोलखाको दोल्ती नाम गरेको खोलामा माझी जातिले माछा मारी तत्कालीन नेवार राजालाई दैनिक भोजनको लागि पुऱ्याउनुपर्ने चलन थियो । एकदिन माझीले माछा मार्ने 'ख्वाङ्गा' थाप्दा रुखको दाउरा काटेको चोइटा पऱ्यो । रुख कसले काट्यो भन्ने हल्लाखल्ला भयो । यो कुरा राजा समक्ष पुग्यो किनकि त्यस राज्यको वनजंगलमा कसैलाई पनि प्रवेश गर्न निषेध थियो । रुखको दाउराको चोइटा कसले

बगायो, त्यसलाई समातेर राजा समूह उपस्थिति गराउनु भन्ने आदेश जारी भयो । त्यसै क्रममा राजाले आफ्नो सैनिक परिचालन गर्न आदेश दिए । सैनिकहरूले वन फडानी गर्दै गरेका यापती छुकु र सोनारी आजीलाई देखेर उनीहरूलाई गिरफ्तार गरे । उनीहरू आफ्नो वासस्थान र जीविकोपार्जन गर्नका लागि खेतीपाती गर्न जंगल फँडानी गरिरहेका थिए । ती दुवै जनालाई सैनिकहरूले गिरफ्तार गरेर राजा सामू दाखिला गरे । उनीहरूलाई कडा सजायँ दिएर जेल हालियो र जेलमा छुट्टाछुट्टै राखियो । उनीहरू जेलभित्र नै आफ्नो जिन्दगी जाने भयो भनेर चिन्तित भए । जेलमा दिन बिताउँदै गर्दा अन्य मानिसहरूले राजाको मनोरञ्जनका लागि विभिन्न जनावरहरू पंक्षीहरू ल्याउनुपर्ने थियो । त्यसैक्रममा एकदिन जङ्गली मृग ल्याएको देखेर ती बुढाबुढीले मेरो वनको बाखा किन ल्याएको त्यसलाई नमार भनेर बिन्ति गरे । अर्को दिन कालिज ल्याएको देखेर मेरो वनको कुखुरा किन ल्याएको त्यसलाई पनि नमार भनी विन्ति गरे । यसै गरी हात्ती, घोडा, खरायो, बाघ, भालु, चितुवा, घोरल, सुगा, मैना आदि पशुपंक्षीहरू ल्याउँदा ती सबै जनावरहरू मेरो वनको हो तिनीहरूलाई पनि नमार भनेर विन्ति गरे । सबै जनावरहरू, पंक्षीहरू मेरो वनको भनेको देखेर राजा र सैनिकहरू दङ्ग परे (मंगलबहादुर थामीबाट जानकारी) । अन्तिममा राजालाई सोनारी आजीले सुनको मयुर आफ्नो शीरबाट झिकेर टुक्र्याएर सबै जनावरहरू तथा पंक्षीहरूलाई मुक्त गर्न आग्रह गरिन् । सोनारी आजीको शिरबाट सुनको मयुर उत्पन्न हुनु र सबै जनावरहरू मेरो वनको भन्नुले राजाको मनमा शंका पस्यो । यिनीहरू जङ्गलका 'राजारानी' हुन सक्छन् । यिनीहरूलाई जेलमा राखेमा यस राज्यको अवस्था विनाश हुन सक्छ भन्ने सोचे । राजाको मनमा अनेक तरिकाको शंका उपशंका हुन थाल्यो । आफ्ना सैनिकहरूलाई ती बूढाबूढीको के माग छ त्यो पूरा गर्नु र उनीहरूलाई जेल मुक्त गर्नु भनी राजाले आदेश दिए । उनीहरूको मागको बारेमा दरबारमा छलफल भयो र उनीहरूको मागको बारेमा सोधियो । उनीहरूले एउटै मात्र माग गरे आफ्नो रस्तीबस्ती गर्नको लागि जमिन । यस क्रममा उनीहरूले एक रातमा आफूहरू जति हिँड्न सकिन्छ त्यति जमिनको माग गरे । राजाले पनि उक्त माग बमोजिम तिमीहरूले एक रातमा जति हिँड्न सक्छौं त्यति जमिन तिमीहरूको हुनेछ भनेर घोषणा गरे । ती बुढाबुढीले एक रातमा कति हिँड्न सकिएला र ? भन्ने सोचे । तर ती बूढाबूढीले आफ्नो फैसला सुन्नासाथ खुसी हुँदै हातमा एउटा-एउटा हँसिया लिएर त्यस राज्यको दरबारबाट हिँडे । रातभरिमा उनीहरूले जति दूरी पार गर्दै गए ती ठाउँहरूमा हँसियाको सहायताले कुनै न कुनै चिन्ह छोड्दै हिँडे (गुनबहादुर

थामीबाट प्राप्त जानकारी) । उनीहरू एकरातमा सुस्पा, लपिलाङ आलम्पू, कालिञ्चोक, बिगु, सुन्द्रावती हुँदै तातोपानी,फूलपिङ्गकट्टी, बाह्रबिसे, राम्चे, घोर्धली, चोकटी, धुस्कुन, पिस्कर, तौथली आदि ठाउँहरूमा पुगे । राजाले ती बूढाबूढीले कति दूरी पार गरेछन् भनी जान्नका लागि आफ्ना सैनिकहरूलाई हेर्न पठाए । सैनिकहरूले माथि उल्लेखित ठाउँहरूमा पुगेको पत्ता लगाएर राजा सामु जाहेर गरे । यी ठाउँहरूको नाम सुन्नासाथ राजा छक्क परे । जे जस्तो भए पनि उनीहरूको माग राजाले पूरा गर्नु नै पर्थ्यो किनभने पहिले नै माग पूरा गरिदिने वचन दिएका थिए । उक्त वाचा बमोजिम ती राजाले ती दुई बुढाबुढीले जति दूरी पार गरेका थिए त्यति ठाउँको जमिनलाई थामीको किपट भनी घोषणा गरिदिए । हाल तातोपानी, फूल्पिङ्गकट्टी, राम्चे, घोर्धली, चोकटी, बाह्रबिसे, धुस्कुन, पिस्कर, तौथली जस्ता ठाउँहरू सिन्धुपाल्चोक जिल्लामा पर्दछन् । ती बुढाबुढीका ७ वटा छोराहरू र ७ वटी छोरीहरू थिए र तीनै बुढाबुढीका सन्तानहरू नै यस जिल्लामा बसोबास गरिरहेका थामीहरू हुन् । पछि दोलखातिरबाट नै अन्य कुटुम्बको खोजी भएर उके छुकु र वेती आजीका सन्तानहरूसँग बिहेबारी भएर नै थामी जातिको इतिहास शुरु भएको देखिन्छ (चन्द्रबहादुर थामीबाट प्राप्त जानकारी) ।

अर्का एक जानकार जीतबहादुर थामीका अनुसार आजभन्दा करिब ६, ७ पुस्ता अगाडि जुजुमान थामी सिन्धुपाल्चोक जिल्लाको चोकटी गाउँको 'सेलेले' भन्ने ठाउँबाट एक प्रकारको रोग (विफर) को महामारीबाट बच्नको लागि सिन्धुपाल्चोककै धुस्कुन भन्ने ठाउँमा बसाई सरेका थिए र त्यहीँ उनको विवाह भयो । उनका चारओटा छोरा र तीनओटी छोरीको जन्म भएको थियो । ती मध्ये जेठो छोरा कुलमान थामी तन्त्रमन्त्र झाँक्री विद्यामा निपूर्ण थिए । झाँक्री विद्याका लागि त्यस भेगमा मात्र नभई टाढा-टाढासम्म उनको ख्याति थियो । तत्कालीन अवस्थामा आजभोलि जस्तो विभिन्न रोगको उपचार गर्ने, अस्पताल, स्वास्थ्यचौकी, वैद्यखाना जस्ता केहीको पनि सुविधा नभएको कारण मानिसहरू तन्त्रमन्त्रबाट झारफुक गर्ने लामा झाँक्री विद्यामा नै विश्वास गर्दथे । उनी तन्त्रमन्त्रबाट झारफुक गरेर जडीबुटीको प्रयोग गरेर बिरामी व्यक्तिहरूलाई निको समेत पार्दथे । यसै सिलसिलामा हाल सुनखानी गाविसको बुढाथोकी (क्षत्री) गाउँमा तत्कालीन लेफ्टीनेन्ट भीमबहादुर बुढाथोकीकी बुहारी बिरामी भएको र उनको विभिन्न ठाउँमा उपचार गर्दा वा विभिन्न धामीझाँक्रीले उपचार गर्दा पनि निको नभएको हुनाले अन्तिममा धुस्कुन भन्ने ठाउँमा कुलमान थामी भन्ने झाँक्रीले झारफुक गर्दा निको हुन्छ रे भन्ने खबर पाएपछि उनीहरूले उक्त झाँक्रीलाई

तत्काल ल्याएर उपचार गर्न लगाए । उनले झाँक्री विद्याबाट झारफुक गरी जडीबुटीको प्रयोग गरी बिरामी निको बनाए । तत्कालीन अवस्थामा सडक यातायातको चलन नभएको हुनाले धुस्कुन र देवीस्थान गाउँ पञ्चायत आवतजावत गर्न करिब दुई दिन लाग्ने भएको कारणले र गाउँमा अन्य बिरामीहरूको पनि उपचार गर्नुपर्ने भएकोले उनी केही समयको लागि देवीस्थान गाउँ पञ्चायतको सुनखानी भन्ने ठाउँको उजिरसिंह तामाङको घरमा बसे । उजिरसिंह तामाङ तत्कालीन समयका तालुकदार थिए। गाउँमा झाँक्री विद्याबाट र जडीबुटीको प्रयोगबाट बिरामीको उपचार गर्दै बस्दा त्यसै समयमा त्यस भेगमा सलह (एक प्रकारको अनिकाले फट्याङग्रा) को आतंक मच्चियो। सलहले अन्नबाली, सागपात, बोटविरुवा सबै सखाप पारे । यसको प्रभाव कुलमान थामी झाँक्रीको गाउँ र आफू बसेको देवीस्थान गाउँ वरपर समेत नराम्रोसँग पऱ्यो । लगाएको अन्नबाली सबै नष्ट गरिदिएपछि अनिकालले गर्दा मानिसहरू भोकमरीको चपेटामा परे । आफ्नो र परिवारको जीवन गुजारा गर्न गरिबले अर्काको काम गर्नु, भारी बोक्नु बाध्यता भयो । त्यसबेला मानिसले खाने नुन आजको जस्तो सस्तो मूल्यमा भारतबाट नआई अनेक दु:खकष्ट झेल्दै भोटमा गएर हप्तौं दिनसम्म बोकेर ल्याएर प्रयोग गर्नुपर्ने हुन्थ्यो । त्यस गाउँका मानिसहरू पनि त्यसै गरी नुन ल्याएर खाने गर्दथे । त्यस बेला जसले जे-जति नुन बोकेर ल्याए पनि तालुकदारको घरमा जम्मा गर्नुपर्ने र कुनै चाडपर्वको दिन पारेर त्यस नुनलाई पाथीद्वारा भरेर सबै गाउँलेहरूलाई वितरण गर्नुपर्ने नियम थियो । यसै क्रममा गाउँलेहरूसँग कुलमान थामी पनि नुन बोक्न भोट गए । सबैले नुन ल्याएर तालुकदारको घरमा जम्मा गरेर दशैंको टिकोफुर्को फुकाउने दिनमा सबै गाउँलेहरूलाई भेला गराएर उक्त नुन पाथीद्वारा भरियो । अन्य गाउँलेहरूमध्ये सबैभन्दा बढी (१५ पाथी) नुन कुलमान थामीले बोकेर ल्याएको देखियो । अरू गाउँलेहरूले भन्दा उनले बढी नुन बोकेर ल्याएको र उनी सबैभन्दा बलवान भएको देखिएकोले तालुकदार उजिरसिंह तामाङले यो मेरो छोरो भन्दा पनि बढी इमान्दार र बलवान् रहेछ । अबदेखि म तिमीलाई छोरा समान ठानेर तिमीलाई कान्लेको चारकिल्लाभित्रको जग्गा (हाल थामीहरू बसोबास गरेको ठाउँ) दिनेछु भनेर सबै गाउँलेहरूको अगाडि अवगत गराए । उक्त चारकिल्ला जग्गाको कानूनी कागजपत्र बनाएर दिए। आफूले जग्गा पाएपछि कुलमान थामीले आफ्नो बाबु जुजुमान थामी र अन्य परिवारका सदस्यहरूलाई समेत ल्याएर त्यस ठाउँमा थामीको बस्ती बसाल्न सफल भए (गुण्डबहादुर थामीबाट प्राप्त जानकारी) ।

यसरी सर्वप्रथम कुलमान थामीको आगमन नै यस सुनखानी गाविसमा थामी

जातिको पहिलो आगमन देखिन्छ । उनको सन्तान दरसन्तान नै आजका सुनखानी गाविसका थामीहरू हुन् । आज तिनै कुमलान थामीका सन्तानले सुनखानीमा थामी बस्ती बसाएको मानिन्छ ।

## २.३. नेपाली समाजको निर्माण र थामी जाति

मानव सभ्यताको उषाकालदेखि नै नेपाल बसोबासको प्रमुखस्थल रहेको पाइन्छ । देवदेवता, ऋषि-महर्षि, सन्तमहन्तहरूको निवासस्थल हुनाले यो एक पवित्र तीर्थस्थल पनि मानिन्छ (शर्मा, २०५४:१३) । नेपालको लेख्य इतिहासको शुरुआत हुनुभन्दा अगाडि नै यहाँ मानवको बसोबास भएका विभिन्न प्रमाणहरू पाइएका छन् (दाहाल र खतिवडा, २०५७:३) । प्रागैतिहासिक कालदेखि नै नेपालमा मानिसहरूको बसोबास भएको देखिन्छ र प्राचीनकालदेखि नेपालमा आर्य र मङ्गोलियन जातिका मानिसहरूको नेपाल प्रवेश भएको पाइन्छ । यी दुई जातिको नेपाल प्रवेश विभिन्न कारणहरूबाट भएको मानिन्छ जस्तै बसाई-सराई, उपयुक्त वासस्थानको खोजी प्राकृतिक प्रकोप र युद्धादिको कारण आदि । उनीहरू कालान्तरमा नेपाली समाजकै अंग बनेर बसोबास गर्न थाले (उप्रेती र थापा, २०५३:१) । नेपालको उत्तर पूर्वी हिमालयतर्फबाट मङ्गोलियन मूलका मानिसहरू र दक्षिण-पश्चिमतिरबाट खस समुदाय तथा आर्य मूलका मानिसहरू नेपाल प्रवेश गरे । प्राचीनकालीन त्यस अवस्थामा नेपाल प्रवेश गर्ने मानिसहरूको जातथर थिएन जो नेपाल पस्यो त्यो नेपाली हुन्थ्यो (दाहाल र खतिवडा, २०५७: ५९) । मानव सभ्यताको शुरुआतदेखि नै नेपालमा मानवको बसोबास भएको हुनाले यहाँ मानव सभ्यताका अवशेषहरू पर्याप्त मात्रामा प्राप्त भएका छन् । तर ती आदि मानवका पुर्खाहरूका वंशजहरू वर्तमान नेपालमा को-को हुन् भनेर भन्न सक्ने सत्यतथ्य प्रामाणिक आधारहरू उपलब्ध छैनन् । लिच्छविकाल पश्चात् भने केही मात्रामा प्रामाणिक आधारहरू उपलब्ध छन् । लिच्छविकालपूर्व नेपालमा गोपाल, महिषपाल, किरातवंशीय राजाहरूले शासन सञ्चालन गरेका थिए तर यी राजाहरूले कति-कति समय शासन गरे ? तत्कालीन समयमा समाजको संरचना अर्थात् बनोट कस्तो थियो ? भन्ने कुराको ठोकुवा गर्न सकिने स्थिति छैन । त्यो अनुसन्धानको विषय बन्न पुगेको छ ।

नेपाली समाज ऐतिहासिक रूपबाट उत्पत्ति, भाषा, धर्म आदि कारणहरूबाट मुख्यतः दुई ठूला आर्य र मङ्गोलियन जातीय समूहहरूमा विभक्त भएको देखिए तापनि सुक्ष्म रूपले

यहाँ नेग्रिटो, आग्नेय, मङ्गोल, किरात, द्रविड, पश्चिमी वृतमुण्ड र आर्य वा नार्डिक ६ प्रकारका जातिको अवशेष छ भन्ने विचारहरू पाइन्छन्। यसरी नेपाली समाजको आधारशीला विभिन्न जातिहरूबाट भएको ज्ञात हुन्छ (कार्की, २०५३: ६४)। प्राचीन नेपालको इतिहासको खोजको क्रममा हाल प्राप्त सामग्रीहरूले नेपाली इतिहासका विकासका चरणहरूको विश्लेषण गर्दा लिच्छविहरूको शासन शुरु हुनुभन्दा पहिले नै नेपाली समाज सभ्य अवस्थामा पुगिसकेको मानिन्छ। यस भन्दा अघिको समयलाई पौराणिक काल मानिएको छ (खत्री, २०५०: ६९)। लिखित पुरातात्विक साक्ष्यहरूको आधार मानेर विचार गर्दा नेपालको प्रामाणिक इतिहासलाई इ.पू. तेस्रो शताब्दीसम्म पुऱ्याउन सकिन्छ। इ.पू. तेस्रो शताब्दीतिर मौर्य सम्राट अशोकले लुम्बिनी कपिलवस्तुको भ्रमण गरी शिलालेख समेत स्थापना गरेका थिए। यद्यपि मौर्य सम्राट अशोकको शिलालेखले नेपालको इतिहासलाई पछाडि धकेलेर इ.पू. तेस्रो शताब्दीसम्म पुऱ्याइदिएको छ तथापि उक्त शिलालेखले तत्कालीन जनजीवन, सामाजिक अवस्था र सांस्कृतिक इतिहासलाई प्रष्ट्याउन सकेको छैन। यसले गर्दा त्यतिखेरको नेपालको सामाजिक इतिहासका बारेमा तथ्य प्रकट गर्न कठिनाई छ (बराल, २०५०: २३५-२३६)। लिच्छविकालीन शासन शुरु हुनुभन्दा निकै अघिदेखि नेपालमा विभिन्न जातिहरू बसोबास गर्दै आइरहेका थिए। यी जातिहरूमा नाग, गोपाल, महिषपाल, किरात, लिच्छवि, वृजिक, मल्ल, शाक्य, कोली, गुप्त आदि मुख्य थिए ( उपाध्याय, २०६२: ३)। ऐतिहासिक स्रोतले प्रमाणित गरेको नेपाली इतिहासको पहिलो युग लिच्छवि युग हो। यस युगको बारेमा नेपाली इतिहासका अनेक सामग्री प्राप्त भइसकेका छन्। नेपालमा लिच्छविकालको प्रारम्भको साथै पुरानो सरल नेपाली सामाजिक अवस्थामा परिवर्तन भएको देखिन्छ।

नेपालमा गोपालवंशीय राजाहरूले इशापूर्व करिब ९०० देखि ७०० सम्म, महिषपाल वंशीय राजाहरूले इसापूर्व करिब ७०० देखि ६२५ सम्म किरातवंशीय राजाहरूले इशापूर्व करिब ६२५ देखि १०० इश्वीसम्म तथा लिच्छवि राजाहरूले इ. १०० देखि ८८० सम्म शासन गरेको भन्ने भनाइहरू पनि पाइन्छन् तर पनि त्यस अवधिभन्दा धेरै अगाडिदेखि नै गोपाल-महिषपालहरू नेपाल भूमिमा बसोबास गरिसकेका थिए (कार्की २०५३:६३)। नेपालमा सर्वप्रथम गोपालहरू र त्यसपछि महिषपाल तथा किरातीहरूको प्रवेश भएको र उनीहरूले लामो समयसम्म नेपालमा शासन गरेको पाइन्छ। यिनीहरूको प्रवेश पूर्व नै नेपाली भूमिमा मानिसहरूको बसोबास भएको मानिएको भए तापनि ऐतिहासिक स्रोत र

साधनहरूको अभावमा तत्कालीन समाजको सही चित्रण गर्न भने सकिएको छैन (कार्की, २०५३: ६३)। नेपालमा सर्वप्रथम गोपालवंशीहरूले राज्य स्थापना गरेको वंशावलीमा उल्लेख पाइन्छ। गोपालवंशी शासनपछि लगभग १६१ वर्षसम्म ३ जना महिषपालवंशी राजाहरूले शासन गरे। महिषपालवंशको शासनपश्चात् नेपालमा किरातवंशका ३२ जना किराती राजाहरूले शासन गरेका थिए भन्ने कुरा उल्लेख पाइन्छ। किँरात शासनपछि नेपालमा लिच्छवि शासनकाल शुरु हुन्छ यस कालबाट नेपाली संस्कृति र सभ्यताको विकासका अंकुरणहरू लाग्न थाले (शर्मा, २०५४: १३)। लिच्छविहरूले नेपालमा सर्वप्रथम राजतन्त्रको सुदृढीकरण गरे। देशमा सामान्य उद्योग, व्यापार र खेतीपातीको लागि पनि शासकहरूले आवश्यक व्यवस्था गरेको पाइन्छ। खेतीपाती, पशुपालन, व्यापार, उद्योगधन्दा आदि त्यसबेलाका मुख्य पेशा थिए। समाज अनेक जाति, वर्ण र वर्गमा विभाजित थियो। हिन्दु धर्मले बढी प्राथमिकता पाएको थियो भने बौद्ध धर्म पनि उन्नत अवस्थातिर अग्रसर थियो।

लिच्छविहरू वैशाली (हाल भारतको मुजफ्फरपुर जिल्ला) बाट शरणार्थीको रूपमा नेपाल प्रवेश गरी तत्कालीन किरातवंशी शासकलाई हटाई राज्य शासन व्यवस्था हत्याउन सफल भएका थिए। शासन हत्याउन यहाँ लिच्छविहरूले ठूलो संघर्ष गर्नुपऱ्यो। भनिन्छ, पाटनको च्यासलटोलमा युद्ध हुँदा आठसय किरातहरू मारिएको र त्यसैको सम्झनामा च्यासलटोल राखिएको हो भन्ने भनाइ पनि छ (दाहाल: २०५८: ४२-४३)। नेवारी भाषामा च्यासल भनेको आठसय भन्ने अर्थ लाग्दछ। सो संघर्षमा किरातहरूको हार भयो र उनीहरू पूर्वतिर लागेपछि नेपालमा लिच्छवि शासन व्यवस्थाको सूत्रपात भएको मानिन्छ (दाहाल, २०५८: ४२-४३)। तर पनि यस प्रकारको किरातहरू मारिएको घटनालाई आधिकारिक रूपमा पुष्टि गर्न भने सकिंदैन। झण्डै एक हजार वर्ष शासन गरेका किरातीहरूलाई युद्धमा पराजित गरी शासन सत्ता आफ्नो कब्जामा लिन सफल भएपछि लिच्छविहरूबाट नै नेपालमा वर्ण व्यवस्थाका आधारमा सामाजिक संरचनाको शुरुआत भएको पाइन्छ (कार्की, २०६८: १०)। लिच्छविहरूले कति समय कतिजना राजाले शासन सञ्चालन गरे भन्ने सम्बन्धमा तथ्य प्रमाण पाउन सकिएको छैन। तैपनि लिच्छवि वंशको १२ पुस्तापछि सुपुष्प र सुपुष्पको २३ पुस्तापछि जयदेव प्रथम, जयदेव प्रथमको १२ पुस्तापछि वृषदेव, वृषदेवको ३ पुस्तापछि मानदेव र मानदेवको ५ पुस्तापछि जयदेव द्वितीय राजा भएको उल्लेख पाइन्छ। उनी लिच्छविकालका अन्तिम राजा मानिन्छन् (दाहाल, २०५८: ४३-६५)। नेपालको प्राचीनकालीन इतिहासमा लिच्छविकालको विशेष पहिचान र गरिमा कायम भएको छ।

लिच्छवि राजा मानदेव प्रथमको शासनकालदेखि नेपालको प्रामाणिक इतिहासको शुरुआत भएको मानिन्छ। लिच्छँविकाल मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवम् धार्मिक सहिष्णुता र समन्वयको दृष्टिले समेत ज्यादै महत्वपूर्ण एवम् उल्लेखनीय भएको स्पष्ट प्रमाणका रूपमा तात्कालिक विभिन्न अभिलेखहरूलाई प्रस्तुत गर्न सकिन्छ। त्यसैले लिच्छविकाललाई नेपालको इतिहासमा स्वर्ण युगका रूपमा समेत चिनिन्छ (क्षत्री, २०६२: १७३)। विभिन्न ऋषि महर्षिहरूको तपोभूमि, शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थलको रूपमा परिचित यस पवित्र धर्तीमा हिन्दु धर्माबलम्बीहरूको बाहुल्यता छ। त्यस्तै बौद्ध, मुस्लिम किँरात, इसाई तथा जैन धर्मावलम्बीहरू पनि आ-आफ्ना संस्कारहरू निर्वाधरूपमा सम्पन्न गर्दै आईरहेका छन्। विभिन्न संस्कृति, जातीयता, पर्यावरण र जनजीवनको मिश्रित थलो नेपाल एक अद्वितीय संस्कृति बोकेको राष्ट्रको रूपमा परिचित छ।

मानिस एक सामाजिक प्राणी हो। समाजविना मानिस बाँच्न सक्दैन। समाज मानवीय सम्बन्धको जालो हो। समाज परिवर्तनशील छ। आजको समाज अनेकौं परिवर्तनका बाबजुद यो अवस्थामा आएको हो। परिवर्तन एउटा स्वाभाविक र सार्वभौम प्रक्रिया हो, जुन सबै समाज र संस्कृतिमा पनि देख्न सकिन्छ। मानिसको विकासको लागि समाज वा आफ्नो संस्कृतिको आवश्यकता पर्दछ। आदिमकालीन प्राकृतिक अवस्थापछि मानव मध्यवर्ती अवस्थामा प्रवेश गऱ्यो। यस युगमा प्रवेशपछि मानव पहिलाको प्राकृतिक अवस्थामा जस्तो सन्तुष्ट रहेन। मानवमा ज्ञानको वृद्धि हुँदै गयो। पशुपन्छीको शिकार गर्नका लागि पनि हातहतियारहरू निर्माण हुन थाल्यो। मानवले आगाको ज्ञान प्राप्ति गरेपछि घुमन्ते जीवन छुटाएर निश्चित ठाउँमा बसोबास गर्न थाल्यो। स्त्री-पुरुषको आकस्मिक मिलनको साटो स्थायी मिलन हुन थाल्यो र परिवार अस्तित्वमा आयो (शर्मा, २०६४:४२)। नेपालमा परम्परादेखि विविध धर्म, संस्कृति, परम्परा तथा सम्प्रदायका बीचमा परम्परादेखि नै चल्दै आएको सहकार्य, आपसी सहयोग, आदरभाव, अतिथि सत्कार, दयालुपन, धैर्यता तथा वीरता र धार्मिक सहिष्णुता जस्ता अनुकरणीय पक्षहरूले गर्दा विश्वसामू हाम्रो सामाजिक प्रतिष्ठा उँचो रहेको छ।

नेपाली समाजमा विद्यमान आर्य मूलका मानिसहरूका पुर्खा छिमेकी देश भारतको दक्षिण-पश्चिम भागबाट र मङ्गोल समूहका मानिसहरूका पुर्खा छिमेकी देश चीनको तिब्बत क्षेत्रबाट नेपाल प्रवेश गरेका हुन्। गुरुङ, शेर्पा, तामाङ आदि जाति छिमेकी देश चीनको तिब्बती क्षेत्रको उत्तर क्षेत्रबाट नेपाल प्रवेश गरे। यिनीहरू कोही उपयुक्त

बासस्थानको खोजीको क्रममा आफ्ना पशुहरू सहित नेपाल प्रवेश गरे भने कतिपय चीन, तिब्बत तथा भारतमा भएका राजनीतिक, सामाजिक, धार्मिक गडबडीका कारण पनि नेपाल भित्रिएको पाईन्छ। आर्य समूहका मानिसहरू हिन्दू धर्मका अनुयायीहरू थिए भने मङ्गोल समूहका मानिसहरू बौद्ध धर्मका अनुयायी थिए। यसरी आर्य र मङ्गोल दुई भिन्दाभिन्दै समूह वा मूलका मानिसहरू नै नेपाली समाजका मुख्य निर्माताका रूपमा देखिएकाले नेपाली समाज प्राचीनकालदेखि नै भिन्दाभिन्दै जाति, धर्म र संस्कृतिका आधारमा निर्माण भएको पाइन्छ। प्राचीन समयदेखि नै नेपाल प्राकृतिक रूपमै सुरक्षित स्थलको रूपमा विकसित भएको हुनाले यहाँ विभिन्न समयमा विभिन्न धर्म, संस्कृति तथा वर्गका मानिसहरू आई बसोबास गर्न थाले। त्यसैको परिणामस्वरूप वर्तमान नेपालमा अनेक जातजातिका मानिसहरू बसोबास गरिरहेका छन्।

पौराणिक कालदेखि नेपाल शान्तिप्रिय रहँदै आएकाले यहाँ सुरक्षाको प्रश्न कुनै समयमा पनि रहेन। त्यसो हुनाले नेपाल जनक, याज्ञवल्क्य, भारद्वाज, गार्गी, सीता, व्यास, पराशर, काश्यप, पाण्डव तथा बुद्धको क्रीडास्थल मानिन्छ। प्राचीनकालमा नेपाल गुप्तवंशी, आभीरवंशी, महिषपालवंशी, किरातवंशी, सोमवंशी, रजपुत, बर्मावंशी, लिच्छवीवंशी, नुवाकोटे ठकुरीबंशी, सुर्यबंशी रजपुतहरूको आश्रयस्थल रहेको स्पष्ट छ (सुवेदी, २०६१:८)। मध्यकालमा पनि कर्णाटक राजवंश, खसमल्ल राजवंश, मल्ल राजवंश, खान/शाह राजवंशको शासन थियो। नेपालको उत्तरतिर हिमशृङ्खला रहेकाले उत्तरतिरका ३७ ओटा घाँटीबाट आकलझुक्कल दक्षिणतिर लागेका फिरन्तेहरू पनि नेपालमा बसे (सुवेदी, २०६१:८)। आसाम कामरूपबाट काँसी हुँदै आएका किरात, खुम्बु, तिब्बतबाट पश्चिमतिर क्रमशः छिरेका गुरुङहरू, शेर्पाहरू, पश्चिम खैवर घाँटीबाट जत्थाका जत्था हुँदै आएका खसहरू, कान्यकुब्ज, सरयुपाणी, कन्याकुमारी, पञ्जाव जालन्धरबाट पसेका ब्राह्मणहरू, रजपूत, महाराष्ट्र, टिकौलीगढ, चित्तौरगढ, कार्तिकेयपुरबाट पसेका ३६ थरी ठकुरीहरू, कर्णाटक, नाहर तथा बर्मातिरबाट बेलाबेलामा प्रवेश गरेका नेवारहरू मिली नेपाली समाज बनेको छ (सुवेदी, २०६१:८-९)। ऐतिहासिक कालदेखि वर्तमानसम्म नेपालमा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको छ। नेपालको जनगणना २०६८ अनुसार यहाँ ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी १२५ जातिका मानिसहरू बस्दछन्। यी जातजातिहरूमा अनेकौं भाषा, धर्म सम्प्रदाय तथा आ-आफ्नो संस्कृतिहरू विद्यमान छन्। तिनीहरूमध्ये १२३ भाषा प्रयोगमा छन् (कार्की, २०६६:२७)। यहाँ हिन्दू, बौद्ध, मुसलमान, क्रिश्चियन, जैन,

किरात आदि धर्मावलम्बीहरू आ-आफ्ना धर्मसंस्कृति निर्वाध रूपले मानिरहेका छन् । यसबाट स्वतः स्पष्ट गर्न सकिन्छ कि नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक मुलुक हो । यस कारण राष्ट्रनिर्माताको उपाधि प्राप्त तत्कालीन राजा पृथ्वीनारायण शाहले आफ्नो दिव्य उपदेशमा भनेका थिए कि "नेपाल चार वर्ण छत्तीस जातको साझा फूलबारी हो, सबैलाई चेतना भया ।"

नेपालमा विभिन्न भाषाभाषी जातजातिका मानिसहरू बसोबास गर्दछन् । उनीहरू आफ्नै रहनसहन, चाडपर्व, वेशभूषा, संस्कृति, धर्म, रीतिरिवाज मान्ने गर्दछन् । त्यस्तै हिन्दू धर्ममा प्रचलित विभिन्न मतहरू जस्तै वैष्णव, शाक्त, बौद्ध धर्ममा शैवमार्गी जसको इतिहास निकै प्राचीन र महत्त्वपूर्ण छ । हिन्दूहरूको सम्पूर्ण धर्म, संस्कृति र सभ्यताको उद्गमस्थल वेदलाई मानिन्छ । वेदमा शिवको रुद्ररूपको चर्चा गरिएको छ । वैदिक धर्म हिन्दू धर्मको मूल आधार हो । यो बहुदेववादी धर्म हो । जसमा देवताहरूलाई पृथ्वी, वायुमण्डल र स्वर्ग गरी तीन स्थानमा विभाजन गरिएको छ । प्राचीनकालदेखि नै नेपालले विश्वभरिमा धार्मिक स्थलको रूपमा प्रसिद्धि कमाएको छ (थापा, २०६७:४) ।

नेपालमा विभिन्न जाति-जनजातिका मानिसहरूको बसोबास छ । नेपाल सरकारद्वारा गठित 'जनजाति उत्थान प्रतिष्ठान कार्यदल २०५३' ले जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चार वर्णको हिन्दु वर्णाश्रम व्यवस्थाभित्र नपर्ने, आफ्नो छुट्टै सांस्कृतिक पहिचान, भाषा, धर्म र रीतिरिवाज, लिखित वा अलिखित इतिहास भएको परम्परागत सामाजिक संरचनामा आधारित नेपालका आदिवासी वा मूलवासी भएका र हामी भन्ने भावना भएका, राज्य सञ्चालनमा निर्णायक भूमिका नभएका र आफूलाई जनजाति भनी दावी गर्ने समुदाय हुन् भनी परिभाषित गरेको छ (दाहाल र खतिवडा, २०५७:१९२-१९३) । अतः जनजाति भनेको कुनै एक निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने, आफ्नो छुट्टै सांस्कृतिक पहिचानयुक्त, परम्परागत भाषा, धर्म र रीतिरिवाजहरू अवलम्बन गर्ने जातीय समुदायहरू नै जनजाति हुन् । वि.सं. २०४६ सालको जनआन्दोलनपछि नेपाल सरकारले नेपाल राष्ट्रभित्र बसोबास गर्दै आएका समस्त जनजातिहरूको विकास गर्ने अभिप्रायले एउटा छुट्टै जनजाति विकास समिति गठन गरेको छ । जसले जनजातिहरूको समस्या र अवस्था बारेमा पहिचान गर्ने काम गर्दै आएको छ (बस्याल, २०६८:४-५) । नेपाल सरकारको यस कार्यले जनजातिहरूका लागि सराहनीय काम मान्न सकिन्छ किनभने यस समितिले पहिचानमा आइनसकेका जनजातिको पनि पहिचान गरी उनीहरूको यथार्थ

जानकारी प्रष्ट्याउने काम गर्नेछ भन्ने आशा लिन सकिन्छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक संगम भएको साझा फूलबारीका रूपमा रहेको मुलुक हो । नेपालका १२५ जाति र ५९ जनजातिमध्येको एक जनजाति 'थामी' हो । यो जातिको आफ्नो मौलिक पहिचान र विशेषता छ। थामी जाति जनजाति अन्तर्गतको एक जाति हो । थामीहरू आफ्नै धर्म, संस्कृति भएका र सामाजिक विकासका दृष्टिले अन्य जातिभन्दा अलि पछाडि परेका देखिन्छन् । नेपलमा बसोबास गर्ने सम्पूर्ण जनजातिले आ-आफ्नै भाषा, धर्म, संस्कृति, नृत्यकला र परम्परा बोकेका छन् । हरेक जातिको आफ्नै पहिचान र छुट्टै अस्तित्व रहेको छ। त्यसैले थामी जाति पनि आफ्नो धर्म, संस्कृति र भाषा तथा परम्पराको छुट्टै अस्तित्व परिचय दिने जाति हो ।

भौगोलिक, जैविक विविधता र हावापानीमा विषमता भएजस्तै जाति, भाषा, धर्म र संस्कृतिमा पनि विविधता भएको देश नेपाल हो । जसरी प्राकृतिक सौन्दर्यले यो देशलाई रमणीय बनाएको छ त्यसै गरी हिमालदेखि तराईसम्मका विभिन्न क्षेत्रमा बसोबास गर्ने विविध जातजाति, जनजाति, विविध परम्परा, रहनसहन, रीतिरिवाज र चालचलनले साँच्चै नै यो देश रमणीय र सुन्दर बनेको छ (सिग्देल, २०६१:१) । भौगोलिक दृष्टिले सानो देश भए पनि यहाँ विभिन्न जातजाति, जनजाति र आदिवासीहरू जस्तै ब्राह्मण, क्षत्री, गुरुङ, मगर, राई, लिम्बू, तामाङ, शेर्पा, थकाली, थामी, चेपाङ, मेचे, भुजेल, कुमाल, माझी, पहरी, ताजपुरिया, छन्त्याल, दुरा, लेप्चा, जिरेल, सुनुवार, धिमाल, सुरेल, दनुवार, राजवंशी, भोटे, गन्गाई, मारवाडी, राजपुत, दमाई, कार्मी, सार्की, गाइने आदि लगायतका जातजातिहरू परापूर्व कालदेखि नै बसोबास गर्दै आइरहेका छन् । यिनै विविध जातजातिहरूमध्ये नेपालको पाँच विकास क्षेत्र १४ वटै अञ्चल र ५६ वटा जिल्लाहरूमा अल्पसंख्यकको रूपमा बसोबास गरिरहेको जाति हो- थामी जाति (सेन्ट्रल ब्युरो अफ स्टाटिस्टिक २००१) ।

नेपाल विभिन्न जातजाति जनजातिको साझा फूलबारी हो । यहाँ विभिन्न प्रकारका जाति तथा जनजातिहरूको बसोबास छ। ती सबै जाति जनजातिहरूको नामकरण अर्थात् उत्पत्तिका पछाडि विभिन्न कारणहरू रहेका हुन्छन् । नेपालका जातिहरूको नामकरणको इतिहासलाई अध्ययन र्ने हो भने जयस्थिति मल्लले पेशा, व्यवसाय वा कामको आधारमा विभाजन गरी केही जातिहरूको नामकरण गरेको उल्लेख वंशावलीमा पाइन्छ (उपाध्याय, २०५६:७) । लिच्छवि राजा सुपुष्पले नेपालमा वर्णव्यवस्था लागू गरेर राज्यको सारा मर्यादा बाँधेका थिए भन्ने कुरा गोपालराज वंशावलीमा उल्लेख गरिएको हुनाले नेपालमा

वर्णव्यवस्था निकै अघिदेखि कायम थियो भन्ने देखिन्छ। यसलाई व्यवस्थित बनाउन जयस्थिति मल्लले भारतबाट कीर्तिनाथ उपाध्याय, रघुनाथ झा, महिनाथ भट्ट, श्रीनाथ भट्ट, रामनाथ झा नामका पाँच जना ब्राह्मणहरूलाई झिकाएर ती ब्राह्मणहरूको सहयोगबाट ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र गरी चार वर्ण र पेशा तथा व्यवसायका आधारमा छत्तीस जातिको व्यवस्था बाँधेका थिए (उपाध्याय, २०६२:७-८)। त्यस बेला पनि नेपालका विभिन्न जातिहरूको नामकरण कामको आधारमा सम्बोधन भएको देखिन्छ। जस्तो पाठपूजा र पुरेत्याइँ गर्नेलाई पण्डित, छालाको काम गर्नेलाई चर्मकार, सुनको काम गर्नेलाई सुनार, फलामको काम गर्नेलाई लोहार, गीत गाउनेलाई गन्धर्व, कपडा धुनेलाई धोबी, फूलबारी वा बगैंचामा हेरचाह गर्नेलाई माली, माटाका भाँडा बनाउनेलाई कुमाले, तामाको काम गर्नेलाई ताम्राकार आदि नामकरण भएका धेरै उदाहरण नेपाली समाजमा छन् (शर्मा, २०५९:३७)। नेपाली समाजको यस परिवेशमा ५९ वटा जनजातिहरूमध्ये थामी जाति पनि एक हो। यो जातिको पनि अन्य जातिको जस्तै नामकरण अर्थात् उत्पत्तिको पछाडि विभिन्न भनाइहरू पाइन्छन्।

बृहत् ज्ञानकोशका लेखक ज्ञानेश्वर भट्टराईले थामी जातिको नामकरणका बारेमा आफ्नो पुस्तकमा यसरी उल्लेख गरेका छन् कि आफ्नो जीवनमा जतिसुकै समस्या परे पनि आफ्नो पैतृक सम्पत्ति अरूलाई नदिई आफूसँग थामिइराख्ने तथा आफ्नो पैतृकस्थललाई नछोडी यथास्थानमा थामिइरहने हुँदा यो जाति 'थामी' कहलिएको हो (भट्टराई, २०५९/२०६०:३३०)।

नरेन्द्र शर्माले थामी जातिको नामकरण तथा उत्पत्तिका बारेमा यसरी वर्णन गरेका छन्-

> सिमाङ्गघाट कुमाङ्गघाटबाट सोनाआजी नामकी स्त्री र यापती छुकु नामको पुरुष आई ठिमीमा बसेका थिए। तिनका धेरै छोराहरूमध्ये केही भाइ पूर्वतिर गएर राई लिम्बूका पुर्खा भए। धेरै समयपछि तिनीहरू फर्केर आई यहाँ बसेका भाइहरूलाई पनि पूर्वतिरै हिँड धेरै जग्गाजमिन पाइन्छ भनी फकाउँदा होइन, तिमीहरू फर्केर जाओ हामी यहीँ थामिन्छौं भन्ने जवाफ दिई फर्काएछन्। यसै कारण ठिमीमै थामिएर बसेका भाइहरूलाई 'थामी' भनेका हुन् (शर्मा, २०५२:५५-५६)।

कुम्भलाल थामीले थामी जातिको नामकरणका बारेमा आफ्नो पुस्तकमा लेखेका छन्

कि थामी जाति किराती वंशकै एक उपसमूह हो, किनभने किरातीहरू देवालयलाई मन्दिर नभनी थान भन्दछन् । सदैव थानमै रही नित्य पूजा गर्ने मानिसलाई किरातहरू 'थानमी' (पुजारी) भन्ने गर्दछन् । यसै थानमी शब्दलाई आजका यस समुदायले विकृत पारी 'थाङ्मी' भन्ने गरेका हुन् । शुद्धमा थानमी नै बोलीचालीमा थाङ्मी भएको हो, जसको अपभ्रंश 'थामी' भयो भनेर उल्लेख गरेका छन् (थामी, २०६१:१०) ।

यस्तै प्रकारले थामी भाषा र संस्कृतिमा विद्यावारिधि गरेका बेलायती नागरिक शारा वेथ स्नेइडर्मान (Sara Beth Shneiderman) का अनुसार थामीहरूले बोल्ने भाषा तिब्बती बर्मेली समूहको भाषा हो । तिब्बती भाषामा 'थाङ' भनेको तृणभूमि (पशुचरन भूमि) र 'मा' भनेको मानिस । तृणभूमिमा बस्ने मानिस हुनाले थाङ्मी भएका हुन् । अर्को भनाइमा तिब्बती भाषामा मथाहमी भनेको सिमानामा बस्ने मान्छे हो । किनभने तिब्बतीहरू सुरुको 'म' लाई उच्चारण नै गर्दैनन् र मध्यमा आउने 'ह' लाई 'ङ' भनी उच्चारण गर्दछन् । यसरी सम्बोधन गर्दा गर्दै थाङ्मी जाति थामी भनी चिनिएका हुन् ।

थामी जातिको नामकरणका बारेमा कुम्भलाल थामीले एक लेखमा धरणीधर दाहालको भनाइ यसरी उल्लेख गरेका छन्-

> पूर्वी नेपालको दोलखा जिल्ला आसपासका एक पहाडी समुदायलाई थामी भन्दछन् । राजा शिवदेवका पालामा तिब्बतीहरूले श्वेतपुरमाथि आक्रमण गर्न घोडचढी तमोहरूका एक दल सेना नेपाल (काठमाडौं) हुँदै भारत जानु पर्ने भयो । तत्कालीन समयमा गण्डक र गंगाबीचको भूभागमा घना बस्ती थियो तर नेपाल (काठमाडौं) को चार भन्ज्याङ काटेर गण्डकदेखि गंगाको मैदानी भागसम्म नपुगन्जेल ठूलो जंगल पार गर्नुपर्थ्यो । तसर्थ श्वेतपुर नपुगन्जेलसम्म खाद्यान्नको व्यवस्था नेपाल (काठमाडौं) बाट नै गर्नुपर्ने हुँदा तमो सेनाहरूले आफ्नो अन्न भण्डार काठमाडौंको थामकोट भन्ने ठाउँमा बनाएका थिए । यही ठाउँबाट नै शिवदेवले झारलङ्गीहरूको मद्दतले अन्न र मालसामान श्वेतपुरसम्म ओसार-पसार गर्न लगाएका थिए । तमो सेनाले श्वेतपुर फत्तेह गरेपछि तमोगढी र थामकोट शिविर उठाई भोट फर्कन आफ्ना तमो सैन्यलाई शिवदेबले आदेश दिए । युद्धकालको लामो अवधिमा तिब्बती खामवंशीहरूले आसपासमा बसोबास गर्ने जनजाति समुदायका चेलीबेटीहरूलाई बिहे गरिसकेका थिए । ती स्त्रीहरू लिएर खासाको बाटो

हुँदै हिमालका टाकुराहरू पार गरी ल्हासा पुऱ्याउन असम्भव ठानी निकटवर्ती क्षेत्रहरूमा नै उनीहरूले आफ्नो बास थलो रोजे । खामवंशका सैनिकलाई तमोदल भनिन्थ्यो । जनजातिको जनजिब्रोले खाम शब्दलाई थाम भन्ने गरेको हुँदा यिनीहरू बसेका शिविर थामकोट नामले प्रख्यात थियो । वर्तमान समयमा यसलाई थानकोट भनी चिनिन्छ । यसरी थामकोटबाट विस्थापित भई दोलखा र आसपासमा बसेका खामवंशीहरू नै आजका थामी जाति हुन् (थामी, २०६१:१२-१३) ।

रामकाजी थामीले 'थामी समुदायको ऐतिहासिक चिनारी र संस्कार संस्कृति' पुस्तकमा थामी जातिको उत्पत्ति वा नामकरणका बारेमा यस प्रकार उल्लेख गरेका छन्-

> सृष्टिकालमा तीनवटा घाम (उनी सुम्फूर) र तीन वटा जुन (लानी सुम्फूर) थिए । उनी सुम्फूर र लानी सुम्फूरको प्रभावले पृथ्वीमा हरियाली भन्ने ठाउँ कुनै थिएन । सबै ठाउँमा मरुभूमि थियो । उनी सुम्फूर र लानी सुम्फूरलाई मास्ने मानवको खोजी भयो । तत्कालीन कोपाटी थाङ्पाटीको राजाले एक बाँडासँग सोधे, यो काम कसले गर्न सक्छ ? उसले जवाफ दियो, यो काम हनिमुन्ता र हनिजोडा दाजुभाइले मात्र गर्न सक्छन् । त्यसपछि उनीहरूलाई खोजी राजासामू उपस्थित गराउन आदेश दियो । तिनीहरूलाई खोजी राजासामु पेश गरियो । कन्दमूल र फलफूलको भोजन पश्चात उनी सुम्फूर र लानी सुम्फूरलाई मास्ने वचन दिई हतियारको माग गरे । राजाले उनीहरूलाई माटोको सिलौटा र कुखुराको अण्डा (नाम्सालोङमा र बेलोङमा) दिए । हनीमुन्ना, हनिजोडा र बाँडा तीन जना आकाशमा भऱ्याङ हाल्दै स्वर्गमा गए । हनिमुन्ना र हनिजोडाले तान्त्रिक शक्तिद्वारा एक घाम र एक जुन राखी वृहस्पति र शुक्रलाई छुट्याई बाँकी घाम र जुनलाई नाम्सालोङमा बेलोङमाले पिसेर आकाशमा नौलाख ताराको रूपमा छरिदिए । त्यसै बखत देवताहरूले थाहा पाई आक्रमण गर्न आए । हनिमुन्ना र हनिजोडा पृथ्वीमा भऱ्याङ छोट्याउँदै ओर्लन सफल भए तर बाँडा स्वर्गलोकमा नै छुटेको हुँदा देवताहरूले पृथ्वीतर्फ धकेलेका थिए । धकेलिएको बाँडा पृथ्वीको लुङ्गछिरी र ओराछिरी नामको पोखरीमा खस्यो । त्यसबाट उर्वरा माटो, हरियो झारपात,

डाँडा पाखा, बोटविरुवा, तराई, पहाडहरू बनी प्राणी जगतलाई बाँच्न सजिलो भएको किम्वदन्ती रहेको छ। यी दाजुभाइ थामीहरूका पुर्खा हुन् भन्ने किम्वदन्ती छ (थामी २०६१:१२-१३)।

यस्तै अर्को कथनअनुसार आदि मानवहरूमा लिम्बुवान, खम्बुवान, थम्बुवान र एक जना छोरी बेतीआजी थिए। तीमध्ये लिम्बुवान अमरकोशीतर्फ लागे, खम्बुवान् तमोरकोशीतर्फ लागे थम्बुवान तामाकोशीतर्फ लागे। उनै थम्बुवान, जसलाई उकेछुकु भनिन्छ र बेतीआजीका सन्तान नै आजका थामी जाति हुन् भन्ने किम्वदन्ती रहेको छ ( थामी २०६१:१२-१३)।

सिमाङ्गघाट (सिम्रौनगढ) बाट उत्पत्ति भई काली गण्डकी, सेती गण्डकी, थानकोट, ठिमी, दोलालघाट, तामाकोशी आदि स्थान हुँदै दोलखाको राङराङ्गथली मास्खाराङमा आई वन फडानी गरी बसोबास गरेका यापती र सोनारी नामका आदि मानव थामीले सृष्टि गरेका सात पुरुष र सात महिलाको सन्तान नै हालका थामी जाति हुन्।

अर्को भनाइ छ, सृष्टिकालमा छात्रपति राजा र छात्रपति रानीको हुकुमले हामी मानव जातिको उत्पत्ति भएको हो। मानव सृष्टि गर्दा सुनबाट बनायो बोलाउँदा बोलेन, चाँदीबाट बनायो बोलाउँदा बोलेन, तामाबाट बनायो बोलेन, अन्तमा खरानीबाट बनायो र बोलाउँदा बोल्यो। यसरी धेरै प्रयासपछि बनेको कारण मरेस् भनी राजाले सरापेका थिए रे। त्यसैले मानव जन्मेपछि मर्नुपर्छ भन्ने कथन छ। तिनै मानवहरूका सन्तानहरू नै आजका थामीहरू हुन्। यसरी रामकाजीले विभिन्न किम्वदन्तीहरू थामी जातिको नामकरणमा प्रस्तुत गरेका छन् (थामी, २०६१:२२-२५)।

## नेपालका सूचीकृत आदिवासी जनजाति र थामी जाति

नेपालमा आर्थिक, सामाजिक, राजनीतिक दृष्टिले पिछडिएका जाति जनजातिहरूको उत्थान गर्ने उद्देश्यले वि.सं. २०५४ असारमा राष्ट्रिय जनजाति विकास समिति गठन गरेको छ। आफ्नै भाषा, धर्म र संस्कृति भएका तर समाजमा पछि परेका निम्न ५९ वटा आदिवासी/जनजातिलाई आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८ ले अनुसूचित गरेको छ :

१. लोपोन्मुख समुह : (१) कुसुन्डा (२) वनकरिया (३) राउटे (४० सुरेल (५) हायू ( ६) राजी (७) किसान (८) लाप्चे (९) मेचे (१०) कुशवाडिया।

२. अति सीमान्तकृत समूह : (१) माझी (२) सियार (३) ल्होमी (सिङसावा) (४) थुदाम (५) धानुक (६) चेपाङ (७) सतार (सन्थाल) (८) झाँगड (९) थामी (१०) बोटे (११) दनुवार (१२) बरामू ।

३. सीमान्तकृत समूह : (१) सुनुवार (२) थारू (३) तामाङ (४) भुजेल (५) कुमाल (६) राजवंशी (ठ) गनगाई (८) धिमाल (९) भोटे (१०) दराई (११) पहरी (१२) तोक्पेगोला (१३) डोल्पो (१४) मुगाल (१५) लार्के (१६) ल्होपा (१७) दुरा (१८) वालुङ (१९) ताजपुरिया (२०) फ्री ।

४. सुविधाविहीन समूह : (१) ताङ्वे (२) तीन गाउँले थकाली (३) बाह्र गाउँले थकाली (४) गुरुङ (५) मगर (६) राई (७) लिम्बू (८) शेर्पा (९) याक्खा (१०) छन्त्याल (११) जिरेल (१२) व्यासी (१३) ह्योल्मो (१४) मार्फाली थकाली (१५) छैरोतन ।

५. उन्नत समूह : (१) नेवार (२) थकाली (भट्टराई, २०६९/७०:५१२) ।

यसरी विभिन्न आधारमा विभक्त गरिएका जनजातिहरूको समष्टि रूप निम्नानुसार छन् :

१. किसान २. कुमाल ३. कुसवाडिया ४. कुसुन्डा ५. गनगाई ६. गुरुङ ७. चेपाङ ८. छनत्याल ९. छैरोतन १०. जिरेल ११. झाँगड १२. डोल्पो १३. ताङ्वे १४. ताजपुरिया १५. तामाङ १६. तीन गाउँले थकाली १७. तोप्केगोला १८. थकाली १९. थामी २०. थारू, २१ थुदाम २२. दनुवार २३. दराई २४. दुरा २५. धानुक (राजवंशी) २६. धिमाल २७. नेवार २८. पहरी २९. फ्री ३०. वनकरिया ३१. बरामो ३२. बाह्र गाउँले थकाली ३३. बोटे ३४. भुजेल ३५. भोटे ३६. मगर ३७. माझी ३८. मार्फाली थकाली ३९. मुगाली ४०. मेचे (बोडो) ४१. याक्खा ४२. राई ४३. राउटे ४४. राजवंशी (कोच) ४५. राजी ४६. लार्के ४७. लिम्बू ४८. लेप्चा ४९. ल्होपा ५०. ल्होमी (शिङ्सावा) ५१. वालुङ ५२. व्यासी ५३. शेर्पा ५४. सियार ५५. सतार (सन्थाल) ५६. सुनुवार ५७. सुरेल ५८. हायू ५९. ह्योल्मो (भट्टराई, २०६९/७०:५१३) ।

२०६८ सालको जनगणनाअनुसार नेपालमा थामी जातिको जनसंख्या २८६७१ रहेको छ । क्षेत्रगतको आधारमा निम्नअनुसार छन् :

| | |
|---|---|
| (क) शहरी क्षेत्रमा | २५०४ |
| (ख) ग्रामीण क्षेत्रमा | २६१६७ |

भौगोलिक आधारमा

| | |
|---|---|
| १. हिमाली प्रदेशमा | २१६३७ |

| | |
|---|---|
| २. पहाडी प्रदेशमा | ५७३८ |
| ३. तराई प्रदेशमा | १२९६ |
| विकास क्षेत्रको आधारमा | |
| १. पूर्वाञ्चल विकास क्षेत्र | १९७० |
| २. मध्यमाञ्चल विकास क्षेत्र | २६१३७ |
| ३. पश्चिमाञ्चल विकास क्षेत्र | १२६ |
| ४. मध्यपश्चिमाञ्चल विकास क्षेत्र | १०८ |
| ५. सुदूरपश्चिमाञ्चल विकास क्षेत्र | ३३० |
| जम्मा | २८६७१ |

(स्रोत : डिस्ट्रिक एण्ड भिडिसी प्रोफाइल अफ नेपाल २०१३, पेज नं. १०, इन्टेन्सिप स्टडी एण्ड रिसर्च सेन्टर प्राइभेट लिमिटेड, काठमाडौं ।)

यसरी २०६८ को जनगणनानुसार विभिन्न क्षेत्रहरूमा बसोबास गर्ने थामीहरूको जनसङ्ख्या जम्मा २८६७१ मात्र रहेको पाइन्छ । तर २०५८ सालको जनगणनाअनुसार थामी जातिको जनसंख्या जम्मा २३०३० रहेको छ । पाँच विकास क्षेत्र, चौध अञ्चल र ५६ जिल्लामा अल्प संख्याको रूपमा यी जातिका मानिसहरू जिल्लागत रूपमा तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. २.२**

**नेपालमा विद्यमान थामी जातिको जनसंख्या (२०५८)**

| विकास क्षेत्र | अञ्चल | जिल्ला | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| पूर्वाञ्चल | मेची | १. ताप्लेजुङ | २ | ३ | ५ |
| | | २. पाँचथर | २ | २ | ४ |
| | | ३. इलाम | ४७७ | ४०१ | ८७८ |
| | | ४. झापा | ६८ | ५९ | १२७ |
| | कोशी | १. मोरङ | ७८ | ७३ | १५१ |
| | | २. सुनसरी | ५ | ११ | १६ |
| | | ३. धनकुटा | १ | ० | १ |
| | | ४. तेह्रथुम | ४ | ६ | १० |
| | | ५. भोजपुर | १०७ | १२१ | २२८ |
| | सगरमाथा | १. सोलुखुम्बु | ९२ | ८३ | १७५ |
| | | २. ओखलढुंगा | ४ | ४ | ८ |
| | | ३. खोटाङ | ३० | ३६ | ६६ |
| | | ४. उदयपुर | ८७ | ९३ | १८० |
| | | ५. सप्तरी | २६ | २१ | ४७ |
| | | ६. सिराहा | १ | ० | १ |
| | | जम्मा | ९८४ | ९१३ | १८९७ |

स्रोत : पपुलेसन अफ नेपाल कास्ट/इथ्निसिटी/मदरटङ्ग एण्ड रिलिजन, इस्टर्न डिभलपमेन्ट रिजन, २००१ ए.डी. ।

**तालिका नं २.२.१**

| विकास क्षेत्र | अञ्चल | जिल्ला | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| मध्यमाञ्चल | जनकपुर | १. धनुषा | ६ | २ | ८ |
| | | २. सर्लाही | ८० | ८९ | १६९ |
| | | ३. सिन्धुली | २८२ | २९८ | ५८० |
| | | ४. रामेछाप | ७१८ | ७९३ | १५११ |
| | | ५. दोलखा | ६९११ | ७०२५ | १३९३६ |
| | बागमती | १. सिन्धुपाल्चोक | १९६७ | २०२६ | ३९९३ |
| | | २. काभ्रेपलान्चोक | ५४ | ४८ | १०२ |
| | | ३. ललितपुर | १७ | ६ | २३ |
| | | ४. भक्तपुर | ९ | १० | १९ |
| | | ५. काठमाडौं | १०४ | ८० | १८४ |
| | | ६. नुवाकोट | ३ | २ | ५ |
| | | ७. धादिङ | ४ | ६ | १० |
| | नारायणी | १. मकवानपुर | १७ | २० | ३७ |
| | | २. रौतहट | २३ | २० | ४३ |
| | | ३. बारा | २५ | २२ | ४७ |
| | | ४. पर्सा | ३५ | ३८ | ७३ |
| | | ५. चितवन | १८ | १६ | ३४ |
| | | जम्मा | १०२७३ | १०५०१ | २०७७४ |

स्रोत : पपुलेसन अफ नेपाल कास्ट/इथ्निसिटी/मदरटङ एण्ड रिलिजन, सेन्ट्रल डिभलपमेन्ट रिजन, २००१ ए.डी. ।

**तालिका नं. २.२.२**

| विकास क्षेत्र | अञ्चल | जिल्ला | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| पश्चिमाञ्चल | गण्डकी | १. गोरखा | ८१ | ११६ | १९७ |
| | | २. लमजुङ | १ | ३ | ४ |
| | | ३. तनहूँ | २ | ३ | ५ |
| | | ४. स्याङ्जा | ३ | ६ | ९ |
| | | ५. कास्की | ४ | ३ | ७ |
| | धवलागिरी | १. पर्वत | १ | ० | १ |
| | | २. बागलुङ | ११ | १२ | २३ |
| | लुम्बिनी | १. गुल्मी | १ | ० | १ |
| | | २. नवलपरासी | १ | २ | ३ |
| | | ३. रूपन्देही | ० | २ | २ |
| | | ४. कपिलवस्तु | ६ | ३ | ९ |
| | | ५. अर्घाखाँची | ४ | ५ | ९ |
| | | जम्मा | ११५ | १५५ | २७० |

स्रोत : पपुलेसन अफ नेपाल कास्ट/इथ्निसिटी/मदरटङ एण्ड रिलिजन, वेस्टर्न डिभलपमेन्ट रिजन, २००१ ए.डी. ।

**तालिका नं. २.२.३**

| विकास क्षेत्र | अञ्चल | जिल्ला | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| मध्यपश्चिमाञ्चल | राप्ती | १. प्युठान | २ | ५ | ७ |
| | | २. रोल्पा | १ | २ | ३ |
| | | ३. दाङ | १ | ० | १ |
| | भेरी | १. बाँके | १ | १ | २ |
| | | २. बर्दिया | २ | ३ | ५ |
| | | ३. सुर्खेत | ४ | ४ | ८ |
| | | ४. जाजरकोट | १ | ० | १ |
| | कर्णाली | १. हुम्ला | ३ | ३ | ६ |
| | | जम्मा | १५ | १८ | ३३ |

स्रोत : पपुलेसन अफ नेपाल कास्ट/इथ्निसिटी/मदरटङ एण्ड रिलिजन, मिड वेस्टर्न डिभलपमेन्ट रिजन, २००१ ए.डी. ।

**तालिका नं. २.२.४**

| विकास क्षेत्र | अञ्चल | जिल्ला | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| सुदूरपश्चिमाञ्चल | सेती | १. अछाम | १ | ० | १ |
| | | २. कैलाली | १५ | १४ | २९ |
| | महाकाली | १. कञ्चनपुर | ३ | ५ | ८ |
| | | २. डडेलधुरा | ७ | ११ | १८ |
| | | जम्मा | २६ | ३० | ५६ |

स्रोत : पपुलेसन अफ नेपाल कास्ट/इथ्निसिटी/मदरटङ एण्ड रिलिजन, फार वेस्टर्न डिभलपमेन्ट रिजन, २००१ ए.डी. ।

उपर्युक्त तथ्याङ्कका आधारमा २०५८ को जनगणनाको तुलनामा २०६८ को जनगणामा ५६४१ जना बढी देखिन आउँछ । यसरी अद्यावधि सानो सङ्ख्यामा रहेको जाति हो थामी जाति जो आफ्नै संस्कार र संस्कृति आँगालेर बाँचिरहेको हो ।

निष्कर्ष : नेपाल राष्ट्रको कुल क्षेत्रफलको १.७३ प्रतिशत भू-भाग ओगटेको सिन्धुपाल्चोक जिल्ला प्राकृतिक सम्पदा र सुन्दरताका दृष्टिले उत्कृष्ट छ । तातोपानी धारा, बञ्जीजम्प स्थल, हेलम्बु, भोटेकोशीको र्‍याफटिङ आदी स्थलहरू सुविख्यात पर्यटकीय

स्थलहरूले जिल्लाको पहिचानलाई देशभित्र र बाहिर समेत परिचित बनाएको छ। यस जिल्लामा हेलम्बु, पाँचपोखरी तातोपानी, गौराती भिमेश्वर मन्दिर, भैरबकुण्ड, दुगुनागढी, पाल्चोक भगवती, त्रिपुरासुन्दरी माई मन्दिर, लिस्तिमाई मन्दिर आदि प्रख्यात धार्मिक स्थलहरू छन्।

सिन्धुपाल्चोक जिल्लाको ७९ गा.वि.स. मध्यमा १६ गाविसमा थामी जातिको बसोबास रहेको छ। ती मध्ये सुनखानी गाविस पनि एक हो। सुनखानी गाविसको वडा नं. ३ र ६ मा थामी जातिको बसोबास रहेको छ। यस सुनखानी गाविसको वडा नं. २ स्थित लखनडाँडा भन्ने स्थानमा पहिले पहिले स-साना सुनका पत्रहरू भेटिएको हुनाले त्यस ठाउँमा सुनखानी रहेको जनविश्वास गरी उक्त स्थानको नामनै "सुनखानी" भएको भन्ने जनश्रुति रहेको छ। यस गाविसको पूर्वमा ठूलोपाखर, पश्चिममा कालिका, उत्तरमा थुम्पाखर र दक्षिणमा लिसंखु र ठोकर्पा गाविसहरू पर्दछन्। यस गाविसको केन्द्रबिन्दुको रूपमा गाविस भवन रहेको स्थान "भुमेडाँडा" लाई मानिन्छ। यस गाविसमा समशीतोष्ण किसिमको हावापानी पाइने हुनाले विभिन्न प्रकारका जडीबुटीहरू पाईनुका साथै विभिन्न प्रकारका जंगली जीव जन्तुहरू विभिन्न प्रकारका रुख विरुवाहरू पाईन्छ। यस गा.वि.स. मा बसोबास गर्ने मानिसहरू बिशेष गरी हिन्दु, बुद्ध, क्रिश्चियन धर्मप्रति विश्वास राख्दछन् भने हिन्दु र बुद्ध धर्मसँग सम्बन्धित बढी मानिसहरू खेतीपाती गर्ने, पशुपालन गर्ने काम गर्दछन्। यस गाविसका मानिसहरूले स्वास्थ्य सेवा लिनको लागि एउटा स्वास्थ्य चौकी स्थापित छ। जसबाट स्वास्थ्य सेवा पाउन सर्बसाधारण जनताहरूका लागि सजिलो भएको छ। यस गाविसमा ८ वटा शैक्षिक संस्थाहरू १ मा.वि., १ नि.मा.वि. ६ वटा प्रा.वि. संचालनमा छन्। यस गाविसको प्रत्येक वडाहरूलाई कच्ची सडकले छोएको छ भने बिजुली र खानेपानीको सेवा पनि प्रत्येक वडामा पुगेको छ। यस गाविसमा पनि अन्य गाविसहरूमा जस्तै विभिन्न जातजातिको बसोबास रहेको छ जस्तै क्षत्री, तामाङ, कामी, मगर, भुजेल, थामी, दमाई र नेवार।

सन् १३२६ मा दिल्ली बादशाहको तुगलक सेनाले आक्रमण गरी सिमरौनगढको किल्ला ध्वस्त पारेपछि मात्र त्यहाँदेखि थामी जातिका पुर्खा यहाँ आएको वर्णन पाईन्छ। सिमरौनगढ ध्वस्त भएपछि दुई जोडी थामीका पुर्खाहरू यापती छुकु र सोनारी आजी अर्को जोडी उके छुकु र बेती आजी त्यहाँबाट बाहिरिन सफल भएका थिए। ती जोडीहरूबाट जन्मेका सन्तानहरूनै आजका थामीहरू हुन्। यहाँबाटनै थामी जातिको इतिहास शुरु हुन्छ।

यिनै जोडीहरू बेघरबार भई घुमन्ते जीवन भोगी फलफूल कन्दमुलको सहारामा जीवनयापन गर्दै आफ्नो दिगो बसोबासका निम्ति भूमि चाहार्ने क्रममा नेपालको भक्तपुरमा पर्ने ठिमी शहर हुँदै इन्द्रावती, सुनकोशी, दोलालघाट हुँदै उत्तर दिशामा अवस्थित अभयपुर ( हाल दोलखा) मा गएर बसोबास गरेको पाईन्छ। अभयपुरमा स्यूस्यू भन्ने थामी राजाले राज्य गरेको भन्ने भनाई छ। अभयपुर वा दोलखामा थामी जातिले राज्य गरेको हो भन्ने प्रमाणको रूपमा आज पनि विभिन्न देवालय, मठमन्दिर र त्यहाँ चलेका विविध प्रथाले पुष्टि गर्दछ। दोलखाबाट सिन्धुपाल्चोकको विभिन्न ठाउँहरू जस्तै : पिस्कर, चोकटी, धुस्कुन, घोर्थली, कर्थली, आदी ठाउँहरूमा थामी जातिको बसाईं सरेको पाइन्छ। यस सुनखानीमा आजभन्दा करिब ६,७ पुस्ता अगाडि जुजुमान थामी सिन्धुपाल्चोक जिल्लाको चोकटी गाउँको सेलेले भन्ने ठाउँबाट धुस्कुन हुँदै बिफर रोगबाट बच्नको लागि सुनखानीमा आएका थिए। यिनै जुजुमान थामीको सन्तानै आजका सुनखानीका थामीहरू हुन्।

नेपालमा विभिन्न भाषाभाषी जातजातिका मानिसहरू बसोबास गर्दछन्। उनीहरू आफ्नै रहनसहन, चाडपर्व, भेषभूषा, संस्कृति, धर्म, रितिरिवाज मान्ने गर्दछन्। भौगोलिक जैबिक विविधधता र हावापानीमा विषमता भए जस्तै जाति, भाषा, धर्म, र संस्कृतिमा पनि विविधता भएको देश नेपाल हो। नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक संगम भएको साझा फूलबारीका रूपमा रहेको मुलुक हो। नेपालका १२५ जाति र ५९ जनजाति मध्येको एक जाति हो "थामी" जाति। नेपालमा बसोबास गर्ने सम्पूर्ण जातजातिको आ-आफ्नै पहिचान र छुट्टै अस्तित्व रहेको छ। त्यसैले थामी पनि आफ्नो धर्म, संस्कृति र भाषा तथा परम्पराको छुट्टै अस्तित्व परिचय दिने जाति हो। नेपालमा थामी जातिको जनसंख्या २०५८ सालको जनगणना अनुसार २३०३० रहेको छ भने २०६८ सालको जनगणना अनुसार २८६७१ रहेको छ। यो जाति आफ्नै संस्कार, संस्कृति र परम्परालाई आत्मसात गर्दै आधुनिकतातर्फ उन्मुख छ।

# परिच्छेद : तीन

# सिन्धुपाल्चोक जिल्लाको सुनखानी गाविसका थामी जातिको सामाजिक-सांस्कृतिक अवस्था

## ३.१. पृष्ठभूमि

मानिस एक सामाजिक प्राणी भएकाले समाजविना ऊ एक्लै रहन सक्दैन । व्यक्ति-व्यक्ति मिलेर परिवार अनि धेरै परिवार मिलेर समाजको निर्माण भएको हुन्छ । यसरी समाजमा बस्ने सम्पूर्ण जाति मिलेर एउटा पूर्ण समाजको निर्माण भएको हुन्छ । मानिसको सामाजिक अवस्था के-कस्तो रहेको छ सो कुराको उल्लेख गर्नुपर्दा ऊ बसेको समाजको मूल्य, मान्यता, चालचलन, व्यवहार, धर्म, संस्कृति, संस्कार, परम्परा तथा कानूनले प्रत्यक्ष प्रभाव पारेको हुन्छ (बस्याल, २०६८:१९) । संस्कार भनेको मानिसको जन्मदेखि मृत्युसम्म गरिने विभिन्न रीतिरिवाज र परम्पराहरू हुन् । नेपालमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् । ती सबै जातजातिका आ-आफ्नै प्रकारका रीतिरिवाज र परम्पराहरू रहेका हुन्छन् । मानवीय जीवनको सामाजिक तथा सांस्कृतिक क्षेत्रमा संस्कार, रीतिरिवाज र परम्पराको ठूलो भूमिका रहने भएकाले मानवले त्यस्ता संस्कार र परम्परालाई निरन्तरता दिइरहनु पर्ने हुन्छ । संस्कारले संस्कृतिको निर्माण गर्दछ भने संस्कृतिले सभ्यताको निर्माण गर्दछ (बस्याल, २०६८:२९) । मानिस सामाजिक प्राणी भएकाले स्वभावैले समाजबाट अलग बस्न सक्दैन । परम्परादेखि कृषि पेशा अपनाएका यहाँका थामी जाति क्षत्री, तामाङ, भुजेलहरूकै समाजमा मिलेर बसेको पाइन्छ । समाजमा कुनै किसिमको अप्ठ्यारा चुनौती संकट, आपतविपत आइपरेको खण्डमा एक आपसमा मिलेर समाधान गर्ने गर्दछन् । यसरी हेर्दा यिनीहरूको सामाजिक सम्बन्ध राम्रो देखिन्छ (स्थलगत अध्ययन, २०७०) ।

## ३.२. जनसङ्ख्या

जनसंख्या सामाजिक अवस्था दर्शाउने एउटा महत्त्वपूर्ण मापदण्ड हो । जनसंख्याको अध्ययनबाट नै जन्म तथा मृत्युदर, आश्रित दर, परिवारको आकार तथा प्रकार, लिङ्ग अनुपात आदिका बारेमा जानकारी हासिल गर्न सकिन्छ । जनसंख्या अध्ययनको क्रममा

गाउँनै गाउँले भरिएको र गरीबीको अवस्थामा रहेको हाम्रो समाजमा यदि कुनै परिवारमा बच्चाहरूको संख्या धेरै देखिएमा हामी सहजै अनुमान गर्न सक्छौं कि त्यो परिवार सामाजिक, आर्थिक रूपमा पिछडिएको छ। जुन परिवारको सामाजिक अवस्था कमजोर हुन्छ, त्यस परिवारमा महिलाको सामाजिक अवस्था झनै कमजोर हुने गर्दछ। त्यसरी नै परिवारमा बच्चा-बच्ची तथा बूढाबूढीहरूको संख्या बढ्नाले आश्रित दर बढ्न जान्छ, जसको फलस्वरूप महिलाहरूलाई अदृश्य कामको बोझ थपिन जान्छ। जुन समाजमा जन्मदर, मृत्युदर, आश्रित अनुपात तथा परिवार संख्या उच्च रहन्छ त्यो परिवारको सामाजिक, आर्थिक अवस्था कमजोर हुन्छ। तसर्थ जनसंख्याको अध्ययन सामाजिक अवस्थाको ऐना हो।

अध्ययन क्षेत्र सुनखानी गाविसको कुल जनसंख्या ४१८२ रहेकोमा पुरुषको जनसंख्या २१५० र महिलाको जनसंख्या २०३२ रहेको छ। त्यसमा थामी जातिको जनसंख्या कूल १६५ रहेकोमा पुरुषको जनसंख्या ७५ र महिलाको जनसंख्या ९० रहेको छ (स्थलगत अध्ययन २०७०)। यहाँको जनसंख्याको विवरणलाई लिङ्गीय तथा जातीय आधारमा गरिएको वर्गीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.१**

**सुनखानी गाविसको जातिगत जनसंख्या**

| क्र.सं. | जाति | पुरुष | महिला | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मगर | २ | २ | ४ | ०.१० |
| २ | नेवार | ४७ | ३३ | ८० | १.९१ |
| ३ | क्षत्री | ८८९ | ७८१ | १६७० | ३९.९१ |
| ४ | दमाई | २६ | १९ | ४५ | १.०८ |
| ५ | कामी | ८५ | ८२ | १६७ | ४.०४ |
| ६ | तामाङ | ९४२ | ९४५ | १८८७ | ४५.१० |
| ७ | गुरुङ | ८ | ७ | १५ | ०.३६ |
| ८ | थामी | ७५ | ९० | १६५ | ३.९४ |
| ९ | भुजेल | ७६ | ७३ | १४९ | ३.५६ |
| | जम्मा | २१५० | २०३२ | ४१८२ | १००.०० |

*स्रोत : स्थलगत अध्ययन २०७० र सुनखानी गाविस कार्यालय।*

माथिको तालिकाअनुसार अध्ययन क्षेत्र सुनखानी गाविसको कूल जनसंख्या ४१८२ रहेको छ, जसमा पुरुषको संख्या २१५० र महिलाको संख्या २०३४ रहेको छ। यस गाविसमा मगर, नेवार, क्षत्री, दमाई, कामी, तामाङ, गुरुङ, थामी र भुजेल जाति गरी ९ जातजातिका मानिसहरू बसोबास गर्दछन्। कुल जनसंख्याको मगर ०.१ प्रतिशत, नेवार १.९१ प्रतिशत, क्षत्री ३९.९१ प्रतिशत, दमाई १.०८ प्रतिशत, कामी ४.०४ प्रतिशत, तामाङ ४५.१० प्रतिशत, गुरुङ ०.३६ प्रतिशत, थामी ३.९४ प्रतिशत र भुजेल जाति ३.५६ प्रतिशत रहेका छन्।

## ३.३. परिवारको आकार-प्रकार

परिवारको आकार कुनै पनि परिवारको सामाजिक, आर्थिक अवस्थाको अर्को सूचाङ्क हो। आज ठूलो परिवार हुनु अविकसित समाजको चरित्रको रूपमा लिइन्छ। त्यसैले यस अध्ययनमा पनि सुनखानी गाविसका थामीहरूको सामाजिक स्थिति बुझ्नका लागि परिवारको आकार सम्बन्धी जानकारी लिइएको छ। अध्ययनका क्रममा प्राप्त परिवारको आकारसम्बन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.२**

**थामी जातिको परिवारको आकारको विवरण**

| क्र.सं. | परिवारको आकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ जना वा सोभन्दा कम | १३ | ३६.११ |
| २ | ४ देखि ६ जना | १९ | ५२.७८ |
| ३ | ७ देखि ९ जना | ४ | ११.११ |
| | जम्मा | ३६ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७०।

माथिको तालिका नं. ३.२ मा उल्लेख भए अनुसार यस गाविसमा थामी जातिमा १ देखि ३ जना सदस्य हुने परिवार संख्या १३ अर्थात ३६.११ प्रतिशत, ४ देखि ६ जना सदस्य हुने परिवार संख्या १९ अर्थात् ५२.७८ र ७ देखि ९ जना वा सोभन्दा बढी परिवार संख्या भएको परिवारको संख्या ४ अर्थात् ११.११ प्रतिशत रहेको छ। नमुना छनोटमा परेका परिवारहरू मध्येमा सबैभन्दा बढी परिवार संख्या भएको परिवारको संख्या ९ जना रहेको पाइयो।

मानव सभ्यताको शुरुवातदेखि नै परिवारको विकास भएको पाइन्छ। बालबालिकाहरूले सम्पूर्ण सामाजिकीकरणका कुराहरू परिवारबाट नै सिक्ने भएकाले यसलाई पहिलो पाठशाला पनि मानिन्छ। सामान्यतया परिवार तीन प्रकारका हुन्छन्।

१. एकात्मक परिवार : आमा-बाबु र अविवाहित छोराछोरी रहेको परिवार।
२. संयुक्त परिवार : आमा-बाबु र तिनीहरूका विवाहित छोराबुहारी रहेको परिवार।
३. वृहत् परिवार : तीन पुस्ताका भन्दा बढी परिवारका सदस्यहरू एउटै परिवारमा बसेको परिवार।

प्राचीन कालभन्दा आधुनिक कालमा एकात्मक परिवारको संख्या दिनानुदिन बढ्दै गएको पाइन्छ। यस अध्ययन क्षेत्रका थामी बस्तीमा भने सबै एकात्मक परिवार नै रहेको पाइयो।

## ३.४. पारिवारिक निर्णय प्रक्रियामा महिलाको स्थान

नेपाली समाज पुरुषप्रधान भएको हुनाले प्राचीनकालदेखि नै नारीहरूले कुनै न कुनै रूपमा शोषणको शिकार हुनुपरेको थियो। आज एक्काईसौं शताब्दीसम्म आइपुग्दा भने नारीहरूलाई विभिन्न हक-अधिकार दिएर पारिवारिक निर्णयमा संलग्न गराइएको पाइन्छ। पारिवारिक निर्णयप्रक्रियामा महिलाको सहभागिता उनीहरूको सामाजिक र आर्थिक अवस्थाअनुसार पनि फरक-फरक हुन्छ। विवाह अगाडि निर्णय प्रक्रियामा कम सहभागिता हुनु र विवाह पछाडि बढी सहभागिता हुनु भनेको यसैको ज्वलन्त प्रमाण हो। अर्कोतिर ग्रामीण समाजमा भन्दा शहरी समाजमा महिलाको निर्णय प्रक्रियामा बढी सहभागिता देखिएको पाइन्छ। पुरुष घरमा नभएका महिलाहरूले आफैले विभिन्न घरायसी निर्णयहरू गरेको पाइन्छ भने सबैभन्दा बढी श्रीमान् र श्रीमती मिलेर संयुक्त रूपमा आर्थिक लगायत विभिन्न पारिवारिक निर्णयहरू गरेको यस थामी जातिमा पनि पाइन्छ। नारी र पुरुष एक रथका दुई पाङ्ग्रा भन्ने कुराको चरितार्थ यस जातिमा पनि पाइन्छ; किनभने कुनै पनि विशेष महत्त्वपूर्ण कामहरू गर्नुपर्दा श्रीमान्-श्रीमतीको साथसाथै परिवारका अन्य सदस्यहरू चाहे ती छोरा हुन् या छोरी सबैसँग सरसल्लाह गरी अन्तिम निर्णयमा पुग्ने गरिएको कुरा थामी जातिमा पाइन्छ। बिस्तारै चेतनाको विकास, शिक्षाको प्रभावका कारण यस जातिमा विगतका भन्दा वर्तमानको अवस्थामा नारी स्वतन्त्रताको स्वर उठ्ने गरेको र पारिवारिक निर्णय प्रक्रियामा महिलाको स्थान अझ सुदृढ हुँदै गएको पाइन्छ। त्यसकारण पारिवारिक निर्णय प्रक्रियामा महिलाहरूको स्थान राम्रो भएको पाइन्छ।

## ३.५. राजनीति तथा संघसंस्थामा आबद्धता

मानिस एक सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक प्राणी मात्र नभई ऊ एक राजनीतिक प्राणी पनि हो । कुनै पनि व्यक्ति जीवनका कुनै पनि एक पक्षमा मात्र नभई समय र परिस्थितिअनुसार समाजका विभिन्न पक्षहरूमा आबद्ध रहेको हुन्छ । त्यसैले व्यक्तिलाई कुनै पनि एक पक्षबाट मात्र हेर्नु र बुझ्नु एकाङ्की ज्ञान हुन जान्छ । यसर्थ मानिस एक सामाजिक प्राणी भएको हैसियतमा समाजमा ऊ शक्ति, अधिकार, नेतृत्व, नियम-कानूनसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्धित हुन्छ । त्यसैले कुनै पनि मानिस राजनीतिबाट अलग हुँदैन । यसर्थ पनि समाजमा राजनीतिक क्रियाकलाप सञ्चालन गर्न राजनीतिक संस्थाको आवश्यक हुन्छ र राजनीतिक व्यवहारलाई संस्थागत गरिएको हुन्छ ( शर्मा, २०५७:२४५) । राजनीति संस्था कुनै पनि समाज तथा राष्ट्रमा शक्तिको अभ्यास अधिकार नेतृत्वको बाँडफाँडसँग सम्बन्धित हुन्छ । कुनै पनि व्यक्ति राजनीतिबाट अलग रहन सक्तैन किनकि राजनीति त कुनै पनि समाज तथा राष्ट्र एवं विश्वव्यापी स्तरमा मात्र नभई स-साना अनौपचारिक समूह, परिवार, समुदाय आदिमा पनि नेतृत्व तथा अधिकारको अभ्यासको लागि हुने गर्दछ । जे होस् राजनीति भन्ने बित्तिकै चाहे समाज, परिवार, राष्ट्र, समूह तथा विश्वको जुनसुकै स्तरमा भए पनि स्थापित नियम, कानुन, मूल्य, मान्यता तथा अधिकारको निरूपण गर्ने र त्यसलाई कार्यान्वयन गर्नु वा समाजमा मानिसहरूको व्यवहारलाई कानुनी रूपमा नियन्त्रण गर्नुसँग सम्बन्धित हुन्छ (शर्मा, २०५७:२४५) ।

सिन्धुपाल्चोकको सुनखानी गाविसमा बसोबास गर्ने थामी जातिको तुलनात्मक रूपमा अन्य जातिको भन्दा राजनीतिक चेतना कम रहेको पाइन्छ । यसका साथै यस स्थानका थामी जातिको सामाजिक तथा राजनीतिक नेतृत्व अन्य जाति विशेष गरी क्षत्री तथा तामाङको भन्दा कम रहेको पाइन्छ (कृष्णबहादुर बुढाथोकीबाट जानकारी) । अध्ययन क्षेत्रमा अन्य जातिको जनसंख्याभन्दा थामी जातिको जनसंख्या कम भएकाले अर्थात् राजनीतिप्रति त्यति चासो नभएकाले पनि कुनै पनि राजनीतिक पहुँच नभएको देखिन्छ । वडा तहको भन्दा माथिल्लो नेतृत्वमा यहाँका कोही पनि थामी हालसम्म नपुगेको कुरा अध्ययनका क्रममा थाहा हुन आएको छ । (स्थलगत अध्ययन, २०६९) ।

मानिस एक चेतनशील, उन्नतशील, परिवर्तनशील सामाजिक प्राणी भएको हुनाले ऊ सदैव आफ्नो र आफ्ना सन्तानहरूका लागि जीवनस्तर उकास्न केही न केही आयआर्जनका काम गरिरहेको हुन्छ । त्यस्तै यस अध्ययन क्षेत्रका थामीहरू आयआर्जन गरी

जीवनस्तर उकास्नका लागि विभिन्न संघ-संस्थाहरूमा आबद्ध भएको देखिन्छ। जस्तै सेतीदेवी दुग्ध सहकारी संघ, मनकामना वचत तथा ऋण सहकारी, आत्मनिर्भर वचत तथा ऋण सहकारी, उन्नतिशील वचत तथा ऋण सहकारी आदि। पुरुषवर्ग विशेष खेती किसानको अलावा आंशिक रूपमा काम गर्न गाउँ/घर छोडी शहर बजारतिर जान्छन् भने महिलावर्ग खेती किसान गर्नुका साथै विभिन्न आर्थिक गतिविधिसँग सम्बन्धित संघ संस्थाहरूमा आबद्ध भई आफ्नो र परिवारको जीवनस्तर उकास्न लागिपरेको देखिन्छ ( स्थलगत अध्ययन, २०६९) ।

**तालिका नं. ३.३**

**सुनखानीका थामी जातिको राजनीतिक दलसँग आवद्धताको आधारमा उत्तरदाताको वर्गीकरण**

| क्र.सं. | राजनीतिक दल | आबद्धता | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | नेकपा एमाले | छ | ३० | ६० |
| २ | नेपाली कांग्रेस | छ | १० | २० |
| ३ | नेकपा एमाओवादी | छ | ५ | १० |
| ४ | स्वतन्त्र | | ५ | १० |
| | जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिकामा उल्लेख भए अनुसार यस गा.वि.स.मा बसोबास गर्ने ५० जना थामी (महिला, पुरुष) हरूमा गरेको सर्वेक्षण अनुसार ३० जना अर्थात् ६० प्रतिशत ने.क.पा. एमाले, १० जना अर्थात् २० प्रतिशत नेपाली कांग्रेस, ५ जना अर्थात् १० प्रतिशत ने.क.पा. ए माओवादी र ५ जना अर्थात् १० प्रतिशत स्वतन्त्र राजनीतिक दल प्रति आफ्नो आस्था राखेको पाइन्छ।

**तालिका नं. ३.४**

**सुनखानीका थामी जातिको संघसंस्थामा आवद्धताको आधारमा उत्तरदाताको वर्गीकरण**

| क्र.सं. | संघ-संस्थामा आबद्धता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ४८ | ९६ |
| २ | छैन | २ | ४ |
| | जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिका अनुसार यस सुनखानी गा.वि.स.मा बसोबास गर्ने ५० जना थामी (महिला, पुरुष) हरूमा गरेको सर्वेक्षण अनुसार ४८ जना अर्थात् ९६ प्रतिशत थामीहरू संघसंस्थामा आबद्ध भएको पाइयो भने २ जना अर्थात् ४ प्रतिशत थामीहरू कुनैपनि संघ संस्थामा आबद्ध नभएको पाइन्छ ।

## ३.६. थामी जातिको अन्य जातिका मानिसहरूसागको सम्बन्ध

मानिस एक सामाजिक प्राणी भएको नाताले ऊ समाजमा बस्ने गर्दछ । समाज मानिसहरूको सामूहिक एकाइ हो । एक्लो व्यक्तिबाट समाज बन्न सक्दैन तर पनि व्यक्ति-व्यक्ति नै मिलेर समाजको निर्माण हुने गर्दछ । एउटा समाजमा अलग-अलग क्षमता, वर्ण, धर्म, चालचलन र रीतिरिवाज भएका मानिसहरू बसोबास गरेका हुन्छन् । अलग-अलग धर्म, भाषा, रीतिरिवाज, सोच, विचार, क्षमता, बानीव्यहोरा, चालचलन आदि भए तापनि एकै समाजमा बसोबास गरेपछि एकआपसमा मित्रता, सद्भाव, सुखदु:ख, पीरमर्का आदिमा सहयोग गर्नुपर्ने हुन्छ (दाहाल र अन्य, २०५७:१) । यस अध्ययन क्षेत्रका थामी जातिहरू पनि त्यसबाट अछुतो छैनन् किनभने यहाँका अधिकांश थामी जाति कृषि पेशामा नै निर्भर छन् । कृषि पेशा मुख्य भएपछि एकअर्कामा सहयोगको भावना राख्नुपर्ने हुन्छ । यहाँका थामीहरू कृषि कार्यका लागि तामाङ, भुजेल, क्षत्री आदि जातिका मानिसहरूसँग अन्तरसम्बन्ध राख्ने गरेको पाइन्छ (स्थलगत अध्ययन, २०७०) । लुगा सिलाउनका लागि दमाईसँग, फलामको काम गर्न अर्थात् कृषि औजार निर्माण गर्नका लागि कामीसँग, छालाको काम गर्नका लागि सार्कीसँग, विवाह, व्रतबन्ध आदिको शुभसाइत हेर्नका लागि ब्राह्मणसँग सम्बन्ध रहेको पाइन्छ (ताराबहादुर र अन्य, अन्तर्वार्ता) । विशेष गरी थामी जाति इमानदार, लगनशील, मेहनती र विश्वासिला हुन्छन् । कृषिका अलावा थामीहरू घर बनाउने, सिकर्मी, डकर्मीको

काम गर्नाको साथै बाँस र निगालोबाट विभिन्न घरायसी प्रयोग हुने सामानहरू जस्तै डोको, डालो, भकारी, मान्द्रो, नाङ्लो, थुन्से आदि निर्माण गर्ने भएको हुनाले र ती निर्मित सामानहरू खरिद गर्नका लागि अन्य जातिका मानिसहरू आउने हुनाले अन्य जातिका मानिसहरूसँग यसप्रकारले अन्तरसम्बन्ध भएको पाइन्छ (कृष्णबहादुर थामी र इन्द्रबहादुर श्रेष्ठबाट जानकारी) ।

## ३.७. धार्मिक स्थिति

अलौकिक शक्तिहरूमाथिको आस्था नै धर्म हो । धर्म भन्नाले मानिसहरूको नीति, आदर्श, नैतिकता, आत्मा, ईश्वर तथा अदृश्य शक्तिमाथिको विश्वास हो । ब्रह्माण्ड तथा जीवनको सृष्टि, मृत्यु र यसपछिको रहस्यका साथै जीवनलाई पूर्ण बनाउने कुरा के हो भन्ने मानिसका मानसिक जिज्ञासाका परिणामस्वरूप धर्मको उत्पत्ति भएको हो । आफूभन्दा शक्तिशाली प्रकृतिमाथिको निर्भरताले गर्दा मानिसहरू पाकृतिक शक्तिमा अदृश्य अलौकिक गुणहरू हुन्छन् भन्ने कुरामा विश्वास गर्न थाल्छन् र तिनीलाई देवी देवता र प्रेतात्मा, देवदूत र भूतप्रेतहरूको रूप दिन थाल्छन् (शर्मा, २०५७:२४३) । मानिसहरूले आफ्नो अज्ञानताले गर्दा यस्ता कपोलकल्पित अदृश्य शक्तिहरूलाई सन्तुष्ट राख्न सकिएन भने तिनले दुःख, यातना र आपतविपत् ल्याउन सक्छन् र तिनलाई सन्तुष्ट पारियो भने र तिनको पूजाआजा गरे आफूलाई भलो गर्नेछन् भन्ने कुरामा विश्वास गर्न थाले । परिणामस्वरूप पूजापाठ, बलि जस्ता धार्मिक क्रियाकलापको प्रादुर्भाव भयो । धर्मकर्मको उत्पत्तिको साथसाथै कर्मकाण्डहरू सम्पादन गर्ने व्यक्तिहरू पुरोहितहरू, धामी, झाँक्री, पादरी, लामा र विभिन्न प्रकारका धार्मिक संघ-संस्थाहरू एवं प्रतिष्ठानहरूको सिर्जना हुन पुग्यो । यसर्थ धर्मको सारतत्त्व भनेको नै अशक्तता, विघ्नबाधाहरू, आपतविपत, यातना, अनभिज्ञताहरूबाट मुक्ति पाउने प्रयास हो (शर्मा, २०५७:२४३) ।

धर्म मानव समुदायअनुसार फरक-फरक आस्था भक्तिभाव राखी आस्था विश्वास राख्ने आस्थाको केन्द्र हो, जुन समुदायअनुसार फरक हुन सक्दछ तर त्यसको मूल आशय भनेको एउटै हुन्छ । थामी समुदाय आफ्नो धर्म के हो भन्ने विषयमा नै अनभिज्ञ छ किनभने उनीहरू सबै धर्ममा समान विश्वास र आस्था राख्दछन् (थामी, २०६१:९२) । थामीहरू आफूलाई कोही हिन्दू, कोही बुद्ध, कोही क्रिस्चियन, कोही किरात भन्ने गर्दछन् । वास्तवमा थामी समुदाय माथि उल्लेखित कुनै पनि धर्मअन्तर्गत पर्दैनन् । थामीहरू प्रकृतिका पुजारी

भएको हुनाले भूमिलाई पूजा गर्छन् । परम्परादेखि पुज्दै आएको आफ्नो कुल देवतालाई पूजा गर्छन् । थामीहरूको आफ्नै छुट्टै पहिचान दिने खालको धर्म छ । थामीहरू आफ्नो कर्म (काम) लाई कामको ठाउँ, प्रकृति, अवस्था हेरी विभिन्न तरिकाबाट विभिन्न वस्तुको प्रतिनिधित्व गरेर पूजा गर्ने गर्दछन् (थामी, २०६१:३२) । त्यसमा माथि उल्लेखित धर्महरूको केही केही कुरा थामी समुदायको धार्मिक संस्कारसँग मिल्दोजुल्दो छ । टहल थामीका अनुसार त्यसका केही उदाहरणहरू यस प्रकार छन् :

१. हिन्दू परम्परामा मूर्तिको पूजा गरिन्छ भने थामी समुदायले पनि विशेष ढुङ्गाको प्रतिस्थापन गरी पूजा गर्दछन् तर हिन्दू परम्परामा व्यक्ति र व्यक्तिका अङ्गहरूको प्रतीक मानेर पूजा गर्ने चलन पाइन्छ भने थामी समुदायले कामको प्रतीकका रूपमा ढुङ्गालाई देउता मानेर पूजा गर्दछन् (थामी, २०६१:३५) ।

२. बौद्ध परम्पराअनुसार मरेको लाशलाई डाँडामा लगेर जलाइन्छ र माने बनाइन्छ । थामी समुदायमा पनि मरेपछि डाँडामै लगेर जलाइन्छ र मृतकको सम्झनास्वरूप पायक पर्ने ठाउँमा चौतारो, पाटीपौवा बनाइन्छ र गोरेटो बाटोको मर्मत-सम्भार गरिन्छ (थामी, २०६१:३५) ।

३. किरात धर्मअनुसार चुल्हो (अगेना) लाई पवित्र स्थान मानी पूजा गरिन्छ भने थामी समुदायमा पनि चुल्होलाई पवित्र स्थानको रूपमा मानिन्छ, कुनै पनि धार्मिक, सांस्कृतिक कार्य गर्दा सोही ठाउँलाई पनि प्रयोग गरिन्छ (थामी, २०६१:३५) ।

४. मुस्लिम धर्मअनुसार तस्बिर, मूर्ति र अन्य वस्तुहरूको पूजा गरिँदैन, थामी समुदायमा पनि तस्बिरको पूजा गर्ने चलन छैन ।

५. क्रिस्चियन धर्ममा छुवाछूत मानिँदैन । थामी समुदायमा पनि ठूलो, सानो, छुतअछूत छुट्याउने र बार्ने चलन अरू धर्म र जातिमा जस्तो यस जातिमा छैन । महिलाहरू महिनावारी हुँदा बार्ने चलन भने छ (थामी, २०६१:३५) ।

यसरी सबै धर्मप्रति थामी समुदायको पूर्ण रूपमा नभए पनि आंशिक रूपमा निकटता एवं घनिष्टता अवश्य भएको दखिन्छ । मान्ने तरिका, नाम, अवस्था फरक भए तापनि मानिने कुरा एउटै हो भन्न सकिन्छ ।

### ३.७.१. थामी समुदायका प्रमुख संस्कारहरू

संस्कार भनेको मानिसको जन्मदेखि मृत्युसम्म गरिने विभिन्न रीतिरिवाज र परम्पराहरू हुन् । नेपालमा सबै जातजातिका आ-आफ्नै प्रकारका रीतिरिवाज र परम्पराहरू रहेका छन् । कतिपय जातजातिका संस्कार संस्कृतिहरू मिल्दाजुल्दा छन् भने कतिपयमा अत्यन्त पृथक पनि छन् । मानवीय जीवनको सामाजिक तथा सांस्कृतिक क्षेत्रमा संस्कार, रीतिरिवाज र परम्पराको ठूलो भूमिका रहने भएकाले मानवले त्यस्ता संस्कार र परम्परालाई निरन्तरता दिइरहनु पर्ने हुन्छ । संस्कारले संस्कृतिको निर्माण गर्दछ भने संस्कृतिले सभ्यताको निर्माण गर्दछ । त्यसै गरी थामीहरूको संस्कृतिले उनीहरूको सभ्यताको परिचय दिन्छ । यस्तै प्रकारले यस अध्ययन क्षेत्रका थामीहरूले पनि जन्मदेखि मृत्युसम्मका विभिन्न प्रकारका संस्कार र परम्परालाई निरन्तरता दिइरहेको कुरा यहाँका थामीहरू बताउँछन् । यहाँका थामीहरूको समाजमा जन्म, न्वारन, छेवर, विवाह, मृत्युजस्ता संस्कारहरू सम्पन्न गरिन्छ ( कृष्णबहादुर थामी, सन्चवीर थामी, ललितबहादुर थामीसँगको अन्तर्वार्ता) ।

#### ३.७.१.१. जन्म संस्कार

थामी जातिका कुनै पनि महिला गर्भवती भएको थाहा भएपछि श्रीमान-श्रीमती दुवैले पूजाआजा नगर्ने, काटमार गर्न नहुने, मन्दिरहरूमा दर्शन गर्न जान नहुने चलन अध्ययन क्षेत्रका थामीहरूमा रहेको छ । प्रशवको समयमा सुडेनीको सहायता लिने गरिन्छ । यदि नजिकै अस्पताल वा स्वास्थ्य चौकी भएको अवस्थामा स्वास्थ्य चौकी वा अस्पतालमा सुत्केरी गराइन्छ । बच्चा जन्मेपछि सालनाल काटिन्छ र बच्चा तथा आमा दुवैलाई मनतातो साबुन पानी र तितेपातीले नुहाइदिने चलन छ । आवश्यक खाना सुत्केरीलाई खुवाइन्छ । त्यसलगतै स्वजातको पुरोहितले पानीमा तितेपाती र गहुत (गाईको मुत्र) राखी आफ्नो मन्त्रद्वारा सुत्केरी र बच्चालाई छर्केर चोख्याइन्छ । घरपरिवारका अन्य सदस्यहरू र दाजुभाइलाई पनि सोही पानी छर्केर चेख्याइन्छ । बच्चा जन्मेको समय, दिन, बार आदि टिपेर (लेखी) राखी ब्राह्मणद्वारा चिना, टिप्पन बनाउन लगाइन्छ । सुत्केरीलाई न्वारन नभएसम्म केटा मान्छेले छुन नहुने र सफा कोठामा पराल वा न्यानो वस्तु ओछ्याएर त्यसमाथि अन्य वस्तु ओछ्याएर राखिन्छ, किनकि चिसोबाट बच्चा र आमालाई कुनै असर नपुगोस् भनेर यस्तो विधि अपनाइन्छ । छोरा भएमा ७ दिन र छोरी भएमा ५ दिनमा न्वारन गर्ने चलन छ । सुत्केरी अवधिभर अर्थात् बच्चा जन्मेर न्वारन नगरुन्जेल सुत्केरी भएको घर

र दाजुभाइको घरमा पूजाआजा गरिँदैन। न्वारन गरी सुत्केरी चोख्याएपछि मात्र पूजाआजा थालिन्छ। सुत्केरी आमा र बच्चा दुवैलाई तेल लगाई सेकताप गरिदिने चलन छ। यस समयमा अन्य समयमा भन्दा सुत्केरीलाई घ्यु, मासु, मह र अन्य पोषिला खानेकुरा खान दिने चलन छ (बुद्धिमाया थामी, मसली थामी, सुकुमाया थामी, कृष्णबहादुर थामी, बुद्धिमान थामी, गोपीलाल थामी, मंगलबहादुर थामीहरू सँगको अन्तर्वार्ता)। यसरी जन्मसंस्कारका कामहरू सन्पन्न हुन्छन्।

### ३.७.१.२. न्वारन

थामी जातिको छोरो जन्म भएमा ७ दिनमा र छोरी जन्म भएमा ५ दिनमा न्वारन गर्ने चलन छ। न्वारन गर्ने दिन सुत्केरी घरको चोटाकोठा लिपपोत गर्नुपर्ने हुन्छ। न्वारन गर्नु अगाडि आमा र बच्चा दुवैलाई सफा मनतातो पानीमा तितेपाती राखी साबुन पानीले नुहाइन्छ। न्वारन गर्दा आफ्नै जातिको पुरोहितबाट गरिन्छ, जो व्यक्ति त्यस दिन चोखो हुनुपर्छ। न्वारन गर्दा आवश्यक पर्ने सामग्रीहरूमा कलशमा चोखो पानी, तितेपाती, अदुवाको स-साना टुक्रा, दियो, एक माना चामल, धुपौरो, धूप, टोटलाको फूल, भेटी, सगुन, काँचो धागो, तोरीको तेल, बेसार, गाईको गहुँत, दुबो, केराको पात, सत्बिज, भोटो ( बालकलाई), कुखुरो आदि (कृष्णबहादुर थामी, अन्तर्वार्ता) आवश्यक हुन्छ। सो दिनमा इष्टमित्र, दाजुभाइ, छरछिमेकीलाई बोलाइन्छ। पुरोहितले आफ्नो मन्त्रद्वारा न्वारनको काम सकेपछि बच्चाको हात र खुट्टामा बेसार लगाएको पहेंलो धागो बाँधिदिन्छन्। त्यस धागोले बच्चाको रक्षा गर्छ भन्ने विश्वास छ। पुरोहितले आफ्नो कार्य सकेपछि गहुँतलाई दुबो र तितेपातीले बच्चा, आमा, घरको अन्य परिवार दाजुभाइ जम्मा भएका इष्टमित्र सबैलाई छर्केर चोख्याइन्छ। एक दुई थोपा गहुँत र साना अदुवाको टुक्रा खान दिइन्छ। सुत्केरी घरको चोटाकोठा र अन्य दाजुभाइको घरको चोटाकोठा, बगैंचा आदि ठाउँमा गहुँत छर्केर चोख्याइन्छ। सो दिन सक्नेले खसी वा बोका काटेर र नसक्नेले कुखुरा काटेर सुत्केरीलाई खुवाउनुका साथै आगन्तुकहरूलाई पनि खाना खुवाउने चलन छ (कृष्णबहादुर थामी, गोपीलाल थामी सुकुमान र थामीसँगको अन्तर्वार्ता)। यसरी बालबालिकाको न्वारन सम्पन्न गरिन्छ।

### ३.७.१.३. छेवर

यो कार्य ब्राह्मणलाई शुभ साइत शुभ दिन हेर्न लगाई ब्राह्मणले निकालेको शुभ साइतको दिनमा सम्पन्न गर्ने गरिन्छ। आफ्नै जातको पुरोहितले पनि शुभ दिन हेर्ने चलन छ। विशेष गरी छोरा जन्मेको ३, ५, ११, १३ वर्ष जस्ता विजोर वर्ष पारेर पहिलो पटक कपाल काट्ने विधिलाई छेवर भनिन्छ। छेवरमा मामाको अनिवार्य उपस्थिति हुनुपर्दछ। मामा नभएको अवस्थामा मामा पर्ने व्यक्ति जसलाई जुराएको छ उसले शुभ साइतको समय पारेर कपाल काटिदिनुपर्दछ। कपाल काट्दा टाउकाको बीचमा टुप्पी राख्नुपर्दछ। यस दिनमा छेवर गरेको बच्चालाई मावलीले नयाँ कपडा दिनुपर्दछ। सक्नेले कानमा सुनचाँदीको मुन्द्रा पनि लगाइदिने चलन छ। छेवर गर्ने बच्चालाई नयाँ कपडा, फूलमालाले पहिऱ्याइदिने र मीठा-मीठा खानेकुराहरू खुवाउने चलन छ। छोरामान्छेको छेवर कार्य गरिएजस्तै छोरीलाई ५, ७, ९, ११ वर्षजस्ता विजोर वर्ष पारेर गुन्युचोलो दिने चलन छ। यी कार्यहरू सम्पन्न गर्दा आफन्त, इष्टमित्र, छरछिमेक, दाजुभाइ सबैलाई आमन्त्रण गरिन्छ। आगन्तुक व्यक्तिहरूले छेवर गर्ने व्यक्ति र गुन्युचोलो पाउने व्यक्तिलाई आफूले सकेको दक्षिणा दिएर टीका लगाइदिन्छन् र आमन्त्रित व्यक्तिहरूलाई भोज खुवाउने प्रचलन छ (कृष्णबहादुर, सन्चवीर, गोपीलाल, गुण्डबहादुर थामीसँगको अन्तर्वार्ता)। यसरी छेवर कार्य सम्पन्न गरिन्छ।

### ३.७.१.४. विवाह

हिन्दू धर्मअनुसार विवाह एउटा सामाजिक संस्कार र सामाजिक कार्य हो। विवाह भनेको यस्तो वैधानिक संस्था हो, जसले पुरुष र महिलालाई सन्तान उत्पादन गर्न छुट दिन्छ। विवाहबाट परिवार तथा नाता सम्बन्धको विकास हुन्छ। यति मात्र नभई विवाहले समाजलाई आवश्यक जनशक्ति प्रदान गर्दछ। विवाहको परम्परा भिन्न समाज र जातमा भिन्न-भिन्न प्रकारको हुन सक्छ। यस अध्ययन क्षेत्रका थामीहरूको पनि आफ्नै प्रकारको विवाह प्रचलन रहेको छ। जहाँ एक पति र एक पत्नी विवाह प्रथाको साथसाथै एक पति र बहुपत्नी प्रथाले पनि केही हदसम्म प्राथमिकता पाएको छ। यस क्षेत्रका थामीहरूमा विवाह तीन प्रकारको पाइन्छ- १. मागी विवाह २. भागी विवाह ३. जारी विवाह। यहाँका थामी समुदायले अन्य विवाहभन्दा मागी विवाहमा बढी विश्वास राख्दछन्। हुन त अन्य विवाह पनि हुन नसक्ने होइन। विवाह गर्दा आफ्नै जातको पुरोहित (झाँक्री) बाट सम्पन्न गरिन्छ,

तर शुभ साइत चाहिँ ब्राह्मणलाई हेर्न लगाइन्छ। आफ्नै जातको पुरोहितले पनि साइत हेर्ने गर्दछन्। थामी जातिको विवाह परम्परा धुमधामको पर्व हो भन्दा पनि फरक पर्दैन। ३ देखि ४ दिनसम्म विवाहको उत्सवभरिमा करिब १५ देखि २० प्रकारका गीत संगीत प्रस्तुत हुने गर्दछन्। 'मादले' भनिने समूह नै थामी विवाहका प्रमुख मानिन्छन् किनभने उनीहरूले नै विवाहमा बाजागाजा बजाउने रमाइलो गर्ने गीत गाउने, नाच्ने गर्दछन् (कृष्णबहादुर थामी, सन्चवीर थामीसँगको अन्तर्वार्ता)।

यस क्षेत्रका थामी समुदायमा अनौठो चलन पनि छ। त्यो के भने विवाह भएर जन्मेको छोराछोरी विवाहयोग्य भईसक्दा पनि कतिपय बाबुआमाको विवाह थामी चलनको विधिविधान अनुसार नभएको हुनसक्छ। यस्तो अवस्थामा बुबाको विवाह नभइकन छोराको विवाह गर्न नहुने चलन रहेको छ। यसको तात्पर्य बुबाले चोरी, जारी, भागी वा अन्य कुनै प्रकारबाट विवाह गरेको भए तापनि उसको छोराको विवाह गर्नुपूर्व बुबाले थामी परम्पराअनुसार विवाह अनिवार्य गर्नुपर्ने हुन्छ। अन्यथा बाबुको परम्पराअनुसारका विवाह विना छोराले विवाह गरेमा त्यस्तो विवाहलाई समाजले बहिष्कार गर्दछ। त्यसकारण थामी समुदाय मागी विवाहमा बढी विश्वास राख्दछन्। यदि बाबुले आफ्नो परम्पराअनुसार विवाह गरेको छैन र आमा बाबुको मृत्यु भयो भने पनि छोराले विवाह गर्न सर्वप्रथम स्वर्गीय आमा-बाबुको विवाहका कुनै वस्तुलाई प्रतिस्थापन बनाई विवाह सम्पन्न गर्नुपर्दछ। अनि मात्र छोराको विवाह सम्पन्न गरिन्छ। यस जातिमा गुरुङ, मगर, तामाङमा जस्तो फुपूचेला, मामाचेलीबीच विवाह चल्दैन। यस जातिमा नयाँ पिंढीमा अन्तरजातीय विवाहले पनि प्रश्रय पाएको देखिन्छ। विवाहपछि पति र पत्नीको मन नमिलेमा हुने सम्बन्ध विच्छेदको घटना भने यस जातिमा भेटिँदैन। विगतमा बालविवाहले पनि यस जातिमा प्रश्रय पाएको देखिन्छ, तर आजकल केटाकेटीको उमेर २०-२५ वर्ष पुगेपछि मात्र विवाह हुने प्रचलन पाइन्छ ( निलबहादुर, कृष्णबहादुर, सन्चवीर, गोपीलाल थामीसँगको अन्तर्वार्ता)।

यस जातिको विवाह आफ्नै जातीय परम्पराअनुसार सम्पन्न गरिन्छ। विवाहमा बाबु अनिवार्य उपस्थित हुनुपर्दछ। यदि बाबु नभएमा ठूलो बुबा वा काकाले विवाह कार्य सम्पन्न गरिदिनुपर्दछ। दिदीबहिनीले दाजुभाइ र फुपूले भदैको विवाहमा सगुन राखेर बाटो छेक्ने चलन यस जातिमा पाइन्छ। बाटो छेक्दा दिदीबहिनी, फुपूले रोटी, रक्सी, चिउरा, अचार आदि अन्य खाद्य पदार्थ दुलाहा लगायत जन्ती जाने सबैलाई भोजको रूपमा खुवाउने प्रचलन छ। यो क्रम दुलही ल्याएपछि पनि चल्छ। दुलाहाले पनि उपहारस्वरूप कपडा र

नगद दिदीबहिनी र फुपूलाई दिने चलन पाइन्छ (मंगलबहादुर थामी, बुद्धिमान थामी, गोपीलाल थामी र शिव थामीसँगको अन्तर्वार्ता) । यसरी भव्यता तथा पूर्ण संस्कार सम्पन्न विवाह थामी जातिमा हुन्छ ।

### ३.७.१.५. मृत्यु संस्कार

मृत्युसंस्कार पनि एउटा महत्वपूर्ण संस्कार हो, जुन संस्कार हरेक समाज र जातिमा भिन्न-भिन्न तवरले सम्पन्न गर्ने गरिन्छ। नेपाल बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय, बहुसंस्कारयुक्त देश भएको हुनाले यहाँ विभिन्न जातजातिहरूको आ-आफ्नो प्रकारको संस्कार र परम्परा पाइन्छ (बस्याल, २०६८:३२) । त्यसमध्ये पनि पृथक संस्कार र परम्परा भएको जाति थामी हो। यस अध्ययन क्षेत्रका थामी समुदायको पनि मृत्यु संस्कार अन्य क्षेत्रका थामी समुदायको जस्तै रहेको पाइन्छ। मृत्युपछिको अन्त्येष्टि कर्म र अन्य प्रचलननै मृत्यु संस्कार हो। थामी समुदायको पनि सदियौंदेखिको जातीय परम्पराअनुसार मृत्यु संस्कार चलाउने पृथक् प्रचलन छ। थामी समुदायको आफ्नै छुट्टै मशानघाट हुन्छ। यो खोला वा नदी किनारमा नभई डाँडामा बनाइन्छ। यदि खोला वा नदी किनारमा लानैपर्ने परिस्थिति आइपऱ्यो भने खोला वा नदी किनारभन्दा अलि टाढा लगेर दाहसंस्कार गरिन्छ । आजकल भने खोला किनारमा पनि दाहसंस्कार गर्ने चलन भएको छ। जुन जग्गा डाँडामा छुट्टै हुन्छ त्यो जग्गा थामी समुदायका लागि मात्र सार्वजनिक हुन्छ। कुनै पनि चेलीबेटीको माइतीमा मृत्यु भएमा उक्त चेलीबेटीले समेत चिहान खरिद गर्नुपर्ने हुन्छ। अथवा ती चेलीबेटीको लाश जलाउने ठाउँ केही पैसा तिरेर खरिद गर्नुपर्ने हुन्छ। अन्य जातको लागि त्यो ठाउँ सार्वजनिक हुँदैन। अतः अरू जातिका मानिसहरूलाई थामीको मशानघाटमा जलाउन वा गाड्न पाइँदैन। थामी समुदायमा जन्मदेखि ३ वर्षसम्मका बालबालिकालाई जलाइँदैन। खाल्डो खनेर दबाइन्छ भने त्यस भन्दा माथिका सबै उमेरकालाई जलाइन्छ ( फाटाकी, २०६१:८५-८६)। थामी समुदायमा कुनै पनि मानिस मृत्युको नजिक पुगेको महसुस भएपछि सास रहँदै बाहिर निकालिन्छ। लिपपोत गरेर सफा ठाउँमा राखिन्छ। मृत्यु हुनासाथ 'फलानो' ले छाड्यो भन्दै छरछिमेक, इष्टमित्र, दाजुभाइ सबैलाई खबर गरिन्छ र गाउँलेहरू जम्मा हुन्छन्। त्यसपछि लाश ढाक्ने कपडा लिन पठाइन्छ र कपडा ल्याइसकेपछि मृत शरीरलाई ढाकिन्छ। बेलुका मृत्यु भएको छ भने लाशलाई सोही ठाउँमा कुरेर बास राखिन्छ। बिहान मृत्यु भएमा त्यही दिन नै लाशलाई अन्त्येष्टिका लागि मसानघाट लगिन्छ। लाश हिँडाउनु पूर्व थामी पुरोहित (झाँक्री) ले कुल बुझाएर मशान

झार्ने काम गर्दछन् भने अन्यले बाँसको खट तयार गर्ने काम गर्दछन् । शवको मुहार धोएर खरानीको टीका लगाई मुखमा सुनपानी र डबली पैसा हालिन्छ (कृष्णबहादुर थामी, अन्तर्वार्ता) । सम्पूर्ण तयारी भएपछि छोराहरूले शवको शिर घरतिर र पाउ मशानघाटतर्फ पारी शवलाई अगाडि बढाइन्छ । शवको अगाडि-अगाडि एक जना हातमा नाङ्गो खुकुरी लिएर हिँड्नुपर्ने हुन्छ किनभने शवलाई छुन सक्ने रुखका हाँगाबिगा काट्नुपर्ने हुन्छ । त्यसपछि लायो छर्ने व्यक्ति धामी पुरोहित अनि शव बोक्न सघाउने र अन्य मलामी लस्कर लागेर जान्छन् । मलामी जानेले दाउरा पनि लैजानुपर्ने हुन्छ । मशानघाटमा एक कोदालो र एक बन्चरो पनि लगिन्छ । कोदालो चिता बनाउनका लागि खन्न प्रयोग गरिन्छ भने बन्चरो दाउरा काट्न प्रयोग गरिन्छ । चिता तयार भएपछि शव चितामा राखिन्छ । दागबत्ती दिनुअघि थामी पुरोहित (झाँक्री) ले आफ्नो संस्कारअनुसार मन्त्रद्वारा कार्य पूरा गर्दछ र त्यसपछि जेठो छोराले शिरतर्फ र कान्छा छोराले पाउतर्फ दागबत्ती दिन्छन् र अन्य छोराहरूले पनि साथै दागबत्ती दिन्छन् । शव जलाइसकेपछि छोराहरू र नजिकका दाजुभाइले केश मुण्डन गर्दछन् । मलामी घर फर्केपछि खाजा खुवाइन्छ । मलामीहरू आ-आफ्नो घरतर्फ लाग्दछन् भने दाजुभाइहरूले किरियापुत्री बस्ने ठाउँको बन्दोबस्त गरिदिन्छन् । किरियापुत्री बस्नेले प्रत्येक दिन बिहानै नुहाएर सफा भई शुद्ध तवरले भात पकाएर मृतकको सम्झनामा चढाउनु पर्ने हुन्छ (मणिराज थामी र गोपीलाल थामी, अन्तर्वार्ता) । तीन दिनपछि एउटा सानो काम हुन्छ सो दिनमा दाजुभाइलाई नुनतेल फुकाउने कार्य गरिन्छ । तेह्र दिनमा घेवा गरिन्छ । यो कार्य तीन दिन र तीन रातसम्म हुन्छ । मृतकको सम्झनामा पायक पर्ने ठाउँमा बाटोघाटो मर्मतसम्भार गर्ने र चौतारो बनाउने चलन छ । त्यसपछि सोही दिन बेलुकाबाट घेवा शुरु हुन्छ । घेवा गर्दा दुईदेखि पाँच जना थामी पुरोहित (झाँक्री) द्वारा गरिन्छ । त्यस समयमा मृतकको ज्वाइँ अनिवार्य उपस्थित हुनुपर्दछ । किरिया शुरु गरिने बेलुकी रातभर बौद्ध परम्पराअनुसार 'माने पेमे' भन्ने चलन छ । भोलिपल्ट दिनभर किरियाको कार्य सकेपछि बेलुकी मृत आत्माले के कस्तो ठाउँमा बास गऱ्यो भन्ने जोखाना हेरिन्छ । त्यस बेला मूल पुरोहितलाई ६-७ जनाले केही समय जमिनमा नछुवाई उचालेर राख्नुपर्ने हुन्छ । त्यस समयमा उक्त पुरोहित बेहोस भएको हुन्छ र त्यति बेला मृतआत्मासँग कुराकानी गर्छ भन्ने विश्वास गरिन्छ । केही समयपछि होसमा आएर सबै कुरा भन्न थाल्छ, मृत आत्माले के कस्तो ठाउँमा बास गरेको छ, के कस्तो दुःखसुख पाएको छ । अन्तिम दिन (तेह्र दिनको ३ दिनपछि) सबै इष्टमित्र, दाजुभाइ,

मलामी गएका सबैलाई अनिवार्य आमन्त्रण गरी चोख्याउने चलन छ। यस दिन चेलीबेटीले मृतकको सम्झनामा सगुन (रोटी, चिउरा, अचार, जाँड, रक्सी र अन्य खाद्य पदार्थ) ल्याउने गर्छन् र उपस्थित सबैलाई खुवाउने चलन छ। त्यस दिन बेलुकी रातभर मृतकको सम्झनामा १०८ वटा बत्ती बाल्ने चलन छ। भोलिपल्ट बिहान उक्त बत्ती धारा वा खोला अर्थात् बगेको पानीमा लगेर सेलाइन्छ। यसपछि सम्पूर्ण कार्य सकिन्छ। प्रत्येक चाडपर्वमा मृतकको सम्झनामा मृतकको छोराले आफूले खानेकुरा चोखीनिती गरी चढाउने प्रचलन पाइन्छ (बुद्धिमान थामी, शिव थामी, मंगलबहादुर थामी, सञ्चवीर थामीसँगको अन्तर्वार्ता)।

## ३.८. भेषभूषा र खानपान

दुई विशाल राष्ट्र चीन र भारतको बीचमा अवस्थित नेपाल सानो देश भए तापनि भौगोलिक विविधता भएको मुलुक हो। तसर्थ भौगोलिक विभाजनको दृष्टिले हेर्दा हिमाल, पहाड र तराई क्षेत्रमा बसोबास गर्ने प्रत्येक नेपालीहरूको आ-आफ्नै प्रकारको जातीय परम्परा कायम रहँदै आएको छ। प्रत्येक जातजातिमा आ-आफ्नै प्रकारको भेषभूषा र खानपानको पनि व्यवस्था भएको पाइन्छ। थामी जातिको पनि आफ्नै प्रकारको भेषभूषा र खानपान छ। तर अध्ययन क्षेत्रका थामीहरूले भने आफ्नो परम्परागत भेषभूषा प्रयोग नगरी आधुनिक प्रकारको भेषभूषा प्रयोग गरेको पाइन्छ। किनभने थोरै संख्यामा ५-६ पुस्ता अगाडि मात्र यस क्षेत्रमा थामीहरूको आगमन हुनु र अन्य जातिसँगको घुलमिल भएको हुँदा उनीहरूकै प्रभाव पर्नु, आधुनिक प्रकारको भेषभूषामा आकर्षित हुनु यी कारणले गर्दा आफ्नो परम्परागत भेषभूषालाई विस्तारै बिर्सदै गएको पनि देखिन्छ। परम्परागत रूपमा पुरुषहरूले लगाउने भेषभूषामा खाडी, कोराको दौरा सुरुवाल, भाङ्ग्रा, लगौटी, टोपी, पटुका आदि र महिलाहरूले काकरबियाँ, मार्किन, छिपुवा, घरबुना, गौनको फरिया, कालोजिन, छिपुवा, घरबुनाको चोलो, कालो फलाटिनको चोलो, गहनामा चिनीमटी चुरा, काँसको चुरा आदि रहेको पाइन्छ। तर समय तथा मौसमअनुसार पुरुषले सर्ट, पाइन्ट, कोट, दौरा सुरुवाल, ढाका टोपी, पाइजामा, ट्राउजर, ज्याकेट, पटुका, फेटा, गलबन्दी, गन्जी, टिसर्ट, कट्टु, जुत्ता, मोजा, चप्पल आदि कपडाहरू लगाउँछन् भने सिक्री, औंठी, घडी जस्ता वस्तुहरू पनि लगाउँछन्। महिलाहरू चौबन्दी चोलो, धोती फरिया, ब्लाउज, साडी, पेटीकोट, कुर्तासलवार, म्याक्सी, पाइन्ट, सर्ट, टिसर्ट, गन्जी, जुत्ता, मोजा, चप्पल आदि लगाउँछन्। जाडो मौसममा मजेत्रो, बर्को ओढ्छन्। गहनाहरूमा कानमा टप, कुण्डल, मुन्द्री, ढुङ्ग्री,

गलामा तिलहरी, मङ्गलसूत्र, पोते, निधारमा टीका आदि लगाउँछन् ।

यसै गरी खानपानको स्थितिलाई हेर्दा यिनीहरू दैनिक रूपमा कृषिबाट उत्पादित खाद्यान्नहरू जस्तै धान, गहुँ, मकै, कोदो, फापर, जौ, मास, भट्टमास, बोडी, केराउ, चना, आलु, रहर, मस्याङ, तरुल, सखरखण्ड आदिबाट बनेका परिकारहरू खान्छन् । तरकारीहरूमा आलु, लसुन, प्याज, काउली, बन्दा, गुन्द्रुक, सिन्की, अचार, हरियो सागपात, छ्यापी, मस्यौरा आदि खान्छन् । माछा, मासु, दूध, दही, घिउ, मह, चिया, जाँड, रक्सी पनि सेवन गर्दछन् । खाजाको रूपमा मकै, भटमास, चिउरा, तरकारी, रोटी, जाँड, रक्सी, चिया आदि खान्छन् । कोही सूर्ती, चुरोट र खैनी पनि सेवन गर्दछन् तर यी पदार्थहरूको सेवनले शरीरमा हानि पुग्ने चेतना पाएको हुनाले विस्तारै धुम्रपान गर्नेको संख्या घट्दो देखिन्छ । खाना पकाउन विशेष गरी दाउरा प्रयोग गर्दछन् । आधुनिक सुधारिएको चुलो प्रयोग गरेको पाइन्छ । यस क्षेत्रका थामीहरू राँगा, भैंसी, खसी, बोका, भेंडा, च्याङ्ग्रा, हाँस, कुखुरा, मृग, कालिज, परेवा, ढुकुर, तित्रा आदिको मासु खान्छन् । बंगुर, सुँगुरको मासु खाए तापनि घरभित्र पकाउने र पाल्ने गर्दैनन् (गण्डबहादुर थामी, लालबहादुर थामी, मती थामी, फूलमाया थामी, रामशरण थामी, मंगलादेवी थामी, सरस्वती थामीसँगको अन्तर्वार्ता) ।

## ३.९. थामी जातिका विशेष पूजाआजा तथा चाडपर्व

थामी जातिहरू पनि अन्य जातिका मानिसहरूलेझैं पाप र धर्म, स्वर्ग र नर्कमा विश्वास राख्दछन् । अरूको भलाइमा लाग्नु, अरूलाई कष्ट नदिनु, देवीदेवताको पूजाआजा गर्नु र सही मार्गमा हिँड्नु नै धर्म हो र यसैबाट स्वर्ग पुग्न सकिन्छ भन्ने विश्वास थामी जातिहरूमा पनि पाइन्छ । चोरी भएमा, मान्छे विरामी भएमा, अन्नबाली बिग्रेमा, विभिन्न संकट आइपरेमा देवीदेवता रिसाएको र भूतप्रेत आदिले पिरेको भनी पूजाआजा गर्ने गर्दछन् । मानिसहरूलाई पिर्नु, झुठ बोल्नु र अरूलाई दुःख-कष्ट दिने व्यक्तिले नर्क भोग्नुपर्दछ भन्ने कुरामा विश्वास राख्दछन् । अतः थामीहरू ईश्वर र आफ्नो भाग्यमा विश्वास राख्दछन् । थामीहरू आफ्ना पुर्खाहरूले मान्दै आएका देवीदेवताहरूको पूजाआजा गरी आराधना गर्नु नै धर्म हो भन्ने कुरामा विश्वास राख्दछन् (कृष्णबहादुर थामी, अन्तर्वार्ता) ।

मूलत थामीहरू हिन्दू भए तापनि तामाङ र गुरुङहरूमा झैं हिन्दू र बौद्ध धर्मको सुन्दर समन्वय यस जातिमा देखा परी दुवै धर्मप्रति भक्तिभाव राखी पूजाआजा गर्ने प्रचलन छ । हिन्दू जातिका अन्य मानिसहरूले मान्दै आएका देवीदेवताहरूको पूजाआजा थामीहरू

पनि गर्दछन् । यस जाति हिन्दू धर्मको पनि उपासक वा विश्वासी देखिन्छन् भने अर्कोतिर थामीहरूको घरमा मर्दापर्दा पितृकार्य गर्दा झाँक्री (पुरेत) को उपस्थिति अनिवार्य हुनुपर्दछ । झाँक्रीविना मृतकको अन्त्येष्टि गर्न सामान्य अवस्थामा सकिँदैन । यस्तै मानिस विरामी परेमा र कुनै कष्ट, शुभ कार्य गर्नुपरेमा झाँक्रीकै सहयोग लिने गर्दछन् । तर बिस्तारै चेतना वृद्धिको कारणले झाँक्रीद्वारा उपचार गर्ने विधि भने क्रमशः लोप हुँदै गएको कुरा अध्ययन क्षेत्रमा देख्न सकिन्छ (बुद्धिमान थामी, अन्तर्वार्ता) ।

देवीदेवताहरूको पूजाआजा गर्दा चोखो खाने, उपवास बसने चलन थामीहरूमा पनि छ । मानिस विरामी भएमा सन्चो होस्, आँटेताकेको कुरा पूरा होस् वा पुगोस् भनी देवीदेवताहरूलाई भाकल उठाउने चलन यस जातिमा पनि विद्यमान रहेको पाइन्छ । भाकलअनुसार कतै बाखाको पाठो त कतै पाठी, हाँस, कुखुरा मन्दिरमा लगेर भोग दिने र परेवालाई भने जीवित छाडिदिने चलन छ । त्यस्ता पवित्र कार्यका दिनमा घरमा गाईको गोबरले लिपपोत गरी चोखो गर्ने चलन थामी जातिमा पाइन्छ (कृष्णबहादुर थामी, बुद्धिमान थामीसँगको अन्तर्वार्ता) ।

### ३.९.१. धान्यपूर्णिमा

बहुजातीय, बहुभाषीय, बहुसांस्कृतिक एवं बहुधार्मिक नेपालमा बहुउद्देश्यपूर्ण संस्कृतिका अनुयायीहरूको निवासस्थान भएका कारण प्रत्येक महिनाका धेरैजसो चन्द्रतिथिका दिनहरूलाई पवित्र दिन मानी ती तिथिका दिनमा चाडपर्व तथा व्रतउत्सव मनाउने चलन पाइन्छ । त्यसकारण त्यस्ता तिथिहरूका दिनहरूमध्ये ज्योतिषशास्त्र अनुसार चन्द्रमा मृगशिरा नक्षत्रमा पर्ने मार्ग महिनाको धान्यपूर्णिमा नामक पूर्णिमाको दिनलाई पनि एक विशेष चाडपर्व र व्रतउत्सवको दिन मान्ने परम्परागत प्रथा पाइन्छ । यो धान्यपूर्णिमा पर्व अध्ययन क्षेत्रका थामी जातिले पनि विशेष रूपमा मान्ने प्रचलन पाइन्छ (बज्राचार्य, २०२६:१२८) ।

धान्यपूर्णिमाको महत्त्वबारे ‘विष्णु पुराणको नारायण वचन’ मा यसरी उल्लेख भएको पाइन्छ- मार्ग शुक्ल पूर्णिमाको दिन धान वा चामल राखिएको भकारीमा रोटीका कुबेर, लक्ष्मी र गणेश बनाएर राखी चार दिनसम्म दिनदिनै विधिपूर्वक पूजा गरी रोटीहरू चढाउने, अरूलाई दान गर्ने र आफूहरूले पनि खाने चलन छ । यस कार्यले गर्दा एक वर्षसम्मलाई धनसम्पत्ति र अन्न स्थिर रहन्छन् र लाभ पनि हुन्छ । यसरी नै धान्यपूर्णिमाको महत्त्वबारे

'रत्नावदाने बुद्ध वचन' मा उल्लेख भएअनुसार- मार्ग शुक्ल पूर्णिमाका दिन पाञ्चाल देशवासी सुचन्द्र नामक गृहस्थ महाजनका दम्पती कत्तिका भक्तजन रहेछन् भनी बुझ्न कुबेर दरिद्रको रूप धारण गरी हातमा एउटा बिमिरो लिई उक्त महाजनको घरमा माग्न जानुभयो। सुचन्द्र गृहस्थकी धर्मपत्नी सुशीला थिइन्। उनीले झ्यालबाट तल हेर्दा एक दरिद्र पुरुषले आफ्नो घरमा माग्न आएको देखी झटपट तल ओर्लेर उक्त दरिद्र भेषधारी कुबेरलाई आदर-सत्कार गरेर नयाँ लुगा लगाउन दिई सम्मानपूर्वक अनेक खाद्य पदार्थहरू खान दिइन (बज्राचार्य, २०२६:१३०-१३१)। तिनले ख्वाएका मीठा-मीठा अनेक खानेकुरा खाई सन्तोष भएका दरिद्र भेषधारी कुबेरले खुशी भई गुप्त कुरा प्रकट गर्दै सुचन्द्र गृहस्थकी धर्मपत्नी सुशीलालाई आफ्नो सक्कली रूप देखाउनुभयो। उहाँले तिनलाई चाहिँदो ज्ञान र बुद्धिका कुरा सुनाई आफूले लिएर आएको बिमिरो पनि तिनैलाई प्रदान गरेर अन्तर्ध्यान हुनुभयो। कुबेरले ज्ञान र बुद्धिका कुरा बताउँदा भन्नुभएका कुरा सबै आफ्ना स्वामी सुचन्द्र गृहस्थलाई सुनाएर सल्लाह गरी उक्त सुचन्द्र गृहस्थकी धर्मपत्नीले कुबेरको वचनअनुसार तिलको धूलो र चाकुको झोल मिश्रित पदार्थभित्र राखी चामलको पिठोको 'योमढि' रोटी र रोटीकै कुबेरदेव बनाई अन्न राख्ने भकारीभित्र राखिन्। अनि कुबेरले प्रदान गर्नुभएको बिमिरोलाई पनि त्यहीँ स्थापना गरी विधिपूर्वक चार दिनसम्म छोपेर राखी पूजा गरिन्। योमढि रोटी आफूहरूले पनि खाए। उक्त कार्यको प्रभावले गर्दा सुचन्द्र गृहस्थ महाजनको घरमा धनसम्पत्तिको वृद्धि भयो र जति जति खर्च गऱ्यो त्यति त्यति बढेर आउने पनि भयो। त्यसैले सोही बेलादेखि उपर्युक्त किसिमले मार्गशुक्ल पूर्णिमा अर्थात धान्यपूर्णिमाका दिन चाडपर्व मनाउने प्रथा चलेको हो। यस दिन चाडपर्व मनाइएको कार्यले गर्दा घरमा धनसम्पत्ति, अन्न आदिबाट दुःख हुँदैन, निरोगी भएर शरीर पुष्ट हुन्छ भन्ने विश्वास गरिन्छ (बज्राचार्य, २०२६:१३१-१३२)।

धान्यपूर्णिमाका दिन थोरै मानिसहरूले माथि उल्लेख गरिएका शास्त्रोक्त वचनअनुसारका कार्य गरी चाडपर्व र व्रतउत्सव गर्दछन्। तर धेरैजसो मानिसहरूले यस प्रकारका कार्यहरू गर्दछन्। बिहानपख अरू-अरू चाडपर्व र व्रतउत्सवका दिनहरूमा झैं नुहाइधुवाई गरी देवदेवीहरूको दर्शन, पूजन, भजन गर्दछन् साथै धान्यदान पनि गर्दछन्।

अध्ययन क्षेत्रका थामी जातिहरूले पनि धान्यपूर्णिमा चाड वर्षौंदेखि बडो हर्षोल्लासका साथ मनाउँदै आइरहेका छन्। यहाँका थामीहरूले यो चाड आफ्नो गाउँघर नजिकै रहेको सेतीदेवी नामक मन्दिरमा मनाउने गर्दछन्। उक्त दिन बिहान नुहाइधुवाई

चोखोनितो बनी व्रत बसी दिउँसो मन्दिर सरसफाइ गर्ने, मन्दिरका लागि तोरण तयार पार्ने, रातभर आगो बाल्नका लागि दाउराको व्यवस्था गर्ने, खानेपानीको व्यवस्था गर्ने, नाचगान गरी रमाइलो गर्ने ठाउँको सरसफाइ गर्ने आदि काम गरिन्छ। साँझ पुजारीले विधिपूर्वक मन्दिरमा बत्ती बाल्छन् भने अन्य व्यक्तिहरूले आ-आफ्नो घरको अन्नको भकारीबाट बत्ती बालेर ल्याउँछन् र मन्दिरमा जम्मा भई सबैले आ-आफ्नो ठाउँमा आ-आफ्नो बत्ती रातभर बाल्दछन्। बत्ती घिउ वा शुद्ध तोरीको तेलमा बालिन्छ। बत्ती बाल्नुको कारणबारे उक्त मदिरका पुजारी कृष्णबहादुर र बलराम थामीसँग साक्षात्कार गर्दा आफू र आफ्नो सन्तानको सुख-सुविधा होस्, अन्न बाली राम्रो होस्, अनिकाल नपरोस्, अन्नमा सह होस्, रोगव्याधि नलागोस्, पशुचौपायाले राम्रो लब्ध दियोस्, अतिवृष्टि, अनावृष्टि नहोस्, आफ्ना सन्तान ज्ञानगुणले भरिपूर्ण होऊन् भनेर हामी थामी जातिले यस मन्दिरमा वर्षौंदेखि विश्वासका साथ यो धान्यपूर्णिमा चाडका दिनमा बत्ती बाल्दै आएका छौं भन्छन्। पूजाआजा गरी बत्ती बालिसकेपछि फलफूल, कन्दमूल ( सखरखण्ड, तरुल, पिंडालु आदि) खान्छन्। रातभर जाग्राम बसी मादल, झ्याली, झ्याम्टा, बाँसुरी, मुरलीको तालमा भजन तथा अन्य गीत गाएर नाचगान गरी रमाइलोसँग रात बिताउँछन्। जाडो मौसम भएका कारण रातभरि आगो बाली आगाको वरिपरि बसी रमाइलो ख्याल ठट्टा गरी हाँसखेल पनि गर्दछन्। अन्य मनोरञ्जनका लागि विभिन्न खेल, नाटक, प्रहसन आदि देखाइन्छ। बालबच्चादेखि बूढापाका सबै जम्मा भएर रमाइलोका साथ रात बिताउँछन्। भोलिपल्ट बिहान मन्दिरमा पूजापाठ गरी पशुपक्षी (पाठी, कुखुरा), कुखुराको अण्डा बलि चढाइन्छ अनि मन्दिरबाट बत्ती र नाचगानकासाथ नदी, खोलामा लगी सेलाइन्छ। त्यसपछि भोजको कार्यक्रम शुरु हुन्छ। भोजका लागि भनेर प्रत्येक गुठियार घरधुरीले तोके बमोजिम फलफूल, कन्दमूल, चिउरा, अचार, जाँड, रक्सी ल्याउनुपर्ने हुन्छ। बलि चढाएका पशुपक्षी दुई भाग लगाइन्छ। एक भाग गुठियारको प्रत्येक घरधुरीलाई प्रसादको रूपमा वितरण गरिन्छ, किनभने बलि दिने पशुपक्षी प्रत्येक गुठियार घरधुरीबाट पैसा उठाई खरिद गरिएको हुन्छ। अर्को बाँकी आधा भाग मन्दिर परिसरमा नै पकाएर गुठियारले जम्मा गरेको फलफूल, कन्दमूल, चिउरा, अचार, जाँड रक्सी प्रसादको रूपमा जम्मा भएका सबैलाई खुवाइन्छ। यस चाडमा घरबाट टाढा-टाढा काम वा जागिरको सिलसिलामा गएका प्रायः सबै जना थामीहरू जम्मा हुन्छन्। आफ्ना नातेदार चेलीबेटीहरूलाई पनि आमन्त्रण गरिन्छ। यो चाड थामी जातिको दशैं-तिहारपछिको ठूलो चाड मानिन्छ (सञ्चवीर थामी, कृष्णबहादुर थामी, गोपीलाल थामी, बलराम थामी, लालबहादुर थामी, ताराबहादुर थामीसँगको अन्तर्वार्ता)।

### ३.९.२. वैशाख पूर्णिमा

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषतायुक्त नेपाल सबै जातजातिको साझा फूलबारी हो । यहाँका हरेक चाडपर्व, महोत्सव र सांस्कृतिक परम्पराको महत्त्व रहेको छ । विभिन्न समुदाय र संस्कृतिले सुसज्जित नेपालको गरिमा र पहिचान बेग्लै र भिन्न किसिमको रहेको छ। यहाँका हरेक जातजातिको फरक-फरक वेशभूषा, रहनसहन र संस्कृतिले आ-आफ्नो पहिचान र संस्कृतिको प्रतिनिधित्व गरेको पाइन्छ। विभिन्न भाषा, धर्म, वर्ण, सम्प्रदाय, जातजातिको साझा फूलबारीका रूपमा रहेका नेपालमा सबैका आ-आफ्ना विशिष्ट संस्कृति र परम्परा रहेका छन् (बुद्धिमान थामीसँगको अन्तर्वार्ता)। सदैव एकले अर्काको धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान र आदर गर्ने हाम्रो आफ्नै विशिष्ट पहिचान रहेको छ। नेपाल लगायत भारत, तिब्बत, भुटान आदि देशमा धेरथोर संख्यामा बसोबास भए तापनि थामी समुदायको पनि आफ्नो फरक रीतिरिवाज रहेको पाइन्छ। सिन्धुपाल्चोक जिल्लाको सुनखानी गाविस लगायत नेपालका विभिन्न भूभागमा बसोबास गर्ने थामी समुदायको बेग्लै परम्परा र संस्कृति रहेको पाइन्छ। ती मध्ये हरेक वर्ष थामी समुदायले मनाउने पर्व वैशाख पूर्णिमा पनि एक महत्त्वपूर्ण पर्व हो । यसलाई उभौली पर्वको रूपमा पनि मनाउने चलन पाइन्छ। लगाएको अन्न बालीनाली राम्रो होस्, बालीनालीलाई चाहिने पानी प्रशस्त मात्रामा परोस् वा वर्षा होस्, बालीनालीलाई कुनै पनि रोग नलागोस्, कीराफट्याङ्ग्राले नष्ट नगरोस्, अन्य दैवीप्रकोपबाट अन्नबाली नष्ट नहोस्। प्राकृतिक दुर्घटनाहरू जस्तै बाढीपहिरो, असिना, आँधी, हुरीबतास, चट्याङ, अतिवृष्टि, अनावृष्टि नहोस्, पाकेको अन्नबाली सुरक्षितसाथ भित्र्याउन पाइयोस्, गाउँघर, घरपरिवार, इष्टमित्र सबैलाई सधैं कुशल रहोस् भनी विशेष प्रार्थनाका साथ यो पर्व मनाउने गरिन्छ (कृष्णबहादुर थामी र सञ्चवीर थामी, अन्तर्वार्ता)। यस पर्वमा विशेष बुद्ध धर्मका जन्मदाता भगवान् गौतम बुद्धको उपदेशसँग मेल खाने गरी प्रार्थना गरी मनाउने चलन पाइन्छ। यस पर्वमा पनि अन्य पर्वहरूमा जस्तै बिहान नुहाइधुवाइ सफासुग्घर, चोखो नितो भई नजिकैको मन्दिर वा गुम्बामा गई पूजापाठ गरी माथि उल्लेखित कुराहरूमा प्रार्थना गर्ने चलन पाइन्छ। पृथ्वीमा सर्वोच्च शक्तिको केन्द्र मानी थामीहरू धर्ती, सूर्य, हावा, पानी, वनस्पति, जीवजन्तु, खोलानाला आदिलाई पनि पूजा गर्ने गर्दछन्। बाच्नका लागि अति आवश्यक वस्तु अन्नबाली, सागपात, फलफूल नै आफ्नो भूमिको उपज मानेर बाली लगाउने र त्यो बाली पाकेपछि भित्र्याउनु अघि प्रकृतिको पूजा गर्ने चलन पाइन्छ, जसलाई उधौली र उभौली

पर्वको रूपमा पनि चिनिन्छ (गुनबहादुर थामी र मंगलबहादुर थामीसँगको अन्तर्वार्ता)। यसरी बैशाख पूर्णिमा वा धान्यपूर्णिमालाई उभौली-उधौली पर्वका रूपमा थामी समुदायले विशेष आस्था र श्रद्धाका साथ मनाउँछन् ।

### ३.९.३. भूमेपूजा

जुनसुकै मनसायले प्रेरित भएर किन नहोस् भूमि अर्थात् पृथ्वीको पूजा गर्ने प्रचलन विश्वका विभिन्न जातिहरूमा रहेको पाइन्छ। हिन्दूहरूमा पनि भूमिलाई प्रमुख इश्वरीय रूप सम्झेर पूजा गर्ने प्रचलन रहेको पाइन्छ। पृथ्वीमा हामी जन्मन्छौं, यसैमा हुर्कन्छौं र यसैमा विलीन समेत हुन्छौं। हामी माटोमै जन्मन्छौं र माटोमै मर्छौं। हामी जीवन निर्वाहका लागि चाहिने महत्त्वपूर्ण वस्तुहरू पनि पृथ्वीबाटै प्राप्त गर्दछौं। यसरी पृथ्वी हाम्रो महत्त्वपूर्ण आधारको रूपमा रहेको हुन्छ। यसै प्रसङ्गतर्फ अभिमुख भएर नै हाम्रो समाजले पृथ्वीलाई भूदेवको नाममा विभिन्न किसिमले पूजा गर्दै आएको पाइन्छ (ढुंगेल, २०५१:७१)।

थामी समुदायमा पनि अन्य जातिमा जस्तै पृथ्वी वा भूमिको पूजा गर्ने प्रचलन रहेको पाइन्छ। जमिनलाई सम्पत्ति सम्झने र खेतीपातीलाई ठूलो महत्त्व दिने थामीहरू उत्पादनको महत्त्वपूर्ण आधार भूमिलाई देवताको रूपमा सम्झन्छन्। वैशाख/जेठ र कार्तिक/मंसिर कुन महिनामा शुभ साइत मिल्छ सोही महिनामा वर्षको दुई पटक भूमि पूजा गर्दछन् ।

भूमिपूजासम्बन्धी रोचक किम्वदन्ती यसप्रकार छन्- पौराणिक कालमा यापती छुकु र सोनारी आजी तामाकोशी नदी तरेर दोल्ली खोलाको तिरैतिर बासस्थानका लागि उक्त खोलाको शिर रयाङरयाङ थली भन्ने ठाउँमा एउटा गुफामा बास बस्न पुगेछन्। त्यस गुफामा बस्नका लागि बन्दोबस्त मिलाएछन्। अब खानेकुरा केही नभएका कारण सोनारी आजीलाई उक्त गुफामा एक्लै छाडी यापती छुकु कन्दमूल खोज्न, शिकार गर्न भनी जंगलतर्फ लागे। आफ्ना श्रीमान् खानेकुराको खोजीमा जंगलतर्फ लागेको धेरै दिनसम्म नफर्केको कारण यता सोनारी आजीले खानेकुरा केही नपाएको कारण सिस्नो, कन्दमूल, फलफूल खोजी जीवन गुजारा गरिरहिन् (थामी, २०६१:५५)। उक्त सिस्नो, कन्दमूलबाट जाँडको औषधी (निर्बुल सुना, ताका सुना, बोधोरो सुना) बनाई प्रयोग गरी जाँड बनाई माटाको भाँडो (घ्याम्पो) मा हालेर राखिन्। उक्त जाँड आफ्ना श्रीमान् यापती छुकु आएपछि मात्र श्रीमान्‌को हातबाट घ्याम्पोको बिर्को खोली दुवै मिली खानेछौं भनी संरक्षण गरी राखिन्। केही महिनापछि आफ्ना श्रीमान् कन्दमूल, फलफूलका साथ आए। दुवै जनाको भेट

भएपछि उक्त जाँडको घ्याम्पोको बिर्को खोल्न सोनारी आजीले यापती छुकु श्रीमान्लाई आदेश दिइन्। घ्याम्पोको बिर्को उघार्न खोज्दा उघार्नै सकेनन्। अनेक जुक्ति लगाउँदा पनि घ्याम्पोको ढकनी नखोलिएपछि सोनारी आजीको आज्ञाअनुसार तितेपातीको धूप बालेर साङ/पूजा गरी खोल्न आदेश दिइन (थामी, २०६१-५६)। तितेपातीको धूप बालेर पूजा गर्नसाथ घ्याम्पोको बिर्को खोलियो र घ्याम्पोमा जाँड नभई नागसर्प देखियो। फेरि तितेपातीको धूप बालेर पूजा गर्नसाथ उक्त सर्प उडेर विलीन भयो। सोही रात यापतिको सपनामा त्यही सर्प आएर म तिमीहरूको भूमे देवता हुँ, अबदेखि मेरो नाम जपी वर्षको दुई पटक भूमे पूजा गर्नू, त्यसबाट तिमीहरूलाई सबै कुराको राम्रो हुनेछ। प्राकृतिक दुर्घटनाहरू हुने छैनन् भनी यापतिको सपनामा भनेका थिए रे। त्यसैको विश्वासको आधारमा थामीहरूले परापूर्व कालदेखि गर्दै आएको भूमेपूजा आजको एक्काइसौं शताब्दीको वैज्ञानिक युगमा पनि उनीहरू पृथ्वीमा सर्वोच्च शक्तिको केन्द्र मानी धर्ती, सूर्य, हावा, पानी, वनस्पति, जीवजन्तु, खोलानाला आदिलाई पूजा गर्ने गर्दछन्। बाँच्नका लागि अति आवश्यक वस्तु, अन्नबाली, सागपात, फलफूल सबै आफ्नो भूमिको उपज मानेर बाली लगाउने र बाली पाकेपछि भित्र्याउनु अघि प्रकृति (भूमि) को पूजा गरी खेतीपाती लगाउन सिकाउने आफ्ना प्राचीन पुर्खाहरूको सम्झनामा भव्य रूपले नाचगान गर्दै रमाइलोसँग यो पर्व मनाउने प्रचलन अद्यावधि छ (थामी, २०६१:५७)।

मुख्य गरी वैशाख या जेठ महिनामा कुन दिन साइत पर्छ उक्त शुभ साइत हेरेर कुन घरबाट भूमे निकालिने हो त्यो घरमा सफा सुग्घर गरी लिपपोत गरिन्छ। शुभ साइत परेको दिनको बेलुकी रातभर झाँक्रीद्वारा आफ्नो परम्पराको मन्त्र (मुन्धुम) द्वारा सम्पूर्ण देवीदेवता, कुलकुलायनको पूजाआजा गरिन्छ। भोलिपल्ट उक्त झाँक्रीले व्रत बसी चोखोनितो बनी भूमेपूजा गर्ने ठाउँमा थान बनाई पूजा शुरु गर्दछन्। यो ठाउँ समाजको पायक पर्ने ठाउँमा सफासुग्घर गरी बनाएको संरक्षित ठाउँ हुन्छ। त्यस दिन प्रत्येक थामीहरूले आ-आफ्नो घर बिहान लिपपोत गरी शुद्ध बनाई भूमे देवताका लागि भनेर चामलको अक्षता, टोटलाको फूल, नैवेद्य, भेटी, गहुँ, एउटा कुखुराको फुल, सक्नेले कुखुराको भाले आदि भूमेपूजा गर्ने स्थानमा लैजाने गर्दछन्। भूमे पूजा गरिसकेपछि प्रसादस्वरूप चामलको पिठो र गहुँको पिठोबाट बनेको एक प्रकारको परिकार र पकाएको कुखुराको अण्डा, चामलको भातबाट बनेको सोल्बु (लड्डुजस्तै) उपस्थित सबैलाई खान दिइन्छ। युवायुवती, बूढापाका, बालबच्चा सबै उपस्थित भएर ढ्याङ्ग्रो बजाउँदै, मादल, झ्याली, झ्याम्टा, बाँसुरी, मुरली

लगायत अन्य संगीतका सामग्रीहरू बजाउँदै नाचगान गर्दै रमाइलोसँग यो पर्व मनाउने चलन पाइन्छ। तर अध्ययनस्थलका थामीहरूले कात्तिक/मंसिरमा पर्ने भूमेपूजा भने त्यति महत्त्वका साथ मनाउने चलन पाइँदैन किनभने थामीहरूको विशेष चाड धान्यपूर्णिमा पनि यसै बेला पर्ने गर्छ (कृष्णबहादुर थामी, कुलमाया थामी, सुकुमाया थामी, भरत थामीसँगको अन्तर्वार्ता)। जे भए तापनि यहाँका थामीहरूले आफ्नो संस्कारगत मान्यताहरूलाई अगाडि बढाइरहेका छन्।

निष्कर्ष : मानिस एक सामाजिक प्राणी भएकोले सामाजविना ऊ एक्लै बस्न सक्दैन। समाज बन्नको लागि ब्यक्ति-ब्यक्ति, परिवार परिवारको आवश्यकता पर्दछ। यसरी समाजमा बसोबास गर्ने सम्पूर्ण जात जातिहरू मिलेर एउटा पूर्ण समाजको निर्माण भएको हुन्छ। कुनैपनि समाज भित्र त्यस समाजको मूल्य, मान्यता, चालचलन, ब्यवहार, धर्म संस्कृति, संस्कार, परम्परा तथा कानुनले प्रत्यक्ष प्रभाव पारेको हुन्छ। नेपाललाई १२५ जातजाति १२३ भाषाभाषी बोल्ने मानिसहरूको बसोबास गर्ने एउटा साझा फूलबारीको रूपमा लिन सकिन्छ ती सबै जातजातिका आ-आफ्नै प्रकारका रीतिरिवाज र परम्पराहरू रहेका हुन्छन्। मानिस सामाजिक प्राणी भएकाले स्वभावैले समाजबाट अलग बस्न सक्दैन। त्यसैले सुनखानी गाविसमा बसोबास गर्ने थामीहरू पनि परम्परादेखि नै कृषि पेशा अपनाउँदै आएको हुनाले यहाँका अन्य जातिहरूसँग मिलेर बसेको पाइन्छ।

जनसंख्या सामाजिक अवस्था दर्शाउने एउटा महत्वपूर्ण मापदण्ड हो। जनसंख्याको अध्ययनबाट नै जन्म तथा मृत्युदर, आश्रितदर, परिवारको आकार तथा प्रकार लिङ्ग, अनुपाद आदिको बारेमा जानकारी हासिल गर्न सकिन्छ। यस सुनखानी गाविसको कुल जनसंख्या ४१८२ रहेकोमा पुरुषको जनसंख्या २१५० र महिलाको जनसंख्या २०३२ रहेको छ। यहाँ मगर, नेवार, क्षत्री, दमाई, कामी, तामाङ, गुरुङ, थामी, भुजेल आदि जातजातिको बसोबास रहेको छ। परिवारको आकार कुनै पनि परिवारको सामाजिक, आर्थिक अवस्थाको सूचकाङ्क हो। परिवार सकारात्मक संयुक्त र बृहत् गरी तीन प्रकारका हुन्छन्। ठूलो परिवार हुनु आजको समाजमा अविकसित समाजको चरित्रको रूपमा लिने गरिन्छ। यहाँ बसोबास गर्ने थामी जातिको परिवारमा सकारात्मक र संयुक्त परिवार भएको देखिन्छ। परिवारमा पारिवारिक निर्णय प्रक्रियामा विशेषगरी पुरुषहरूलाई नै उच्च स्थानमा राखिएको नेपाली समाजमा देखिन्छ तर एक्काईसौँ शताब्दीसम्म आइपुग्दा भने नारीहरूलाई विभिन्न हक अधिकार दिएर पारिवारिक निर्णयमा संलग्न गराइएको पाइन्छ। नारी र पुरुष एक रथका दुई

पाङ्ग्रा भन्ने कुराको चरितार्थ थामी जातिमा पनि पाइन्छ किनभने कुनै पनि विशेष महत्वपूर्ण कामहरू गर्नुपर्दा श्रीमान् श्रीमतीको साथसाथै परिवारका अन्य सदस्यहरू चाहे ती छोरा हुन् या छोरी सबैसँग सरसल्लाह गरी अन्तिम निर्णयमा पुग्ने गरिएको पाइन्छ ।

मानिस एक सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक प्राणी मात्र नभई एक राजनीतिक प्राणी पनि हो । मानिस एक सामाजिक प्राणी भएको हैसियतमा समाजमा ऊ शक्ति, अधिकार, नेतृत्व, नियम कानूनसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्धित हुन्छ । त्यसैले कुनै पनि मानिस राजनीतिबाट अलग हुन सक्दैन । यहाँका थामीहरू तुलनात्मक रूपमा अन्य जातिको भन्दा राजनीतिक चेतना कम भएता पनि आफ्नो हक अधिकार नेतृत्व नियम कानुन खोज्न चाहन्छन् । जनसंख्याको आधारमा यहाँका थामीहरू थोरै भएता पनि विभिन्न राजनितिक दलहरूप्रति विश्वास राखेको पाइन्छ। एउटा समाजमा अलग-अलग क्षमता, वर्ण, धर्म, चालचलन र रीतिरिवाज भएका मानिसहरू बसोबास गरेको हुनाले एक आपसमा मित्रता, सदभाव, सुखदुख, पीरमर्का आदिमा सहयोग गर्नुपर्ने हुन्छ । विशेष गरी थामी जाति इमान्दार लगनशील मेहनती र विश्वासिलो भएका कारण र घरायसी प्रयोग हुने डोको, डालो, भकारी, मान्द्रो, नाङलो, थुन्से आदि निर्माण गर्ने भएको हुनाले र ती निर्मित सामानहरू खरिद गर्न अन्य जाति आउने भएका हुनाले अन्तरसम्बन्ध राम्रो भएको देखिन्छ । धर्म मानव समुदाय अनुसार फरक फरक आस्था भक्तिभाव राखी आस्था विश्वास राख्ने आस्थाको केन्द्र हो, जुन समुदाय अनुसार फरक हुन सक्दछ तर त्यसको मूल आशय भनेको एउटै हुन्छ। धर्मको सारतत्व भनेको नै अशक्तता, बिध्नबाधाहरू, आपतविपत, यातना, अनभिज्ञताहरूबाट मुक्ति पाउने प्रयास हो । थामीहरू आफ्नो छुट्टै पहिचान दिने खालको धर्म अपनाउँछन् । आफ्नो कामलाई कामको ठाउँ, प्रकृति, अवस्था हेरी विभिन्न तरिकाबाट बिभिन्न बस्तुको प्रतिनिधित्व गरेर पूजा गर्ने गर्दछन् । मानवीय जीवनको सामाजिक तथा सांस्कृतिक क्षेत्रमा संस्कार, रीतिरिवाज र परम्पराको ठूलो भूमिका रहने भएकाले मानवले त्यस्ता संस्कार र परम्परालाई निरन्तरता दिनुपर्ने हुन्छ। कतिपय जातजातिका संस्कार, संस्कृतिहरू मिल्दाजुल्दा हुन्छन् भने कतिपयका अत्यन्त पृथक पनि हुन्छन् । त्यसको उदाहरण थामी जातिको संस्कार, संस्कृतिलाई लिन सकिन्छ । अन्य जातिको तुलनामा थामी जातिको संस्कार संस्कृति अलि भिन्न रहेको पाइन्छ। छोराको जन्म भएमा ७ दिनमा र छोरीको जन्म भएमा ५ दिनमा न्वारान गर्ने चलन छ। न्वारान गर्दा आफ्नै स्वजातको पुरोहितबाट गर्ने चलन छ। छेवर गर्दा ब्राह्मणलाई शुभ साइत हेर्न लगाई शुभ साइत

निकालेको दिनमा सम्पन्न गरिन्छ । विशेषगरी छोरा जन्मेको ३,५,११ १३ वर्ष जस्ता बिजोर वर्षमा छेवर गरिन्छ । छोरा मान्छेको छेवर कार्य गरिए जस्तै छोरीलाई पनि ५,७,९,११ वर्ष जस्ता बिजोर वर्षमा गुन्यु चोलो दिने चलन छ । थामी जातिको विवाह मागी विवाह, भागी विवाह, जारी विवाह तीन प्रकारले हुने गर्छ तर मागी विवाहलाईनै मान्यता दिने गरिन्छ । यस जातिमा एउटा अनौठो चलन के छ भने छोराछोरी विवाह योग्य भइसक्दा पनि कतिपय बाबु आमाको विधि बिधानअनुसार विवाह भएको छैन भने छोराछोरीको विवाह गर्नु पूर्व बाबु आमाको विवाह गर्नु पर्ने हुन्छ । मृत्यु संस्कार पनि एउटा महत्वपूर्ण संस्कार हो, जुन संस्कार हरेक समाज र जातिमा भिन्न भिन्न तवरले सम्पन्न गरिन्छ । ती मध्ये पृथक मृत्यु संस्कार र परम्परा भएको जाति हो थामी जाति । १३ दिनको किरिया (घेवा) शुरु गर्नुपूर्व मृतकको संझनामा पायक पर्ने ठाउँमा चौतारो निर्माण गर्न सक्नेले पाटीपौवा, बाटोघाटो मर्मत आदि गर्ने चलन छ । घेवा २ रात ३ दिनसम्म गर्ने चलन छ । यसरी थामी जातिका मानिसहरूको संकृति अन्य जातिका मानिसहरूको भन्दा पृथक पाइन्छ ।

# परिच्छेद : चार

# सिन्धुपाल्चोक जिल्लाको सुनखानीका थामी जातिको शैक्षिक अवस्था

## ४.१. पृष्ठभूमि

मानव सभ्यताको विकासका क्रममा शिक्षाको थालनी भएको पाइन्छ। परापूर्वकालमा अनौपचारिक तरिकाले ठूला, ज्ञानी व्यक्तिबाट मानिसहरू शिक्षा प्राप्त गर्ने गर्दथे। त्यतिबेला शिक्षाको प्रमुख स्थलको रूपमा घरपरिवार थियो। घरमा बाबुआमाले छोराछोरीलाई क्रमशः छोरालाई घरव्यवहारसम्बन्धी र छोरीलाई घरको कामकाजसम्बन्धी शिक्षा दिने गरिन्थ्यो। प्राचीन कालमा दिइने शिक्षाप्रणाली धार्मिक भावनाबाट ओतप्रोत थियो। घरपरिवारको शिक्षा प्राप्त गरेपछि अरू शिक्षाका लागि गुरुकुल, आश्रम, मठमन्दिर र गुम्बाहरूमा जानु पर्दथ्यो। शिष्यले गुरूपुरोहितको घरमा गएर लिने शिक्षाप्रणालीलाई गुरुकुल शिक्षाप्रणाली भनिन्थ्यो (शर्मा, २०४३:१५-१६)। नेपालमा शिक्षाको विकास वास्तवमा लिच्छविकालीन शासनव्यवस्थादेखि नै शुरु भएको पाइन्छ तर त्यस अवधिको शिक्षा सीमित वर्गका व्यक्तिहरूलाई गुरुकुल र गुम्बा विहारमा दिइने हुँदा त्यति चर्चा भएको पाइँदैन। संस्कृत शिक्षालाई गुरुकुलको शिक्षा भनिन्थ्यो। यस शिक्षामा शिष्यहरू जंगल तथा तपोभूमिमा गुरुको कुटीमा रहेर गुरुको सेवा गरी शिक्षा प्राप्त गर्दथे। गुरु पनि आफ्ना शिष्यको सेवाबाट सन्तुष्ट भई शिक्षा दिन्थे। यसरी नै पछि गएर जातिपातिअनुसार शिक्षा दिने व्यवस्थाको समेत विकास भएको पाइन्छ (पण्डित, २०६३:४७)।

शिक्षा जुनसुकै धर्म, जुनसुकै देश, जाति तथा समुदायका मानवका लागि आधारभूत आवश्यकता हो। संसारको शिक्षा विकासको क्रमलाई हेर्दा समान किसिमले सबै ठाउँमा शिक्षाको अवसर प्राप्त नभएको इतिहास छ। हरेक देशका आ-आफ्नै निजी र मौलिक विशेषता हुन्छन्। आफ्नो देशको आवश्यकताअनुसार शिक्षाप्रणालीलाई अङ्गीकार गरिएको हुन्छ (शर्मा, २०६४:८९)। नेपालमा प्रचलित शिक्षाहरूलाई सामान्यतया परम्परागत संस्कृति शिक्षा, व्यावसायिक शिक्षा र पश्चिमी गरी तीन तहमा विभक्त गर्न सकिन्छ ( के.सी.२०५९:२०९)। पूर्वीय शिक्षाअन्तर्गत सामान्य अर्थमा घरगृहस्थ वा गुरुकुलीय

पाठशालामा अध्ययन/अध्यापन गरिने वेदान्त हो, जहाँ मूलतः संस्कृत, साहित्य, धर्मशास्त्र, पुराण आदिबारे अध्ययन/अध्यापन गरिन्छ (के.सी., २०५९:२०९)। व्यावसायिक शिक्षा भनेको काष्ठकला, मूर्तिकला, वास्तुकला, औषधी शिक्षा, संगीत शिक्षा आदिलाई लिन सकिन्छ। यस प्रकारका शिक्षाहरू लिच्छविकालदेखि नै नेपालमा प्रचलनमा रहेको पाइन्छ। पूर्वीय शिक्षा निकै उन्नतशील भइसकेको अवस्थामा खास गरी भारतमा ब्रिटिस साम्राज्यको विस्तारका कारण नेपालमा पनि पाश्चात्य शिक्षाको विकास भएको पाइन्छ। नेपालमा पाश्चात्य शिक्षाको सूत्रपात गर्ने व्यक्ति राणाप्रधानमन्त्री जंगबहादुर राणा हुन्। उनले इ. १८५० मा बेलायत भ्रमण गरेपश्चात नेपालमा पाश्चात्य शिक्षाको शुरुवात गरेका थिए ( के.सी., २०५९:२१०-२११)।

लिच्छविकालमा कला, संस्कृति र शिक्षाको विकासमा ध्यान गएको थियो र त्यस बेला वेद, व्याकरण, न्याय, दर्शन, साहित्य, ज्योतिष आदि विषयमा उच्चस्तरको पढाइ हुन्थ्यो। मल्लकालमा पनि सर्वसाधारणका लागि शिक्षा आदान-प्रदानका लागि औपचारिक बन्दोबस्त भएको थिएन। जयस्थिति मल्लले आफ्ना प्रजालाई विभिन्न व्यावसायिक समूहमा विभाजन गरेर सीप सिकाउने व्यवस्था गरेका थिए। बाइसे, चौबीसे राज्यकालमा पनि संस्कृत भाषामा राज्यका राजा तथा राजकुमारको पढाइ पुरोहितबाट शुरु हुन्थ्यो। त्यस बेलाको शिक्षामा वेद, व्याकरण, न्याय, दर्शन, ज्योतिष, धर्मशास्त्र पढाउनुका साथै कर्मकाण्ड र नैतिक शिक्षासमेत दिइने गरिन्थ्यो (शर्मा, २०६४:८९)। नेपालको एकीकरण भएपछि पृथ्वीनारायण शाह र उनका वंशजहरूले सैनिक जवानका टुहुरा बच्चाहरूलाई राष्ट्रको तर्फबाट सैनिक शिक्षा दिने र राज्यको तर्फबाट छात्रवृत्ति दिने, संस्कृत र फारसी पढ्न तथा विभिन्न प्राविधिक ज्ञान, सीप सिक्न छात्रवृत्ति दिएर देशबाहिर पठाएका थिए। राणाकालीन शिक्षा सर्वसाधारणका लागि खुला रहन कठिन भयो। वि.सं. १९०७ मा राणाप्रधानमन्त्री जंगबहादुर राणाले बेलायतको भ्रमण गर्दा त्यहाँ भएको शिक्षाको विकास देखेर अंग्रेजी शिक्षाबाट प्रभावित भई आफ्ना सन्तानहरूलाई शिक्षा दिन बेलायतको शिक्षाप्रणालीअनुसार वि.सं. १९१० मा अंग्रेजी स्कूल स्थापना गरी अंग्रेजी शिक्षा दिन थाले। पछिल्ला दिनहरूमा राणाप्रधानमन्त्रीहरूले स्कूलहरूको संख्यामा केही थप गरे तापनि जनताको पहुँचमा शिक्षा सर्वसुलभ भएन (शर्मा, २०६४:९०)। नेपालमा भएको शिक्षाको विकासमा बझाङी राजा जयपृथ्वीबहादुर सिंहको देन उल्लेखनीय छ। उनी आफू पनि शिक्षित थिए र शिक्षाको विकासविना उन्नति सम्भव छैन भन्ने धारणा राख्दथे। उनले बझाङबाट ७-८ जना

व्यक्तिहरूलाई काठमाडौंमा विभिन्न विषयको अध्ययन गर्न पठाएका थिए । त्यस समयमा नेपालमा अंग्रेजी र संस्कृत विषयमा पठनपाठन हुन्थे । नेपाली भाषा लोप हुन लागेको देखेर जयपृथ्वीबहादुर सिँहले नेपाली भाषामा पढाउन सकिने गरी केही पुस्तकहरू पनि तयार पारेका थिए (खत्री र अन्य २०५३:१०५-१०६) । यसरी नेपालमा शिक्षाको प्रचलन सर्वसाधारण बर्गमा धेरै पछि अझ भन्ने हो भन्ने राणाकालको अन्त्यपछि मात्र शुरु भएको हो भन्दा अन्यथा नहोला ।

## ४.२. सुनखानी गाविसको शैक्षिक अवस्था

वि.सं. २००७ सालमा नेपालमा राणाशासनको अन्त्य भएपछि देशभरि शिक्षा र चेतना विस्तारको आवश्यकता महसुस गरी सरकारी तथा जनस्तरबाट विद्यालय खोल्ने क्रम तीव्र भयो । शिक्षा व्यक्ति एवं समाज विकासका लागि मेरुदण्ड हो । शिक्षाविना देश विकासको कल्पना पनि गर्न सकिँदैन । व्यक्तिलाई सामाजिकीकरण गर्न शिक्षाले नै ठूलो सहयोग पुऱ्याएको हुन्छ । आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययन गर्न जाने बालबालिकाहरू नै भोलिका देशका कर्णाधार हुने हुँदा पनि शिक्षालाई यति धेरै महत्त्व दिनुपरेको स्पष्ट हुन्छ । भनिन्छ, शिक्षा नै सामाजिक परिवर्तनको वाहक हो । त्यसैले हामीले यो पनि बिर्सनु हुँदैन कि सम्पूर्ण शैक्षिक प्रक्रियाको केन्द्र नै विद्यार्थी हुन् । सरसर्ती हेर्ने हो भने सिन्धुपाल्चोक जिल्ला भौगोलिक दृष्टिले उच्च पहाडी जिल्ला भए तापनि शिक्षाको क्षेत्रमा भने अनुपातिक रूपमा नै विकास भएको पाइन्छ । २०४६ सालको जनआन्दोलनपश्चात भएको शिक्षा क्षेत्रको विकासको श्रेय भने स्थानीय निकायलाई नै जाने देखिन्छ, किनकि शिक्षाको क्षेत्रमा स्थानीय निकायले ठूलो स्रोत र साधन लगानी गरेको पाइन्छ (जि.वि.स. पार्श्वचित्र, २०६७:९४) ।

सुनखानी गाविसमा शैक्षिकस्तर उकास्नका लागि यहाँका बुद्धिजीवी, विद्वान्, शिक्षाविद्, समाजसेवी आदि लागिपरेको देखिन्छ । यस गाविसमा एक माध्यमिक विद्यालय, एक नि.मा.वि., पाँच प्राथमिक विद्यालय र एक बालविकास केन्द्र सञ्चालनमा रहेका छन् । यस गाविसका अधिकांश शैक्षिक संस्थाहरू २०४६ सालको राजनैतिक परिवर्तनपश्चात स्थापना भएको पाइन्छ । यस गाविसमा एउटा भूमेश्वरी प्रा.वि. मात्र पञ्चायतकालमा नै अर्थात वि.सं. २०१९ सालमा खोलिएको देखिन्छ । हाल यो माध्यमिक विद्यालयको रूपमा परिणत भएर माध्यमिक तहको शिक्षा प्रदान

गरिरहेको देखिन्छ। यसलाई निकट भविष्यमा नै उच्च माध्यमिक विद्यालयमा परिणत गर्ने कुरा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बच्चु थामी र विद्यालयका प्रधानाध्यापक कृष्णबहादुर खड्का बताउँछन्। सेतीदेवी बालविकास केन्द्रलाई पनि प्रा.वि. मा परिणत गरिएको कुरा उक्त विद्यालयकी प्रधानाध्यापक सुश्री शान्ती थामीले जानकारी गराइन्। शैक्षिक जागरण र विकासको लहर हालका दिनमा उत्साहबर्धक रूपमा अगाडि बढिरहेको देखिन्छ। हाल यस गाविसमा बसोबास गर्ने विभिन्न समुदायका मानिसहरूले छोरा र छोरी दुवैलाई समान रूपमा विद्यालय पठाउने वातावरणको सिर्जना भएको देखिन्छ। राजनैतिक परिवर्तन सँगसँगै शैक्षिक चेतना र जागरणले पनि उल्लेखनीय भूमिका खेलिरहेको पाइन्छ। आफ्नो टोल, छिमेक, वडा तथा बस्तीहरूमा हुने शैक्षिक विकाससम्बन्धी छलफल, मेला तथा बैठकहरूमा आम जनसमुदायहरूको उत्साहजनक सहभागिता रहने गरेको पाइन्छ। गाविसको योजना तथा कार्यक्रमहरूमा समेत शैक्षिक विकासका मुद्दाहरूले प्राथमिकता पाएको कुरा गाविस सचिव माधव सिग्देल बताउँछन्। सुनखानी गाविसमा रहेका शैक्षिक संस्थाहरू निम्नअनुसार रहेका छन्।

**तालिका नं. ४.१**

**सुनखानी गाविसमा रहेका शैक्षिक संस्थाहरू**

| क.सं. | विद्यालयको नाम | वडा नं. | टोल | स्थापना मिति |
|---|---|---|---|---|
| १. | भुमेश्वरी मा.वि. | २ | पुर्गाउ | वि.सं. २०१९ |
| २. | सरस्वती प्रा.वि. | ७ | सिल्कु | वि.सं. २०५७ |
| ३. | पञ्चकन्या प्रा.वि. | ९ | खोलाखर्क | वि.सं. २०४९ |
| ४. | सेतीदेवी प्रा.वि. | ३ | मानेडाँडा | वि.सं. २०६४ |
| ५. | रतनकोट नि.मा.वि. | ७ | रतनकोट | वि.सं. २०४६ |
| ६. | हरिसिद्धि वैकल्पिक प्रा.वि. | ६ | भोटयामुना | वि.सं. २०६४ |
| ७. | चण्डेश्वरी प्रा.वि. | २ | कुल्छी | वि.सं. २०६३ |
| ८. | धनेश्वरी प्रा.वि. | १ | मेलचौर | वि.सं. २०६० |

स्रोत : सुनखानी गाविस कार्यालय, २०७०।

यसरी सुनखानी गाविसमा ८ वटा विद्यालयहरू संचालनमा रहेको पाइन्छ। जसमध्ये मा.वि. १, नि.मा.वि १ र अन्य प्रा.वि. रहेका छन्।

### तालिका ४.२

### सुनखानी गाविसको जातिगत शैक्षिक विवरण (पुरुष)

| क्र.सं. | जाति | पढ्न लेख्न नजान्ने | पढ्न जान्ने | लेख्न जान्ने | लेख्न, पढ्न जान्ने | एसएलसी | प्रमाणपत्र तह (+२) | स्नातक तह | स्नातकोत्तर तह |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मगर | १ | ० | ० | १ | ० | ० | ० | ० |
| २ | नेवार | ९ | ० | ० | ३२ | ४ | २ | ० | ० |
| ३ | क्षत्री | १३२ | १ | २५ | ६१० | ५५ | ४९ | १५ | २ |
| ४ | दमाई | ९ | ० | ० | १७ | ० | ० | ० | ० |
| ५ | कामी | २५ | २ | २ | ५४ | २ | ० | ० | ० |
| ६ | तामाङ | १६८ | ८ | १२ | ६५२ | ६५ | २५ | ९ | ३ |
| ७ | गुरुङ | १ | ० | ० | ७ | ० | ० | ० | ० |
| ८ | थामी | २० | २ | २ | ४६ | २ | २ | १ | ० |
| ९ | भुजेल | १३ | १ | २ | ५६ | २ | २ | ० | ० |
| | जम्मा | ३७८ | १४ | ४३ | १४७२ | १३० | ८० | २५ | ५ |

(स्रोत : स्थलगत अध्ययन २०७० र सुनखानी गाविस कार्यालय)

माथिको तालिका अनुसार यस सुनखानी गा.वि.स.को पुरुषको जातिगत शैक्षिक विवरण यस प्रकार छन्: मगर जातिमा १ जना लेख्न पढ्न नजान्ने छन् भने लेख्न जान्ने १ जना छन् । नेवार जातिमा पढ्न लेख्न नजान्ने ९ जना छन् । लेख्न पढ्न जान्ने ३२ जना छन् । एस.एल.सी. उत्तीर्ण गरेका ४ जना छन्, प्रमाण पत्र तथा + २ उत्तीर्ण गरेका २ जना छन् । क्षत्री जातिमा पढ्न लेख्न नजान्ने १३२ जना छन्, पढ्न मात्र जान्ने १ जना लेख्न जान्ने २५ जना छन्, लेख्न र पढ्न जान्ने ६१० जान, एस एल सी उत्तीर्ण ५५ जना, प्रमाण पत्र तथा + २ उत्तीर्ण ४९ जना, स्नातक तह उत्तीर्ण १५ जना र स्नातकोत्तर उत्तीर्ण २ जना छन् । दमाई जातिमा पढ्न लेख्न नजान्ने ९ जना, लेख्न पढ्न जान्ने १७ जना छन् । कामी जातिमा पढ्न लेख्न नजान्ने २५ जना, पढ्न जान्ने २ जना, लेख्न जान्ने २ जना, पढ्न र लेख्न जान्ने ५४ जना, एस एल सी उत्तीर्ण २ जना छन् । तामाङ जातिमा पढ्न लेख्न नजान्ने १६८ जना पढ्न जान्ने ८ जना लेख्न जान्ने १२ जना, लेख्न पढ्न जान्ने ६५२

जना, एस एल सी उत्तीर्ण ६५ जना प्रमाण पत्र अर्थात् + २ उत्तीर्ण २५ जना, स्नातक तह उत्तीर्ण ९ जना र स्नातकोत्तर तह उत्तीर्ण ३ जना छन्। गुरुङ जातिमा पढ्न लेख्न नजान्ने १ जना र पढ्न लेख्न जान्ने ७ जना छन्। थामी जातिमा पढ्न लेख्न नजान्ने २० जना र पढ्न जान्ने २ जना, लेख्न जान्ने २ जना लेख्न र पढ्न जान्ने ४६ जना एस.एल.सी. उत्तीर्ण २ जना प्रमाण पत्र तह वा + २ उत्तीर्ण १ जना स्नातक तह उत्तीर्ण १ जना र १ जना सोधकर्ता स्वयं स्नातकोत्तर पूरा गर्दै छन्। भुजेल जातिमा पढ्न लेख्न नजान्ने १३ जना पढ्न जान्ने १ जना लेख्न जानने २ जना लेख्न पढ्न जान्ने ५६ जना एस.एल.सी. उत्तीर्ण २ जना प्रमाणपत्र तह वा + २ उत्तीर्ण २ जना छन्।

**तालिका ४.३**

**सुनखानी गाविसको जातिगत शैक्षिक विवरण (महिला)**

| क्र.सं. | जाति | पढ्न लेख्न नजान्ने | पढ्न जान्ने | लेख्न जान्ने | लेख्न, पढ्न जान्ने | एसएलसी | प्रमाणपत्र तह (+२) | स्नातक तह | स्नातकोत्तर तह |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मगर | १ | ० | ० | १ | ० | ० | ० | ० |
| २ | नेवार | १० | ० | ० | २२ | १ | ० | ० | ० |
| ३ | क्षत्री | २६१ | ५ | ७ | ४४१ | ३३ | २८ | ५ | १ |
| ४ | दमाई | ८ | ० | ० | ११ | ० | ० | ० | ० |
| ५ | कामी | २६ | ० | ० | ५६ | २ | ० | ० | ० |
| ६ | तामाङ | ३०१ | १० | १३ | ५७१ | ३३ | १४ | ३ | ० |
| ७ | गुरुङ | २ | ० | ० | ५ | ० | ० | ० | ० |
| ८ | थामी | २४ | ६ | ५ | ४७ | ६ | १ | १ | ० |
| ९ | भुजेल | २३ | ० | ० | ४८ | २ | ० | ० | ० |
| | जम्मा | ६५६ | २१ | २५ | १२०२ | ७७ | ४३ | ९ | १ |

स्रोत : स्थलगत अध्ययन २०७० र सुनखानी गाविस कार्यालय।

माथिका तालिका अनुसार सुनखानी गा.वि.स.को महिलाको जातिगत शैक्षिक विवरण यस प्रकार रहेको छ। मगर जातिमा पढ्न लेख्न नजान्ने १ जना र लेख्न पढ्न जान्ने १

जना छन् । नेवार जातिमा पढ्न लेख्न नजान्ने १० जना लेख्न पढ्न जान्ने २२ जना, एस एल सी उत्तीर्ण १ जना छन् । क्षत्री जातिमा पढ्न लेख्न नजान्ने २६१ जना पढ्न जान्ने ५ जना लेख्न जान्ने ७ जना लेख्न पढ्न जान्ने ४४१ जना एस एल सी उत्तीर्ण ३३ जना प्रमाणपत्र वा + २ उत्तीर्ण २८ जना स्नातक तह उत्तीर्ण ५ जना र स्नातकोत्तर उत्तीर्ण १ जना छन् । दमाई जातिमा पढ्न लेख्न नजान्ने ८ जना र लेख्न पढ्न जान्ने ११ जना छन् । कामी जातिमा पढ्न लेख्न नजान्ने २६ जना लेख्न पढ्न जान्ने ५६ जना, एस एल सी उतिर्ण २ जना छन् । तामाङ जातिमा पढ्न लेख्न नजानने ३०१ जना पढ्न जान्ने १० जना लेख्न जान्ने १३ जना लेख्न पढ्न जान्ने ५७१ जना एस.एल.सी. उत्तीर्ण ३३ जना, प्रमाणपत्र तह वा + २ उत्तीर्ण १४ जना, स्नातक तह उत्तीर्ण ३ जना छन् । गुरुङ जातिमा पढ्न र लेख्न नजान्ने २ जना लेख्न पढ्न जान्ने ५ जना छन् । थामी जातिमा पढ्न लेख्न नजान्ने २४ जना, पढ्न जान्ने ६ जना लेख्न जान्ने ५ जना लेख्न पढ्न जान्ने ४७ जना, एस.एल.सी. उत्तीर्ण ६ जना प्रमाण पत्र तह वा + २ उत्तीर्ण १ जना, स्नातक तह उत्तीर्ण १ जना जो स्नातकोत्तर अध्ययनरत छन् । भुजेल जातिमा पढ्न लेख्न नजान्ने २३ जना लेख्न पढ्न जान्ने ४८ जना एस एल सी उत्तीर्ण २ जना रहेका छन् ।

**तालिका ४.४**

**सुनखानी गाविसको जातिगत विवरण**

| क्र.सं. | जाति | साक्षरता प्रतिशत |
|---|---|---|
| १ | मगर | ५० |
| २ | नेवार | ७६ |
| ३ | क्षत्री | ७६ |
| ४ | दमाई | ६२ |
| ५ | कामी | ६९ |
| ६ | तामाङ | ७५ |
| ७ | गुरुङ | ८० |
| ८ | थामी | ७३ |
| ९ | अन्य | ७५ |

स्रोत : स्थलगत अध्ययन २०७० र सुनखानी गाविस कार्यालय ।

माथिको तालिका अनुसार सुनखानी गा.वि. स.को जातिगत साक्षरता प्रतिशत मगर जातिमा ५० प्रतिशत, नेवार जातिमा ७६ प्रतिशत, क्षत्री जातिमा ७६ प्रतिशत, दमाई

जातिमा ६२ प्रतिशत, कामी जातिमा ६९ प्रतिशत, तामाङ जातिमा ७५ प्रतिशत, गुरुङ जातिमा ८० प्रतिशत, थामी जातिमा ७३ प्रतिशत र भुजेल जातिमा ७५ प्रतिशत छ ।

## ४.३. थामी जातिको शैक्षिक स्थिति

कुनै पनि देशको समाजको विकासमा शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाल गरिब मुलुक हुनाको एउटा मुख्य कारण बहुसङ्ख्यक नागरिकहरू देशको आवश्यकताअनुसारको शिक्षाको ज्योतिबाट टाढिनु परेकाले पनि हो । शहरी जनसङ्ख्याको तुलनामा ग्रामीण जनसङ्ख्यामा साक्षरता प्रतिशत ज्यादै न्यून छ । नेपालमा सर्वप्रथम २००७ सालमा प्रजातन्त्रको उदय हुनुभन्दा अगाडि सर्वसाधारण नेपाली जनतालाई सर्वसुलभ तरिकाले शिक्षा दिने प्रचलन थिएन । प्रजातन्त्रको मिर्मिरे उज्यालोसँगै शिक्षाको ज्योति पनि शहर हुँदै बिस्तारै-बिस्तारै गाउँतिर फैलियो तर परम्परागत रुढीवादी परम्परा र अपायक शिक्षण संस्थाका कारण थामी जातिका मानिसहरू शिक्षाको उज्यालो घामबाट वञ्चित नै रहे । प्रजातन्त्रको स्थापना भएपछि जनतामा शैक्षिक जनचेतना जागेको भए पनि 'थामी' हरूमा शिक्षाप्रतिको जागरण कम नै रह्यो ।

वर्तमान नेपालमा माध्यमिक शिक्षासम्म निःशुल्क भए पनि आर्थिक अभावको कारणले गर्दा विद्यालय पठाउन नसकेका अभिभावकहरूले पनि शिक्षाको महत्त्व बुझेर सम्भव भएसम्म आफ्ना बालबालिकाहरूलाई विद्यालय पठाउन थालेको पाइन्छ । यसै क्रममा अध्ययन क्षेत्रका थामी जातिले पनि दुःख-सुख गरेर भए पनि आफ्ना छोराछोरीहरूलाई विद्यालय पठाउन थालेका छन् । थामी जातिमा पनि छोरीहरू विद्यालय नगई घरको कामधन्दा गर्नुपर्छ भन्ने मानसिकताले गर्दा यसभन्दा अघिल्ला पुस्ताका महिलाहरू अधिकांश निरक्षर नै रहेको देखिन्छ । घरायसी स्थिति सुदृढ हुने परिवारका छोराछोरीहरू विद्यालय जान थाले पनि थामी जातिमा रहेको आर्थिक विपन्नता छोरीलाई छोरासरह समान अधिकार नदिनु, हेयको दृष्टिले हेरिनु, घरको काम धन्दामा छोरीलाई अत्यधिक सहभागी गराइनु, घरका बालबच्चा हेर्ने काम छोरीलाई गराइनुजस्ता विविध कारणहरूले गर्दा छोरीहरूलाई विद्यालय पठाउने नगरिएको भए तापनि बिस्तारै शिक्षाको महत्त्व बुझेको हुनाले छोराछोरीलाई समान दृष्टिकोणले हेर्ने गरेको र छोराछोरी दुवैलाई शिक्षा आर्जन गर्न विद्यालय पठाउन थालेको पाइन्छ ।

वि.सं. २०१७ साल पौष १ गते राजा महेन्द्रले जननिर्वाचित काङ्ग्रेस सरकारलाई

विघटन गरी शासनसत्ता आफ्नै हातमा लिएर एकदलीय पञ्चायती व्यवस्था अर्थात् अधिनायकवादी शासन लागू गरे (गुरुङ र सुवेदी, २०६४:१०५)। २०२८ सालमा शिक्षालाई गुणस्तरीय बनाउन सरकारले नयाँ शिक्षा योजना लागू गऱ्यो। यस नयाँ शिक्षा योजना लागू भएपछि शिक्षा पहिलेको तुलनामा निकै बढी विकास भएको पाइन्छ। यस अवसरमा वि.सं. २०१९ सालमा यस गाविसमा भूमेश्वरी प्राथमिक विद्यालयको स्थापना भएको थियो। तत्कालीन समयमा उक्त विद्यालय नै यस गाविसका निवासीहरूको शिक्षा आर्जन गर्ने मुख्य थलोको रूपमा रहेको पाइन्छ। नेपालमा वि.सं. २०४६ सालमा निर्दलीय तथा अधिनायकवादी पञ्चायत व्यवस्थाको अन्त्य भई बहुदलीय व्यवस्था अर्थात् प्रजातान्त्रिक शासनप्रणालीको पुनर्स्थापना भयो। प्रजातन्त्रको पुनर्स्थापना हुनुभन्दा अगाडि यस जिल्लामा माध्यमिक विद्यालयसम्मको शिक्षा पूरा गर्ने व्यक्तिहरूको संख्या यस जातिमा नगण्य नै रहेको थियो। प्रजातन्त्रको पुनर्स्थापना साथसाथै शैक्षिक क्षेत्रमा देखिएका थप उत्साहका लहरहरू यस जातिमा पनि निकै वृद्धि भएका छन्। यो शोधकर्ताले सुनखानी गाविसका थामी बस्तीहरू वडा नं. ३ र ६ मा अवलोकन गर्दा ३६ घर संख्याका करिब १६५ जनसंख्यामध्ये विद्यालय जाने उमेरका बालबालिकाहरू सम्पूर्ण विद्यालय जाने गरेको भेटियो भने २०७० सालसम्म त्यस गाविसबाट मावि शिक्षा हासिल गर्नेहरूको संख्या थामी जातिमा १५ जना रहेका, जसमा ३३.३३ प्रतिशत पुरुष रहेका छन् भने ६६.६६ प्रतिशत महिला रहेका छन्। तीमध्ये धेरैले उच्च शिक्षा अध्ययन गरिरहेको पाइन्छ (स्थलगत अध्ययन, २०७०)।

उपर्युक्त तथ्याङ्कलाई हेर्दा वर्तमान अवस्थामा यस गाविसमा थामी जातिमा विद्यालय र क्याम्पस जाने युवायुवतीहरूको संख्यामा क्रमशः वृद्धि हुँदै गएको देखिन्छ। पहिलेको तुलनामा यस जातिमा शिक्षित संख्यामा क्रमशः वृद्धि भएको देखिन्छ। यस जिल्लामा रहेका यस जातिका शिक्षक-शिक्षिकाहरूको संख्या अति नै न्यून नगण्य मात्रामा भए तापनि उनीहरूले आफ्नो ठाउँबाट शैक्षिक चेतना जगाई शिक्षा अनिवार्य रूपमा ग्रहण गर्नुपर्दछ भन्ने भावना जगाउन प्रयास गरिरहेका छन् (बच्चु थामी, अन्तर्वार्ता)। २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि यस गाविसमा जनताको मागलाई ध्यानमा राखेर विद्यालयको संख्यामा नेपाल सरकारले वृद्धि गऱ्यो। हाल यस गाविसमा रहेका विद्यालयहरूमा वि.सं. २०१९ सालमा स्थापित भुमेश्वरी माध्यमिक विद्यालय, सुनखानी-२, पुर्गाउ, वि.सं. २०४६ सालमा स्थापित रतनकोट निम्न माध्यमिक विद्यालय, सुनखानी-७,

रतनकोट, वि.सं. २०४९ सालमा स्थापित पञ्चकन्या प्रा.वि., सुनखानी-९, खोलाखर्क, वि.सं. २०५७ सालमा स्थापित सरस्वती प्रा.वि., सुनखानी-७, सिल्कु, वि.सं. २०६० सालमा स्थापित धनेश्वरी प्रा.वि., सुनखानी-१, मेलचौर, वि.सं. २०६३ सालमा स्थापित चण्डेश्वरी प्रा.वि., सुनखानी-२, कुल्छी, वि.सं. २०६४ सालमा स्थापित हरिसिद्ध वैकल्पिक प्रा.वि., सुनखानी-६, भोटेयामुना र वि.सं. २०६४ सालमा स्थापित सेतीदेवी प्रा.वि. सुनखानी-३, मानेडाँडा सञ्चालनमा छन्। यस गाविसको वडा नं. ३ र ६ मा बसोबास गर्ने थामी जातिका बालबालिकाहरू भूमेश्वरी मा.वि. सुनखानी-२, पुर्गाउँ, सेतीदेवी प्रा.वि. सुनखानी-३, मानेडाँडा र गणेश उच्च मा.वि. यमुनाडाँडा गाविस-३, जागिरे यामुनामा अध्ययनरत रहेका छन् (स्थलगत अध्ययन, २०७०)।

आर्थिक, राजनीतिक र शैक्षिक रूपबाट पिछडिएका जातिका रूपमा परिचित यस जातिमा हामी अशिक्षाका कारणले पछाडि परेका हौं र शिक्षा भएन भने हरेक कुरामा पछाडि परिन्छ र केही पढेलेखेका युवायुवतीहरू बेरोजगार रहे भन्दैमा हामीले आफ्ना सन्ततिहरूलाई विद्यालय पठाउन र शिक्षा लिनबाट वञ्चित गराउन हुँदैन भन्ने धारणाको यस जातिमा पनि विकास भएको पाइन्छ, जसले गर्दा हालको शैक्षिक अवस्थालाई अझ माथि उठाउन आफ्ना छोराछोरीहरूलाई विद्यालय पठाई शैक्षिक अवस्था सुदृढ बनाई जातीय उत्थानमा सहयोग पुऱ्याउने लक्ष्यका साथ सुनखानीका थामीहरू शैक्षिक जागरणमा लागेको पाइन्छ। यस जागरणमा नेपाल सरकार र अन्य दातृनिकायहरूले पनि होस्टेमा हैंसे थपिदिनुपर्ने देखिन्छ।

एक्काइसौं शताब्दीमा आइपुग्दा पनि नेपालका एकतिहाईभन्दा बीढी मानिसहरू अशिक्षित नै छन्। वि.सं. २०६८ सालको जनगणनाअनुसार नेपालको साक्षरता ६५.९ प्रतिशत रहेको छ, जसमा पुरुषको साक्षरता दर ७५.१ प्रतिशत र महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेको छ (अन्तर्राष्ट्रिय मञ्च, २०७०:९)। कुनै पनि देशको साक्षरता प्रतिशतमा त्यस देशको आर्थिक, सामाजिक पक्षले अत्यन्तै प्रभाव पारेको हुन्छ। नेपालको समग्र साक्षरता प्रतिशत विकसित राष्ट्रको भन्दा अति न्यून रहेको पाइन्छ। त्यसमा पनि सबै जातजातिका मानिसहरू समान रूपमा साक्षर छैनन्। नेपालका धेरै जातजातिहरूको शैक्षिकस्तर अति नै न्यून रहेको छ। नेपालका विभिन्न ठाउँहरूमा बसोबास गर्ने थामीहरू पनि अधिकांश अशिक्षित नै छन्।

सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौताराभन्दा करिब ४.५ कोस पूर्वी भागमा

अवस्थित सुनखानी गाविस (सुनखानी गाविस पार्श्वचित्र, २०६५:१) को वडा नं. ३ र ६ मा थामीहरूको बस्ती रहेको छ तर थामी समुदायलाई बत्तीमुनिको अँध्यारोको उपमा दिन सकिन्छ किनकि थामी बस्तीका नजिकै अर्को गाविस यामुनाडाँडामा श्री गणेश उच्च मावि छ, जुन विद्यालय पुग्न २० देखि २५ मिनेट मात्र लाग्दछ भने सुनखानी गाविसकै वडा नं. २ मा श्री भुमेश्वरी मावि २०१९ सालमा स्थापित (मावि स्वीकृत २०६४) छ। वडा नं. ३ का थामीहरूलाई श्रीगणेश उच्च मावि नजिक पर्दछ भने वडा नं. ६ का थामीहरूलाई श्री भुमेश्वरी मावि नजिक पर्दछ। यसरी नजिकै उच्च मावि र मावि हुँदाहुँदै पनि स्थलगत अध्ययनअनुसार सुनखानीका थामी समुदायमा ७३.३३ प्रतिशत मानिसहरू मात्र साक्षर छन्, जसमध्ये पुरुष साक्षरता ७३.३३ प्रतिशत छ भने महिला साक्षरता ७३.३३ प्रतिशत छ। चालु शैक्षिक सत्र २०७० मा ६२ थामी विद्यार्थीहरूलाई शिक्षा दिँदै गरेका श्रीगणेश उच्च मावि, श्री भुमेश्वरी मावि र श्री सेतीदेवी प्रा.वि. नै सुनखानीका थामीहरूको पढ्ने प्रमुख सामुदायिक विद्यालयहरू हुन् (स्थलगत अध्ययनबाट प्राप्त जानकारी) किनकि थामी समुदायको नजिकै भएका यी विद्यालयहरू नै आफ्ना छोराछोरीहरू पढाउने सामुदायिक विद्यालयहरू हुन्। चालु शैक्षिक सत्र २०७० मा श्री गणेश उच्च माध्यमिक विद्यालय यमुनाडाँडा गाविस वडा नं. ३ मा अध्ययनरत थामी विद्यार्थीहरूको कक्षागत विवरण निम्नानुसार छ :

**तालिका नं. ४.५**

**थामी विद्यार्थीहरूको कक्षागत विवरण, श्री गणेश उच्च मा.वि.**

| कक्षा | जम्मा विद्यार्थी संख्या | थामी जाति | छात्र | छात्रा |
|---|---|---|---|---|
| १ | ३१ | ० | ० | ० |
| २ | १९ | ० | ० | ० |
| ३ | १८ | ० | ० | ० |
| ४ | २३ | १ | १ | ० |
| ५ | २६ | २ | १ | १ |
| ६ | ४४ | ३ | १ | २ |
| ७ | ४० | ६ | १ | ५ |
| ८ | २५ | ३ | १ | २ |
| ९ | ४५ | २ | १ | १ |
| १० | ५१ | १ | ० | १ |
| ११ | २५ | १ | १ | ० |
| १२ | २० | १ | ० | १ |
| जम्मा | ३६७ | २० | ७ | १३ |

स्रोत : श्रीगणेश उच्च मावि, यामुनाडाँडा गाविस वडा नं. ३, जागिरे यामुना, सिन्धुपाल्चोक ।

माथिको तालिका अनुसार यस गणेश उच्च मा.वि. यमुनाडाँडा गा.वि.स. जागिरे यमुनामा थामी जातिको बालबालिका कक्षा ४ बाट अध्ययनरत छन् । कक्षा ४ मा जम्मा २३ जना विद्यार्थीहरू मध्ये १ जना छात्र थामी विद्यार्थी अध्ययनरत छन् । कक्षा ५ मा जम्मा २६ जना विद्यार्थीहरू मध्ये १ जना छात्र र १ जना छात्रा थामी विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ६ मा जम्मा ४४ जना विद्यार्थीहरू मध्ये १ जना छात्र र २ जना छात्रा थामी विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ७ मा जम्मा ४० जना विद्यार्थीहरू मध्ये १ जना छात्र र ५ जना छात्रा थामी विद्यार्थीह्रू अध्ययनरत छन् । कक्षा ८ मा जम्मा २५ जना विद्यार्थीहरू मध्ये १ जना छात्र र २ जना छात्रा थामी विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ९ मा जम्मा ४५ विद्यार्थीहरू मध्ये १ जना छात्र र १ जना छात्रा थामी विद्यार्थीहरू अध्ययनरत छन् ।

कक्षा १० मा जम्मा ५१ जना विद्यार्थीहरू मध्ये १ जना छात्रा थामी विद्यार्थी अध्ययनरत छन्। कक्षा ११ मा जम्मा २५ जना विद्यार्थीहरू मध्ये १ जना छात्र थामी विद्यार्थी अध्ययनरत छन्। कक्षा १२ मा जम्मा २० जना विद्यार्थीहरू मध्ये १ जना छात्रा थामी विद्यार्थी अध्ययनरत छन्।

यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्ये ५.४४ प्रतिशत विद्यार्थीहरू मात्र थामी जातिका रहेका छन् भने ९४.५६ प्रतिशत विद्यार्थी अन्य जातिका रहेका छन्।

चालु शैक्षिक सत्र २०७० मा श्री भुमेश्वरी मावि सुनखानी गाविस वडा नं. २, पुर्गाउँमा अध्ययनरत थामी विद्यार्थीहरूको कक्षागत विवरण यस प्रकार छ :

**तालिका नं. ४.६**

**थामी विद्यार्थीहरूको कक्षागत विवरण, श्री भुमेश्वरी मा.वि.**

| कक्षा | जम्मा विद्यार्थी संख्या | थामी जाति | छात्र | छात्रा |
|---|---|---|---|---|
| शिशु | २१ | ० | ० | ० |
| १ | १६ | ० | ० | ० |
| २ | १८ | ० | ० | ० |
| ३ | १३ | २ | १ | १ |
| ४ | २२ | ४ | २ | २ |
| ५ | २३ | ३ | २ | १ |
| ६ | ३७ | ५ | २ | ३ |
| ७ | ३२ | २ | १ | १ |
| ८ | २८ | ३ | १ | २ |
| ९ | ४४ | ० | ० | ० |
| १० | ४२ | १ | ० | १ |
| जम्मा | २९६ | २० | ९ | ११ |

स्रोत : श्री भुवनेश्वरी मा.वि., सुनखानी गाविस वडा नं. २, पुर्गाउँ, सिन्धुपाल्चोक।

माथिको तालिका अनुसार यस भूमेश्वरी मा.वि. सुनखानी गा.वि.स.को पुर्गाउँमा थामी जातिका बालबालिका कक्षा ३ बाट अध्ययनरत छन्। कक्षा ३ मा जम्मा १३ जना विद्यार्थी मध्ये १ जना छात्र र १ जना छात्रा थामी विद्यार्थीहरू अध्ययनरत छन्। कक्षा ४ मा

जम्मा २२ विद्यार्थीहरू मध्ये २ जना छात्र र २ जना छात्रा थामी विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ५ मा जम्मा २३ जना विद्यार्थीहरू मध्ये २ जना छात्र र १ जना छात्रा थामी विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ६ मा जम्मा ३७ विद्यार्थीहरू मध्ये २ जना छात्र र ३ जना छात्रा थामी विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ७ मा जम्मा ३२ विद्यार्थीहरू मध्ये १ जना छात्र, १ जना छात्रा थामी विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ८ मा जम्मा २८ विद्यार्थीहरू मध्ये १ जना छात्र र २ जना छात्रा थामी विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ९ मा जम्मा ४४ विद्यार्थीहरूमध्ये थामी विद्यार्थी अध्ययनरत छैनन् । कक्षा १० मा जम्मा ४२ जना विद्यार्थीहरूमध्ये १ जना छात्रा थामी विद्यार्थी अध्ययनरत छन् ।

यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये ६.७५ प्रतिशत विद्यार्थीहरू मात्र थामी जातिका रहेका छन् भने ९३.२५ प्रतिशत विद्यार्थीहरू अन्य जातिका रहेका छन् ।

चालु शैक्षिक सत्र २०७० मा श्री सेतीदेवी प्रा.वि. सुनखानी गाविस वडा नं. ३ मानेडाँडामा अध्ययनरत थामी विद्यार्थीहरूको कक्षागत विवरण निम्नानुसार छ :

**तालिका नं. ४.७**

**थामी विद्यार्थीहरूको कक्षागत विवरण, श्री सेतीदेवी प्रा.वि., सुनखानी**

| कक्षा | जम्मा विद्यार्थी संख्या | थामी जाति | छात्र | छात्रा |
|---|---|---|---|---|
| शिशु | १२ | ९ | ४ | ५ |
| १ | ११ | ७ | ५ | २ |
| २ | ४ | २ | १ | १ |
| ३ | ५ | ३ | २ | १ |
| ४ | ३ | १ | १ | ० |
| ५ | ० | ० | ० | ० |
| जम्मा | ३५ | २२ | १३ | ९ |

स्रोत : श्री सेतीदेवी प्रा.वि., सुनखानी गाविस वडा नं. ३ मानेडाँडा, सिन्धुपाल्चोक ।

माथिको तालिका अनुसार यस सेतीदेवी प्रा.वि. सुनखानी गा.वि.स. वडा नं. ३ मानेडाँडामा थामी जातिको बालबालिका शिशु कक्षा देखिनै अध्ययनरत छन् । शिशु कक्षामा जम्मा १२ जना विद्यार्थीहरूमध्ये ४ जना छात्र र ५ जना छात्रा थामी विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा १ मा जम्मा ११ जना विद्यार्थीहरूमध्ये ५ जना छात्र र २ जना छात्रा

थामी विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा २ मा जम्मा ४ विद्यार्थीहरू मध्ये १ जना छात्र र १ जना छात्रा थामी विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ३ मा जम्मा ५ मध्ये २ जना छात्र र १ जना छात्रा अध्ययनरत छन् । कक्षा ४ मा जम्मा ३ जना विद्यार्थीहरू मध्ये १ जना छात्रमात्र अध्ययनरत छन् ।

यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये ६२.८५ प्रतिशत विद्यार्थीहरू थामी जातिका रहेका छन् भने ३७.१५ प्रतिशत अन्य जातिका रहेका छन् ।

यी विद्यालयहरू बाहेक आर्थिक स्रोत केही राम्रा भएका र रोजगारीको सिलसिलामा गाउँबाट शहर पसेका थामी परिवारले आफ्ना छोराछोरीहरूलाई आफू बसोबास गरेको शहरका सामुदायिक तथा निजी विद्यालयहरूमा समेत पढाएको पाइन्छ । हाल विद्यालय जाने उमेर समूहका सबै थामी बालबालिकाहरूलाई बाल विकास केन्द्रमा पठाउने गरिएको पाइयो । विगतको तुलनामा हाल शिक्षाको महत्त्व थाहा पाएर थामी समुदायले आफ्ना छोराछोरीहरूलाई शिक्षाको ज्योतिबाट वञ्चित गराउन हुँदो रहेनछ, शिक्षा नै जीवनलाई अँध्यारोबाट उज्यालोतर्फ लाने माध्यम रहेछ भन्ने कुरा बुझेर यथासम्भव पढाउन थालेको पाइन्छ । विद्यालय जाने थामी विद्यार्थीहरू बिहानबेलुका पढाइमा भन्दा घरको घरायसी काममा व्यस्त रहनुपर्ने र घरको काम सबै सकेर विद्यालय जानुपर्ने थामी विद्यार्थीहरूका लागि ठूलो चुनौती देखिन्छ । यसको परिणाम थामी विद्यार्थीहरू पढाइमा कमजोर देखिन्छन्, किनकि विद्यालयमा हाजिर भएर मात्र पढाइमा सुधार हुन सक्दैन । आर्थिक अभावका कारण उनीहरू अतिरिक्त कक्षा पढ्न शुल्क तिर्न पनि नसक्ने स्थितिमा छन् । त्यस कारण अध्ययन क्षेत्रका थामीहरूको शिक्षा निम्नस्तरको देखिन्छ ।

श्री गणेश उच्च मावि यमुनाडाँडा गाविस वडा नं. ३ जागिरे यमुनाका प्रधानाध्यापक भीमबहादुर खड्का क्षत्रीसँग थामीहरूको शैक्षिक स्थितिका बारेमा साक्षात्कार गर्दा थामी जातिमा शैक्षिक जागरण नआएको होइन तर पहिलाको भन्दा अहिले झन् बढी जागरण आएर शिक्षाको महत्त्व बुझेको मैले पाएको छु भन्दछन् । जनसंख्याको अनुपातमा थामी विद्यार्थीहरू अध्ययन गर्न यस विद्यालयमा आएकै छन् । सुनखानीकै भुमेश्वरी माविमा पनि विगतका भन्दा आजकल थामी विद्यार्थीहरू बढी नै अध्ययन गरिरहेको जानकारी पाएको छु । साना साना बालबालिकाहरूलाई नजिकैको सेतीदेवी प्रा.वि. मा पढाएका छन् । उनीहरूको शैक्षिकस्तर अझ राम्रो होस् र पढाइप्रति रुचि जागोस् भनेर नेपाल सरकारबाट प्राप्त विभिन्न छात्रवृत्तिहरू उपलब्ध गराइएको छ तर उनीहरूको भने जस्तो शिक्षाको

स्तरमा सुधार नभएको जस्तो लाग्छ भन्ने कुरा समेत व्यक्त गर्दछन् ।

विद्यालयमा गएर अध्ययन गर्न नसक्ने उमेरका विद्यार्थीहरूलाई अनौपचारिक शिक्षामार्फत पनि साक्षर बनाउने सरकारी नीतिअनुसार जिल्ला शिक्षा कार्यालयद्वारा सञ्चालित अनौपचारिक शिक्षाअन्तर्गत प्रौढ शिक्षा जिल्लाका विभिन्न ठाउँहरूमा सञ्चालन भएको पाइन्छ । सुनखानी गाविसका थामी समुदायलाई पनि लक्षित गरी सञ्चालन भएको प्रौढ शिक्षा गाउँका २५ महिलाहरूले लिएको र त्यसबाट केही प्रतिशत भए पनि निरक्षर घटेको कुरा प्रौढ शिक्षिका रञ्जिता सिलवाल बताउँछिन् ।

पहाडी जिल्ला भए तापनि सिन्धुपाल्चोक शिक्षाको क्षेत्रमा सबल रूपमा रहेको छ । २०६७ सालको जनगणना अनुसार नेपालको साक्षरता ६५.९ प्रतिशत रहेको छ, जसमा पुरुष साक्षरता दर ७५.१ प्रतिशत र महिला साक्षरता दर ५७.४ प्रतिशत रहेको छ (अन्तर्राष्ट्रिय मञ्च २०७० : १) । यस सुनखानी गाविसको साक्षरता दर ७२.३४ प्रतिशत रहेको छ भने थामी जातिको साक्षरता दर ७३.३३ प्रतिशत रहेको छ (स्थलगत अध्ययन र गाविस कार्यालयबाट जानकारी) । शैक्षिकस्तरमा आर्थिक अवस्था, चेतना, सामाजिक परम्परा आदि विभिन्न तत्त्वहरूले प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पारेको हुन्छ । यस गाविस र थामी समुदायमा साक्षरता प्रतिशत कम हुनुको प्रमुख कारण गरिबी, चेतनाको कमी तथा शिक्षाको महत्त्व नबुझ्नु, प्रशस्त मात्रामा जग्गाजमिन नहुनु, जग्गाजमिन थोरै भए पनि भौगोलिक विकटताले गर्दा उत्पादन कम हुनु आदिलाई लिन सकिन्छ । गाउँकै नजिक उच्च मावि, मावि हुँदाहुँदै पनि स-साना थामी बालबालिकाहरूलाई गाउँ नजिकै पढ्न विद्यालय जाने बानी बसाल्नका लागि सेतीदेवी बालविकास केन्द्र वि.सं. २०६४ सालमा सुनखानी गाविस वडा नं. ३, मानेडाँडामा खोलिएको थियो । जुन बालविकास केन्द्रमा वडा नं. ३ का थामी बालबालिकाहरूलाई विद्यालय जाने बानी बसाल्न अवसर मिलेको छ। हाल उक्त बालविकास केन्द्र प्रा.वि. मा परिणत भएको छ । उक्त प्रा.वि. की प्रधानाध्यापक सुश्री शान्ती थामीले यस विद्यालयले हामी थामी जातिको मात्र नभएर अन्य जातिको पनि विद्यालय जान सक्ने बालबालिकाहरूलाई शिक्षाको क्षेत्रमा फलदायी भएको कुरा बताउँछिन् । विगतमा माध्यमिक कक्षासम्म अध्ययन गर्ने थामीहरू कम भएका कारण उच्च शिक्षा हासिल गरेका थामीहरू अति नै न्यून देखिन्छ । हालसम्म अध्ययन क्षेत्रका थामीहरूले उच्च शिक्षा हासिल गरेको विवरण निम्न छ ।

**तालिका नं. ४.८**

**थामीहरूको शैक्षिक स्थिति**

| तह | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| एसएलसी | २ | ६ | ८ |
| प्रमाणपत्र तह वा +२ | १ | १ | २ |
| स्नातक तह | १ | ० | १ |
| स्नातकोत्तर तह अध्ययनरत | १ | १ | २ |
| जम्मा | ५ | ८ | १३ |

स्रोत : स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकामा दिईएका योग्यता प्राप्त थामीहरू कुनै न कुनै काम गरिरहेका छन् । एस एल सी उत्तीर्ण थामीहरू मध्ये १ जना छात्र शसस्त्र प्रहरी बलमा कार्यरत छन् भने १ जना शिक्षकको रूपमा कार्यरत छन् । ३ जना छात्रा माथिल्लो तहमा अध्ययनरत छन् । प्रमाण पत्र तह वा + २ गरेका १ जना छात्र पनि शसस्त्र प्रहरी बलमा कार्यरत छन् । १ जना प्रमाणपत्र तह वा + २ उत्तीर्ण गरेका छात्रा भने आफ्नै व्यवसाय सञ्चालन गरिरहेकी छन् । स्नातक तह उत्तीर्ण १ जना छात्र टुकी संघ सुनकोशीद्वारा संचालित चाइल्डफण्ड जापानको परियोजनामा कार्यक्रम सहायक अधिकृतको रूपमा कार्यरत छन् । १ जना स्नातक तह उत्तीर्ण छात्रा स्नातकोत्तर अध्ययनरतका साथै सेतीदेवी प्रा.वि. सुनखानी ३ मानेडाँडामा प्रधानाध्यापकको रूपमा काम गरिरहेकी छन् । १ जना छात्र (यो सोधकर्ता स्नातकोत्तर गरिरहेका) (सोधपत्र बाहेक अरू उत्तीर्ण भइसकेका) पनि टुकी संघ सुनकोशीद्वारा सञ्चालित USAID परियोजना अन्तर्गत सुआहारा कार्यक्रममा फिल्ड सुपरपाइजरको रूपमा कार्यरत छन् ।

निष्कर्ष : शिक्षा ज्ञानको ज्योति हो । शिक्षा बिना मानवको जीवन अन्धकारमय बन्न सक्छ । त्यसकारण मानव सभ्यताको विकासक्रमसँगै शिक्षाको थालनी भएको पाइन्छ । परापूर्वकालमा अनौपचारिक तरिकाले ठूला, ज्ञानी ब्यक्तिबाट मानिसहरू शिक्षा ग्रहण गर्दथे । प्राचीन कालमा दिइने शिक्षा प्रणाली धार्मिक भावनाबाट ओतप्रोत थियो । परम्परागत शिक्षा लिनको लागि गुरुकुल, आश्रम, मठमन्दिर र गुम्बाहरूमा जानुपर्दथ्यो । तर समयको परिवर्तन सँगसँगै शिक्षा प्रणालीमा पनि परिवर्तन हुँदै आएको पाइन्छ । संसारको शिक्षा विकासको क्रमलाई हेर्दा समान किसिमले सबै ठाउँमा शिक्षाको अवसर प्राप्त नभएको इतिहास छ ।

नेपालमा संस्कृत शिक्षा, ब्यवसायिक शिक्षा र पश्चिमी शिक्षा गरी तीन तहमा बिभक्त भएको शिक्षा प्रचलनमा पाइन्छ । लिच्छविकालमा कला र संस्कृतिको शिक्षा प्रणालीमा ध्यान दिएको पाइन्छ । मल्लकालमा बेद, ब्याकरण न्याय, दर्शन, ज्योतिष, धर्मशास्त्र, कर्मकाण्ड र नैतिक शिक्षा प्रचलनमा भएको पाइन्छ । राणा प्रधानमन्त्री जंगबहादुर राणा युरोप भ्रमण गरेर फर्केपछि नेपालमा अंग्रेजी शिक्षाको थालनी भएको थियो । २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि देशभर शिक्षा र चेतनाको विकासका लागि सरकारी स्तरबाट देशभर विद्यालय खोल्नेक्रम तीव्र भयो । शिक्षा ब्यक्ति एंव समाज विकासका लागि मेरुदण्ड हो । शिक्षा नै समाज परिवर्तनको बाहक हो भन्ने उदेश्यले २०४६ सालको जनआन्दोलन पश्चात स्थानीय निकायबाट विद्ययालय खोल्ने र शैक्षिक स्तरमा बृद्धि गर्नको लागि स्थानीय स्रोत साधन लगानी गरेको पाइन्छ । यस सुनखानी गाविसमा पनि शैक्षिक स्तर उकास्न यहाँका बुद्धिजीवी, विद्वान्, शिक्षाविद्,, समाजसेवी लागि परेर ८ वटा शैक्षिक संस्थाहरू १ मा वि, १ नि.मा.वि., ६ वटा प्रा.वि. स्थापना गरेको पाइन्छ । यी शैक्षिक संस्थाहरूबाट यस गाविसका पढ्ने उमेर भएका बालबालिकाहरूले शिक्षा हासिल गरिरहेको देखिन्छ । शैक्षिक जागरण र विकासको लहर हालका दिनमा उत्साहपूर्वक रूपमा अगाडि बढिरहेको देखिन्छ । प्रजातन्त्रको पुनर्स्थापना साथसाथै शैक्षिक क्षेत्रमा देखिएका थप उत्साहका लहरहरू थामी जातिमा पनि निकै बृद्धि भएको देखिन्छ । विगतमा भन्दा हाल आएर शिक्षाको महत्व बुझेपछि आ-आफ्ना विद्यालय जानसक्ने उमेरका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालयमा पढ्न पठाइएको पाइन्छ । अझै पनि यस गाविसमा बसोबास गर्ने थामी जातिमा २६.६७ प्रतिशत मानिस निरक्षर छन् भने जम्मा साक्षरता ७३.३३ प्रतिशत मात्र छन् ।

# परिच्छेद : पाँच

# निष्कर्ष

नेपाल एउटा अति प्राचीन स्वतन्त्र राष्ट्र हो। प्रागैतिहासिक कालदेखिनै नेपालमा मानिसहरूको बसोबास भएको देखिन्छ। प्राचीनकालदेखि नै नेपालमा आर्य र मङ्गोलियन जातिका मानिसहरूको नेपाल प्रवेश भएको पाइन्छ। नेपाली समाजमा मूलतः आर्य तथा मङ्गोल सम्प्रदायका मानिसहरूद्वारा निर्मित समाज हो। नेपालमा आर्य सम्प्रदाय तथा मङ्गोल सम्प्रदायका मानिसहरू कहिले प्रवेश गरे भन्ने सन्दर्भमा निश्चित किटानी गरेर भन्न कठिनाई भए तापनि इसापूर्व उन्नाईसौँ/ अठारौँ शताब्दीतिरै नेपालमा पहिलो शासन गर्ने शासकको रूपमा मानिएका “गोपाला” हरूका पूर्वजहरू प्रवेश गरेको कुरा विद्वान्हरूले उल्लेख गरेका छन्। प्राचीनकालिन अवस्थामा नेपाल प्रवेश गर्ने मानिसहरूको कुनै जातथर थिएन जो नेपाल प्रवेश गऱ्यो त्यो नेपाली हुन्थ्यो। मानव सभ्यताको शुरुवातदेखि नै नेपालमा मानवको बसोबास भएको हुनाले यहाँ मानव सभ्यताका अवशेषहरू पर्याप्त मात्रामा प्राप्त भएका छन्। तर ती आदिमानवका पुर्खाहरूका वंशजहरू वर्तमान नेपालमा को-को हुन भनेर भन्न सक्ने प्रामाणिक आधारहरू उपलब्ध छैनन्। लिच्छविकाल पश्चात् भने केही प्रामाणिक आधारहरू उपलब्ध छन्। लिच्छविकाल पूर्व नेपालमा गोपाल, महिषपाल, किरातवंशीय राजाहरूले शासन गरेका थिए। किरात शासनपछि नेपालमा लिच्छवि शासनकाल शुरु भएको पाइन्छ। यस शासनकालबाट नेपाली संस्कृति र सभ्यताको बिकासका अंकुरणहरू लाग्न थाले। उनीहरूले राजतन्त्रको सुदृढीकरण गरे। देशमा उद्योग, ब्यापार, खेतीपाती, पशुपालन गर्न थाले र समाज अनेक जाति वर्ण र वर्गमा विभाजित भयो।

लिच्छविकाल मुलुकको राजनीतिक, आर्थिक सामाजिक सांस्कृतिक एवं धार्मिक सहिष्णुता र समन्वयको दृष्टिले समेत ज्यादै महत्वपूर्ण मान्न सकिन्छ। नेपालमा परापूर्वकालदेखि नै विविध जातजाति तथा जनजातिका मानिसहरूबाट सामाजिक संरचना निर्माण भएको छ। यो सांस्कृतिक संगमस्थल बनेको छ। विभिन्न भेषभूषा भाषा, संस्कृति, विभिन्न रितिरिवाज भएका विभिन्न जातजातिहरूको बसोबास भएको सुन्दर देशको रूपमा यो रहेको छ। नेपालको जनगणना २०६८ अनुसार यहाँ ब्राहमण, क्षत्री, गुरुङ, मगर, थामी, कामी आदि १२५ जातिका मानिसहरू बस्दछन्। यी जातजातिहरूमा अनेकौँ भाषा, धर्म,

सम्प्रदाय तथा आ-आफ्नो संस्कृतिहरू विद्यमान छन् । यहाँ १२३ भाषा प्रयोगमा छन् । हिन्दु, बौद्ध, किरात, मुस्लिम, इसाई आदि धर्म प्रचलनमा छन् ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक एवं बहुधार्मिक देश हो । तसर्थ यहाँ बसोबास गर्ने विभिन्न जातजाति तथा जनजातिहरूमध्ये थामी पनि एक हो । थामी मङ्गोल मुलका जनजाति मानिन्छन् । मङ्गोल मुलका अन्य जनजातिहरूमा मगर, गुरुङ, राई, लिम्बू, तामाङ, शेर्पा, थकाली, जिरेल, सुनुवार, लेप्चा, मेचे, धिमाल, सुरेल, दुरा आदि पर्दछन् । नेपालमा दुई भिन्न भिन्न भौगोलिक परिवेश र सांस्कृतिक परम्परा भएका विशाल छिमेकी मुलुकहरू भारत र चीनसँगको निकटताले गर्दा प्रागैतिकहासिक कालदेखि नै समय-समयमा यहाँ विभिन्न दिशाबाट अनेक जाति उपजातिका मानिसहरू भित्रिन पुगे, जसको परिणामस्वरूप जातीय विविधताले प्रश्रय पाएको देखिन्छ । हिमाली भेगमा शेर्पा, थकाली, भोटे जातिहरूको बसोबास रहेको छ । पहाडी भेगमा ब्राहमण क्षत्री, मगर, गुरुङ, नेवार, तामाङ, सुनुवार, जिरेल, चेपाङ, राई, लिम्बू, थामी, दुरा, छन्त्याल, दमाई, कामी, सार्की आदि जातिको बसोबास रहेको पाइन्छ भने तराई भेगमा ब्राहमण, राजपुत, थारु, सतार, धिमाल, दनुवार, माझी, झाँगड, मुसलमान, यादव, आदि जातिको बसोबास भएको पाइन्छ । २०५८ सालको जनगणना अनुसार नेपालको चौध अञ्चल, छपन्न वटा जिल्लामा धेरथोर संख्यामा बसाबास रहेको थामी जाति मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अंचलको दोलखा, सिन्धुली, रामेछाप र बागमती अंचलको सिन्धुपाल्चोक जिल्लामा भने अरू जिल्लाको तुलनामा बढी रहेको पाइन्छ । हरेक जातिको आफ्नै किसिमको पहिचान दिने खालको भाषा, संस्कृति, भेषभूषा, परम्परा हुन्छन् । थामी जातिको पनि आफ्नै खालको भाषा, संस्कृति, रहनसहन, परम्परा छन् जसले थामी जाति हो भनेर पहिचान गर्न सजिलो पारेको छ ।

यस सुनखानी गाविसमा बसोबास गरेका थामी जातिको अध्ययन गर्नको उद्देश्य उनीहरूको सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक अवस्थाको चित्रण गर्नु र ऐतिहासिक पक्षको चित्रण गर्नु हो । उनीहरूले आफ्ना सामाजिक-सांस्कृतिक मान्यताहरूलाई निरन्तर दिइरहेका छन् । नेपालका विभिन्न क्षेत्रमा रहेका थामी जातिको जस्तै यस सुनखानी गाविसमा रहेका थामीहरूका पनि विभिन्न समस्या रहेको देखिन्छ । कृषि मुख्य पेशा भएका यस गाविसका थामी जातिको प्रशस्त जमिनको अभाव, बेरोजगारी, गरिबी, अशिक्षा यहाँका थामी जातिको साझा समस्या हुन् । कृषि मुख्य पेशा भए तापनि वर्षभरिका लागि खाद्यान्न उत्पादन नहुने हुनाले श्रम, मजदुरी गर्नुनै उनीहरूको दैनिकी देखिन्छ ।

यस अध्ययन क्षेत्रका थामीहरूले आफ्नो जातीय, धार्मिक एवं सांस्कृतिक विशिष्टतालाई कायमै राख्न सफल भएको भए तापनि थामीहरूको आर्थिक, शैक्षिक, राजनैतिक अवस्था अति कमजोर नै देखिन्छ। यसो हुनाको प्रमुख कारण थामीहरूको कमजोर आर्थिक, शैक्षिक अवस्था नै हो। अध्ययन क्षेत्रका कुल उत्तरदातामध्ये हालसम्म १३ जनाले मात्र एस.एल.सी. उत्तीर्ण गरी त्यसमा पनि केहीले मात्र उच्च शिक्षा हासिल गर्दै गरेको पाइएकाले थामीहरूको कमजोर आर्थिक, शैक्षिक अवस्था हो भनेर सजिलै अनुमान गर्न सकिन्छ। थामीहरूको कुनैपनि सरकारी निकाय, गैह्र सरकारी निकाय, संघसंस्थाहरूमा शिक्षा, स्वास्थ्य आदि ठाउँमा पहुँच नपुग्नुको प्रमुख कारण शैक्षिक र आर्थिक अवस्था कमजोर हुनु हो। जे जस्तो भए तापनि समय र परिस्थिति अनुसार उपचार पद्धतिप्रति को विश्वास, भेषभूषा, चाडपर्व, भाषा, संस्कृति तथा परिवारको आकार तथा प्रकारमा सकारात्मक परिवर्तन भइरहेको पाइन्छ। आर्थिक अवस्थालाई हेर्दा पनि अन्य दुर्गम क्षेत्रका थामीहरूको तुलनामा सन्तोषजनक नै देखिन्छ, शिक्षाको क्षेत्रमा पनि अन्य ठाउँका थामीहरूको तुलनामा अध्ययन क्षेत्रका थामीहरूको प्रगति उन्मुख भइरहेको देखिन्छ। अझ आर्थिक, शैक्षिक, सामाजिक आदि पक्षमा सवल बनाउन सरकारी तथा गैर सरकारी संस्थाहरूबाट र अन्य स्वदेशी तथा विदेशी दात. संघसंस्थाहरूबाट सुझाब र सहयोगको खाँचो देखिन्छ। यस क्षेत्रका थामीहरूको धार्मिक तथा सांस्कृतिक पक्षमा हिन्दु र बौद्ध धर्मको मिश्रित प्रभाव परेको पाइन्छ। अर्थात् यहाँ हिन्दू र बौद्ध धर्मावलम्बीहरू मात्र रहेका छन्।

**शोध-सार**

१. इ.सं. १३२६ मा दिल्लीका मुसलमान शासक गयासुद्दिन तुगलको आक्रमणपछि सिम्रौनगढ ध्वस्त भएपछि त्यहाँबाट बँचेर बाहिरिन सफल भएका दुई जोडी दम्पती यापती छुकु, सोनारी आज र उके छुकु वेती आजी बेघबार भई घुमन्ते जीवन बिताउँदै पहाडतिर लाग्ने क्रममा नेपाल उपत्यकाको भक्तपुरको ठिमी हुँदै अभयपुर (हाल दोलखा) मा पुगेर घुमन्ते जीवन त्यागी स्थायी रूपमा बसोबास गरी आफ्नै समुदायलाई मिलाई बसोबास गर्न सफल भए।

२. आजभन्दा ६-७ पुस्ता अगाडि सिन्धुपाल्चोक जिल्लाको चोकटी गाउँको सेलले भन्ने ठाउँबाट सिन्धुपाल्चोककै धुस्कुन हुँदै सुनखानी गाउँमा आएर बसोबास गरेका कुलमान थामीका सन्तानले सुनखानीमा थामी बस्ती बसाएको मानिन्छ।

३. नेपालमा बसोबास गर्ने अन्य जातिको जस्तै थामी जातिको पनि आफ्नै छुट्टै धर्म, भाषा, संस्कृति तथा परम्पराको छुट्टै अस्तित्व रहेको छ । त्यसैले यो जाति आफ्नै संस्कार, संस्कृति र परम्परालाई आत्मसात गर्दै आधुनिकतातर्फ उन्मुख भए तापनि थामीहरूले आफ्ना सामाजिक, सांस्कृतिक मान्यताहरूलाई निरन्तरता दिइरहेको पाइन्छ ।

४. समय परिस्थिति अनुसार राजनीतिक घटनाक्रम सँगसँगै हिन्दू र बौद्ध धर्ममा केही परिवर्तन आएको देखिन्छ । विशेष गरी २०६२/०६३ को दोस्रो जनआन्दोलनले नेपाल धर्मनिरपेक्ष राष्ट्र घोषणा गरे तापनि यहाँका थामी जातिमा अरु धर्मको प्रभाव परेको देखिँदैन ।

५. सुनखानीका थामी समुदायमा पुरुष र महिला दुवै बराबर (७३.३३) प्रतिशत साक्षर छन् । २०७० सालसम्म यहाँका थामी समुदायमा मा.वि. शिक्षा हासिल गर्नेहरूमा जम्मा १५ जना रहेका छन् । जसमा पुरुष ३३.३३ प्रतिशत र महिला ६६.३३ प्रतिशत रहेका छन् । माथिल्लो तहको कुरा गर्दा वर्तमानमा स्नातकोत्तर अध्ययनरत २ जना रहेका छन् ।

६. अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूले विशेष गरी गरिब, आदिवासी, जनजाति, दलित वर्गहरूको हितका लागि विभिन्न कार्यक्रमहरूमार्फत सहयोग गरेको देखिन्छ तर यस क्षेत्रमा बसोबास गर्ने थामी जनजाति समुदायलाई भने कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूले सहयोग गरेको देखिँदैन ।

# सन्दर्भ-सामग्री

**मौलिक स्रोत**

**अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नामावली**


खड्का, कृष्णबहादुर, प्रधानाध्यापक, भूमेश्वरी मा.वि., सुनखानी-२, सिन्धुपाल्चोक, २०७०/३/२५ ।

खड्का, भीमबहादुर, प्रधानाध्यापक, गणेश उच्च मा.वि., यमुनाडाँडा-३, सिन्धुपाल्चोक, २०७०/३/२६ ।

तामाङ, अम्बरबहादुर, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/६ ।

थामी, कृष्णबहादुर (८२), सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/६ ।

थामी, कुलमाया (८४), धुस्कुन-८, सिन्धुपाल्चोक, २०७०/६/३० ।

थामी, गुण्डबहादुर, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/६ ।

थामी, गुनबहादुर, धुस्कुन-४, सिन्धुपाल्चोक, २०७०/१/४ ।

थामी, गोपीलाल, सुनखानी-३, सिन्धुपाल्चोक, २०६९/१०/४ ।

थामी, चन्द्रबहादुर, धुस्कुन-४, सिन्धुपाल्चोक, २०७०/१/४ ।

थामी, जीतबहादुर, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/६ ।

थामी, ताराबहादुर, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/५ ।

थामी, तिलबहादुर, धुस्कुन-८, सिन्धुपाल्चोक, २०७०/६/३० ।

थामी, दलबहादुर (पिस्कर हत्या काण्डमा मारिएका इले थामीको छोरा), धुस्कुन-८, सिन्धुपाल्चोक, २०७०/६/३० ।

थामी, नरबहादुर, धुस्कुन-४, सिन्धुपाल्चोक, २०७०/६/३० ।

थामी, निलबहादुर, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/५ ।

थामी, फूलमाया, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/५ ।

थामी, बलराम, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/५ ।

थामी, बच्चु, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/५ ।

थामी, वीरबहादुर, धुस्कुन-८, सिन्धुपाल्चोक, २०७०/६/३० ।

थामी, बुद्धिमान, धुस्कुन-४, सिन्धुपाल्चोक, २०७०/१/४ ।

थामी, बुद्धिमाया (८३), धुस्कुन-३, सिन्धुपाल्चोक, २०७०/६/३० ।

थामी, बुद्धमाया (पिस्कर हत्याकाण्डमा मारिएका बीरबहादुर थामीकी पत्नी), धुस्कुन-२, सिन्धुपाल्चोक, २०७०/६/३१ ।

थामी, भक्तबहादुर, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/५ ।

थामी, भरतबहादुर, धुस्कुन-८, सिन्धुपाल्चोक, २०७०/६/३० ।

थामी, मङ्गलबहादुर (८०), धुस्कुन-४, सिन्धुपाल्चोक, २०७०/१/४ ।

थामी, मङ्गलादेवी, सुनखानी-३, सिन्धुपाल्चोक, २०६९/१०/४ ।

थामी, मती, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/६ ।

थामी, मनिराज, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/६ ।

थामी, रामशरण, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/६ ।

थामी, लालबहादुर, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/६ ।

थामी, ललितबहादुर, सुनखानी-६, सिन्धुपाल्चोक, २०७०/१/६ ।

थामी, सुश्री शान्ती, प्रधानाध्यापक सेतीदेवी प्रा.वि. सुनखानी -३ मानेडाँडा २०७०/१/६

थामी, शिव, धुस्कुन-८, सिन्धुपाल्चोक, २०७०/१/४ ।

थामी, सञ्चवीर (८०), सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/६ ।

थामी, सरस्वती, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/६ ।

थामी, सुकुमान, सुनखानी-६, सिन्धुपाल्चोक, २०७०/१/६ ।

थामी, सुकुमाया, धुस्कुन-८, सिन्धुपाल्चोक, २०७०/६/३० ।

बुढाथोकी, कृष्णबहादुर, पूर्व गा.वि.स. अध्यक्ष, सुनखानी-२, सिन्धुपाल्चोक, २०७०/१/३ ।

बुढाथोकी, ज्ञानेन्द्र, पूर्व वडा सदस्य, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/२ ।

बुढाथोकी, देवीबहादुर, पूर्व इलाका सदस्य, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/२ ।

भुजेल, डिकबहादुर, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/२ ।

भुजेल, मानवहादुर, सुनखानी-३, सिन्धुपाल्चोक, २०७०/१/२ ।

लामा, पासाङ, सुनखानी-२, सिन्धुपाल्चोक, २०६९/१०/४ ।

लामा, पेमाछिरी, सुनखानी-२, सिन्धुपाल्चोक, २०६९/१०/४ ।

श्रेष्ठ, इन्द्रबहादुर, यमुनाडाँडा-९, सिन्धुपाल्चोक, २०७०/१/२ ।

सिग्देल, माधवराज, गा.वि.स. सचिव, सुनखानी, सिन्धुपाल्चोक, २०६९/१०/५ ।

सिलवाल, रञ्जिता, सुनखानी-२, सिन्धुपाल्चोक, २०७०/१/२ ।

**सहायक स्रोत**

**नेपाली पुस्तक**

उपाध्याय, श्रीरामप्रसाद (२०६२), *नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

उप्रेती, प्रेमनारायण र कृष्णबहादुर थापा (२०५३), *नेपालको संक्षिप्त सामाजिक, आर्थिक तथा कूटनीतिक इतिहास,* काठमाडौं : साझा प्रकाशन ।

कार्की, ज्ञानबहादुर (२०६५), *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास (वि.सं. २०१७-४६),* पोखरा : शान्ति कार्की ।

------, (२०६८), *नेपालमा जातपात तथा छुवाछूतको इतिहास,* काठमाडौं : एसिया पब्लिकेसन प्रा.लि. ।

काफ्ले, मायाप्रसाद (२०५५), *राजनीतिशास्त्र, नागरिकशास्त्रको आधुनिक सिद्धान्त,* काठमाडौं: भुवन प्रकाशन ।

के.सी., सुरेन्द्र (२०५९), *आधुनिक नेपाल,* काठमाडौं : पैरवी प्रकाशन ।

कँडेल शर्मा, देवीप्रसाद (२०५४), *आधुनिक नेपालको इतिहास,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

क्षत्री, दिलबहादुर (२०६२), *प्राचीन तथा पूर्वमध्कालिक नेपाल,* काठमाडौं : निरन्तर प्रकाशन ।

खत्री, प्रेमकुमार (२०५०), *नेपाली समाज र संस्कृति,* काठमाडौं : साझा प्रकाशन ।

खत्री, प्रेमकुमार र पेशल दाहाल (२०५३), *आधुनिक नेपालको सामाजिक इतिहास,* काठमाडौं : साझा प्रकान ।

गुरुङ, कृष्ण (२०५६), *नेपाल परिचय,* काठमाडौं : भुँडीपुराण ।

गुरुङ, दीर्घमान र ईश्वर सुवेदी (२०६४), *गणतन्त्र उन्मुख नेपाल,* काठमाडौं : के.पी. पुस्तक भण्डार ।

ढुङ्गेल, राममणि (२०५१), *चेपाङ समुदाय र संस्कृति,* काठमाडौं : साझा प्रकाशन ।

दाहाल, पेशल (२०५८), *नेपालको इतिहास,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

दाहाल पेशल र सोमप्रसाद खतिवडा (२०५७), *नेपाली समाज र संस्कृति,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

बज्राचार्य, पुष्परत्न (२०२६), *हाम्रो चाडपर्व,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

बराल, वासु (२०५०), *हिन्दू सामाजिक सङ्गठनको प्रारूप,* काठमाडौं : साझा प्रकाशन ।

भट्टराई, ज्ञानेश्वर (२०६०), *बृहत ज्ञानकोश,* काठमाडौं : आशिष पुस्तक भण्डार ।

-----, (२०७०), *बृहत ज्ञानकोश, सामाजिक ज्ञान र सामाजिक अध्ययन,* काठमाडौं : आशिष पुस्तक भण्डार ।

*मेचीदेखि महाकालीसम्म-३,* श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग ।

विष्ट, डोरबहादुर (२०५५), *सबै जातको फूलबारी,* काठमाडौं : साझा प्रकाशन ।

शर्मा, कमलराज (२०५७), *आधारभूत समाजशास्त्र तथा मानवशास्त्र,* काठमाडौं : देवी शर्मा, पोखरा ।

शर्मा, गोपीनाथ (२०४३), *नेपालमा शिक्षाको इतिहास,* काठमाडौं : हेमकुमारी शर्मा ।

शर्मा, जनकलाल (२०५८), *हाम्रो समाज एक अध्ययन,* काठमाडौं : साझा प्रकाशन ।

शर्मा, नगेन्द्र (२०५२), *नेपाली जनजीवन,* काठमाडौं : साझा प्रकाशन ।

*सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र-२०६७,* जिल्ला विकास समिति, चौतारा ।

*सुनखानी गा.वि.स. पार्श्वचित्र-२०६५,* सुनखानी गा.वि.स. को कार्यालय ।

सुवेदी, राजाराम (२०६१), *नेपालको तथ्य इतिहास,* काठमाडौं : साझा प्रकाशन ।

**अंग्रेजी**

Central Bureau of statistics 2001 : Population Census 2001 Selected Tables Caste/ Ethnicity of Mother Tongue and Religion

*District and VDC profile of Nepal 2013* : Intensive Study and Research Centre Pvt. Ltd. Kathamndu

His Majestry's Government of Nepal National Planning Commission Secretatriat

Shreiderman Sara Beth (2009), *Rituals of Ethimicty, Mixture and the Making of Thangmi Identity Accross Himalayn Borders*, London cornell unicersity.

Thapa, Krishna Bahadur (1995), *Social Economic and Administrative History of Modern Nepal*, Kathmandu: Ratna Pustak Bhandar.

**शोध ग्रन्थहरू**

थापा, साधुराम (२०६७), “ढोरबाराही देवीको ऐतिहासिकता, जनविश्वास र बातावरणीय प्रभाव अध्ययन”, पोखरा, इतिहास तथा संस्कृति विभाग, पृथ्वी नारायण क्याम्पस ।

बस्याल, ताराप्रसाद (२०६८), “स्याङ्जा जिल्ला मालुङ्गा गाविसका मगर जातिहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको अध्ययन”, पोखराः इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस ।

शर्मा, कमला (२०६४), "मुसलमान जातिको सामाजिक, आर्थिक अवस्था एक अध्ययन", पोखरा : इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस ।

शर्मा, तेजराज (२०५९), "म्याग्दी जिल्लाको छन्त्याल जाति संक्षिप्त अध्ययन", पोखरा : इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस ।

सिग्देल, पदमराज (२०६१), "तनहूँ जिल्लाका दराई जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था एक अध्ययन", पोखरा : इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस ।

**लेख रचना**

कार्की, ज्ञानबहादुर (२०६६), "नेपाली समाजमा विद्यमान जातीय सहिष्णुता र चुनौती" *सामीप्य स्मारिका,* पोखरा : सामीप्य समाज नेपाल ।

कार्की, ज्ञानबहादुर (२०५३), "नेपाली समाजको सामान्य परिचय" *हिस्टोरिया,* पोखरा : डिर्पाटमेन्ट अफ हिस्ट्री एण्ड कल्चर पृथ्वीनारायण क्याम्पस ।

थामी, कुम्भलाल (२०६१) "थामी जातिको उत्पति र विवरण", *थामी समुदायको ऐतिहासिक चिनारी र संस्कार संस्कृति,* काठमाडौँ : नेपाल थामी समाज ।

थामी, रामकाजी (२०६१), "थामी जातिको ऐतिहासिक किम्बदन्ती र विश्लेषण", *थामी समुदायको ऐतिहासिक चिनारी र संस्कार संस्कृति,* काठमाडौँ : नेपाल थामी समाज ।

थामी टहल, (२०६१) "कुल देवता भूमेको किम्बदन्ती", *थामी समुदायको ऐतिहासिक चिनारी र संस्कार संस्कृति,* काठमाडौँ : नेपाल थामी समाज ।

पण्डित, दिननाथ (२०६३), "नेपालको शैक्षिक विकासक्रम : एक अध्ययन", *हिस्टोरिया,* पोखरा : डिर्पाटमेन्ट अफ हिस्ट्री एण्ड कल्चर, पृथ्वी नारायण क्याम्पस

फाटाकी, राशा (२०६१), "मृत्यु संस्कार", *थामी समुदायको ऐतिहासिक चिनारी र संस्कार संस्कृति,* काठमाडौँ : नेपाल थामी समाज ।

भण्डारी, राधा (२०५३), "गाइने जातिको सामाजिक अवस्था : एक सिंहावलोकन", *हिस्टोरिया,* पोखरा : डिपार्टमेन्ट अफ हिस्ट्री एण्ड कल्चर, पृथ्वीनारायण क्याम्पस ।

**पत्रपत्रिका**

*अन्तर्राष्ट्रिय मञ्च* (नेपाल सम्बन्धी बार्षिक अंक २०७०), *२०६८ जनगणना जनसंख्याका विविध तथ्य,* काठमाडौँ : रञ्जु अधिकारी ।

कार्की, राजकुमार, "आदिम जनजीवन बिताउँदै छन् सिन्धुलीका थामीहरू", *स्पेश टाइम* राष्ट्रिय दैनिक, २०५८ जेष्ठ ८ गते सोमबार ।

खरेल, शेखर, "कसले रोप्यो विष वृक्ष ?", *नागरिक* (दैनिक), २०६९ जेष्ठ ९ गते मङ्गलबार ।

*गगन* राष्ट्रिय दैनिक (पोखरा), "परम्परा र संस्कृतिका धनी थामी जाति लोप हुने स्थितिमा", २०५८ माघ ९ गते मंगलबार ।

जनजाति वर्गीकरण कार्यदल (२०६०) "राष्ट्रिय आदिबासी जनजाति महिला महासंघ" कास्की जिल्ला समन्वय परिषद् ।

## परिशिष्ट नं. - १

### नेपालमा बसोबास गर्ने १२५ जातजातिहरूको जनसंख्या विवरण (वि.सं. २०६८)

| क्र.सं. | जातको नाम | जनसंख्या | क्र.सं. | जातको नाम | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | क्षत्री | ४३,९८,०५३ | ६४ | गदेरी/भडीहर | २६,३७५ |
| २ | ब्राह्मण | ३२,२६,९०३ | ६५ | मुराङ्ग | २७८ |
| ३ | मगर | १८,८७,७३३ | ६६ | याख्खा | २४,३३६ |
| ४ | थारु | १७,३७,४७० | ६७ | दराई | १६,७८९ |
| ५ | तामाङ | १५,३९,८३० | ६८ | ताजपुरिया | १९,२१३ |
| ६ | नेवार | १३,२१,९३३ | ६९ | थकाली | १३,२१५ |
| ७ | मुसलमान | ११,६४,२५५ | ७० | चिडिमार | १,२५४ |
| ८ | कामी | १२,५८,५५४ | ७१ | पहरी | १३,६१५ |
| ९ | यादव | १०,५४,४५८ | ७२ | माली | १४,९९५ |
| १० | राई | ६,२०,००४ | ७३ | बङ्गाली | २६,५८२ |
| ११ | गुरुङ | ५,२२,६४१ | ७४ | छन्त्याल/छन्तेल | ११,८१० |
| १२ | दमाई/धोली | ४,७२,८६२ | ७५ | डोम | १३,२६८ |
| १३ | लिम्बु | ३,८७,३०० | ७६ | कमर | १,७८७ |
| १४ | ठकुरी | ४,२५,६२३ | ७७ | बोटे | १०,३९७ |
| १५ | सार्की | ३,७४,८१६ | ७८ | ब्रहमु/बरामो | ८,१४० |
| १६ | तेली | ३,६९,६८८ | ७९ | गाइने/गन्धर्ब | ६,७९१ |
| १७ | चमार/हरिजन/राम | ३,३५,८९३ | ८० | जिरेल | ५,७७४ |
| १८ | कोइरी/कुशवाहा | ३,०६,३९३ | ८१ | दुरा | ५,३९४ |
| १९ | कुर्मी | २,३१,१२९ | ८२ | बादी | ३८,६०३ |
| २० | सन्यासी/दशनामी | २,२७,८२२ | ८३ | मेचे | ४,८६७ |
| २१ | धानुक | २,१९,८०८ | ८४ | लेप्चा | ३,४४५ |
| २२ | मुसहर | २,३४,४९० | ८५ | हलखोर | ४,००३ |
| २३ | दुसाध/पासवान/पासी | २,०८,९१० | ८६ | पञ्जाबी/सिख | ७,१७६ |
| २४ | शेर्पा | १,१२,९४६ | ८७ | किसन | १,७३९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | सोनार | ६४,३३५ | ८८ | राजी | ४,२३५ |
| २६ | केवट | १,५३,७७२ | ८९ | बासी/सउका | ३,८९५ |
| २७ | ब्राह्मण तराई | १,३४,१०६ | ९० | हायु | २,९२५ |
| २८ | काठवनियान | १,३८,६३७ | ९१ | कोचे | १,६२५ |
| २९ | घर्ति/भुजेल | १,१८,६५० | ९२ | धुनिया | १४,८४६ |
| ३० | मल्लाहा | १,७३,२६१ | ९३ | बालुङ्ग | १,२४९ |
| ३१ | कलवार | १,२८,२३२ | ९४ | मुन्डा | २,३५० |
| ३२ | कुमाल | १,२१,१९६ | ९५ | राउटे | ६१८ |
| ३३ | हरिजन/ठाकुर | १,१७,७५८ | ९६ | ह्योल्मो | १०,७५२ |
| ३४ | कानू | १,२५,१८४ | ९७ | पत्थरकट्टा/कुस्वडिया | ३,१८२ |
| ३५ | राजवंशी | १,१५,२४२ | ९८ | कुसुन्डा | २७८ |
| ३६ | सुनुवार | ५५,७१२ | ९९ | ल्होमी | १,६१४ |
| ३७ | सुधी | ९३,११५ | १०० | कलर | १,०७७ |
| ३८ | लोहार | १,०१,४२१ | १०१ | नटुवा | ३,६२ |
| ३९ | टट्मा/टट्वा | १,०४,८६५ | १०२ | धान्दी | १,९८२ |
| ४० | खाट्बे | १,००,९२१ | १०३ | धन्डार/धरिकर | २,६८१ |
| ४१ | धोबी | १,०९,०७९ | १०४ | कुलुङ्ग | २८,६१३ |
| ४२ | माझी | ८३,७२७ | १०५ | घले | २२,८८१ |
| ४३ | नुनियाँ | ७०,५४० | १०६ | खवास | १८,५१३ |
| ४४ | कुम्हार | ६२,३९९ | १०७ | राजधोब | १३,४२२ |
| ४५ | दनुवार | ८४,११५ | १०८ | कोरी | १२,२७६ |
| ४६ | चेपाङ/प्रजा | ६८,३९९ | १०९ | नछिरिङ्ग | ७,१५४ |
| ४७ | हलुवाई | ८३,८६९ | ११० | याम्फू | ६,९३३ |
| ४८ | राजपुत | ४१,९७२ | १११ | चाम्लिङ्ग | ६,६६८ |
| ४९ | कायस्थ | ४४,३०४ | ११२ | आठपरिया | ५,९७७ |
| ५० | बाधीई | २८,९३२ | ११३ | सर्वरिया | ४,९०६ |
| ५१ | मारवाडी | ५१,४४३ | ११४ | वान्तबा | ४,६०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५२ | सतार/सन्थाल | ५१,७३५ | ११५ | डोल्वो | ४,१०७ |
| ५३ | झाँगड/ धागर | ३७,४२४ | ११६ | अमाट | ३,८३० |
| ५४ | बन्तार/सर्दार | ५५,१८४ | ११७ | थुलुङ्ग | ३,५३५ |
| ५५ | बराई | ८०,५९७ | ११८ | नेवाहाङ्ग वाला | ३,१०० |
| ५६ | कहर | ५३,१५९ | ११९ | बहिङ्ग | ३,०९६ |
| ५७ | गन्गाई | ३६,९८८ | १२० | ल्होया | २,६२४ |
| ५८ | लोध | ३२,८३७ | १२१ | देव | २,१४७ |
| ५९ | राजभर | ८,५४२ | १२२ | साङ्गपाङ्ग | १,६८१ |
| ६० | थामी | २८,६७१ | १२३ | खालिङ्ग | १,५७१ |
| ६१ | धिमाल | २६,२९८ | १२४ | तोप्केगोला | १,५२३ |
| ६२ | भोटे | १३,३९७ | १२५ | लोहारुङ्ग | १,१५३ |
| ६३ | बिन | ७५,१९५ | दलित अन्य | | १,५५,३५४ |
| | | | जनजाति अन्य | | १,२२८ |
| | | | तराई अन्य | | १,०३,८११ |
| | | | पहिचान नभएको अन्य | | १५,२७७ |
| | | | विदेशी | | ६,६५१ |

(स्रोत : डिस्ट्रिक एण्ड भि.डि.सी. प्रोफाइल अफ नेपाल २०१३ इन्टेन्सिभ स्टडि एण्ड रिसर्च सेन्टर, ९-११)

## परिशिष्ट नं.-२

## नेपालमा बोलिने १२३ भाषाहरू र तिनीहरूको संख्या (२०६८ सालको जनगणनाअनुसार)

| क्र.सं | मातृभाषा | बोल्ने संख्या | क्र.सं | मातृभाषा | बोल्ने संख्या |
|---|---|---|---|---|---|
| १ | नेपाली | ११८२६९५३ | २५ | माझी | २४४२२ |
| २ | मैथिली | ३०९२५३० | २६ | थामी | २३१५१ |
| ३ | भोजपुरी | १५८४९५८ | २७ | कुलुङ्ग | ३३१७० |
| ४ | थारू | १५२९८७५ | २८ | धिमाल | १९३०० |
| ५ | तामाङ | १३५३३११ | २९ | अङ्गिका | १८५५५ |
| ६ | नेवार | ८४६५५७ | ३० | याक्खा | १९५५८ |
| ७ | मगर | ७८८५३० | ३१ | थुलुङ्ग | २०६५९ |
| ८ | अवधी | ५०१७५२ | ३२ | सामपाङ्ग | १८२७० |
| ९ | वान्तवा | १३२५८३ | ३३ | भुजेल | २१७१५ |
| १० | गुरुङ | ३२५६२२ | ३४ | दराई | ११६७७ |
| ११ | लिम्बू | ३४३६०३ | ३५ | खालिङ्ग | १४४६७ |
| १२ | बाजजिका | ७९३४१६ | ३६ | कुमाल | १२२२२ |
| १३ | उर्दू | ६९१५४६ | ३७ | थकाली | ५२४२ |
| १४ | राजवंशी | १२२२१४ | ३८ | छन्त्याल | ४२८३ |
| १५ | शेर्पा | ११४८३० | ३९ | सिंग भाषा | ४४७६ |
| १६ | हिन्दी | ७७५६९ | ४० | टिबेतन | ४४४५ |
| १७ | चाम्लिङ | ७६८०० | ४१ | दुमी | ७६३८ |
| १८ | सन्थाली | ४९८५८ | ४२ | जिरेल | ४८२९ |
| १९ | चेपाङ | ४८४७६ | ४३ | वाम्बुले | १३४७० |
| २० | दनुवार | ४५८२१ | ४४ | पुमा | ६६८६ |
| २१ | उराउ | ३३६५१ | ४५ | ह्योल्मो | १०१७६ |
| २२ | सुनुवार | ३७८९८ | ४६ | नछिरिङ | १००४१ |
| २३ | बङ्गला | २१०६१ | ४७ | दुरा | २१५६ |
| २४ | राजस्थानी | २५३९४ | ४८ | मेचे | ४३७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४९ | पहरी | ३४५८ | ७३ | जेरुङ्ग /जेरो | १७६३ |
| ५० | लेप्चा | ७४९९ | ७४ | ढुङ्गमाली | ६२६० |
| ५१ | बोटे | ८७६६ | ७५ | ओरिया | ५८४ |
| ५२ | बाहिङ्ग | ११६५८ | ७६ | लिङ्गखिम | १२९ |
| ५३ | कोई | १२७१ | ७७ | कुसुन्डा | २८ |
| ५४ | राजी | ३७५८ | ७८ | सिन्धी | ५१८ |
| ५५ | हायु | १५२० | ७९ | कोचे | २०८० |
| ५६ | ब्याँसी | ४८० | ८० | हरियाङ्वी | ८८९ |
| ५७ | याम्फू | ९२०८ | ८१ | मगही | ३५६१४ |
| ५८ | घले | ८०९२ | ८२ | साम | ४०१ |
| ५९ | खरिया | २३८ | ८३ | कुर्माली | २२७ |
| ६० | छिलिङ्ग | २०४६ | ८४ | कागते | ९९ |
| ६१ | लोहोरुङ्ग | ३७१६ | ८५ | जोङ्खा | ८० |
| ६२ | पञ्जावी | ८०८ | ८६ | कुकी | २९ |
| ६३ | चाइनिज | २४२ | ८७ | छिन्ताङ्ग | ३३१२ |
| ६४ | इङ्लिस | २०३२ | ८८ | मिजो | ३२ |
| ६५ | मेवाहाङ्ग | ४६५० | ८९ | नागामेसे | १० |
| ६६ | संस्कृत | १६६९ | ९० | ल्होमी | ८०८ |
| ६७ | काइके | ५० | ९१ | आसामी | ४७६ |
| ६८ | खाम्ची (राउटे) | ४६१ | ९२ | सधानी | १२२ |
| ६९ | किसन | ११७८ | ९३ | राई | १५९११४ |
| ७० | मुसलमान | १०७५ | ९४ | ताजपुरिया | १८८११ |
| ७१ | बाराम | १५५ | ९५ | खस | १७४७ |
| ७२ | तिलुङ्ग | १४२४ | ९६ | आठपरिया | ५५३० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९७ | गनगाई | ३६१२ | १११ | बनकरिया | ६९ |
| ९८ | अछामी | १४२७८७ | ११२ | बभ्फाङ्गी | ६७५८१ |
| ९९ | खाम | २७११३ | ११३ | फ्रेन्च | ३४ |
| १०० | मालपाण्डे | २४७ | ११४ | ल्होपा | ३०२९ |
| १०१ | धुलेली | ३४७ | ११५ | डोल्पाली | १६६७ |
| १०२ | अरबी | ८ | ११६ | जुम्ली | ८५१ |
| १०३ | स्पेनिस | १६ | ११७ | दैलेखी | ३१०२ |
| १०४ | रसियन | १७ | ११८ | सोनाहा | ५७९ |
| १०५ | डोटेली | ७८७८२७ | ११९ | डडेलधुरी | ४८८ |
| १०६ | बेलहारे | ५९९ | १२० | बाजुरेली | १०७०४ |
| १०७ | फाङ्गदुवाली | २९० | १२१ | दार्चुलेली | ५९२८ |
| १०८ | बालुङ | ११६९ | १२२ | मनाङ्गे | ३९२ |
| १०९ | सुरेल | २८७ | १२३ | गढवाली | ३८ |
| ११० | बैटाडेली | २७२५२४ | | | |

(स्रोत : डिष्ट्रिक एण्ड भिडिसी प्रोफाइल अफ नेपाल २०१३, पीपी १२-१३; इन्टेन्सिप स्टडी एण्ड रिसर्च सेन्टर प्राइभेट लिमिटेड, काठाडौं, नेपाल । )

## परिशिष्ट नं.-३

## प्रश्नावलीको नमुना

१. घरमुलीको नाम :

२. उमेर/ शिक्षा :

३. पेशा : क) कृषि ख) नोकरी ग) ब्यापार घ) अन्य

४. धर्म : क) हिन्दु ख) बौद्ध ग) क्रिश्चियन घ) अन्य

५. पारिवारिक स्थिति / जम्मा परिवार संख्या :

| क्र.सं. | नाम | घरमुलीको नाम | लिङ्ग | उमेर | शिक्षा | बैवाहिक स्थिति | पेशा |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

६. तपाई यहिको बासिन्दा हो वा बसाइँ सरी आउनु भएको हो ?

क) स्थानीय ख) बसाई सरी आएको

७. बसाई सरी आएको भए कहाँबाट बसाई सरी आउनु भएको हो ? कति वर्ष भयो ? किन बसाई सरेको ?

उत्तर : ..........................................................................

८. तपाइले नेपाली भाषा बाहेक अन्य कुन-कुन भाष जान्नु भएको छ ?

क) नेपाली ख) मातृभाषा ग) अन्य

९. तपाईको कस्तो प्रकारको परिवार हो ?

क) एकल ख) संयुक्त ग) बृहत

१०. तपाइले कस्तो प्रकारको विवाह गर्नुभयो ?

क) मागी ख) प्रेम ग) जारी घ) भागी ङ) अन्य

११. तपाइले कति वर्षमा विवाह गर्नुभयो ?

१२.विवाह गर्न उपयुक्त उमेर कुन हो ?

क) १५ वर्ष मुनी ख) १६-२० वर्षमा ग) २१-२५ वर्षमा घ) २५ वर्ष भन्दा माथि

१३. तपाईको परिवारमा कुनै पनि महत्वपूर्ण निर्णय गर्नुपर्दा परिवारसँग सल्लाह गर्नुहुन्छ कि आफू एक्लै गर्नुहुन्छ ?

क) एक्लै गरिन्छ ख)परिवारसँग सल्लाह गरेर गरिन्छ

१४. कुनै पनि काम गर्दा महिला सदस्यलाई सोध्नु पर्ला कि नपर्ला ?

क) सोध्नुपर्ला ख) सोध्नु पर्दैन

१५. तपाईले हालसम्म कुनै राजनीतिक पद धारण गर्नुभएको छ ?

क) छु ख) छैन

१६. छ भने कुन पदमा हो ? ..............................

१७. अन्य जातिहरूसंख्या तपाइको सम्बन्ध कस्तो छ ?

क) राम्रो छ ख) राम्रो छैन

१८. तपाइको छोराछोरी विद्यालय जान्छ कि जादैन ?

क) जान्छ ख) जाँदैन

१९. तपाईको विचारमा छोराछोरीलाई पढाउनु पर्छ कि पर्दैनन् ?

क) पढाउनु पर्छ ख) पढाउनु पर्दैनन्

२०. तपाई कुनै सामाजिक संघ संस्थामा संलग्न हुनुहुन्छ ,

क) छु ख) छैन

२१. तपाईको अन्य परिवारको सदस्यहरू कुनै सामाजिक संघ संस्थामा संलग्न हुनुहुन्छ ?

क) छ ख) छैन

२२. तपाई विरामी हुँदा कहाँ उपचार गर्न लानुहुन्छ ?

क) धामी झाँक्री ख) बैद्य ग) अस्पताल घ) स्वास्थ्य चौकी

२३. तपाईको परिवारले मनाउने मूख्य चाडपर्वहरू के-के हुन् ?

उत्तर :

२४. तपाईले विशेषगरी पूजाआजा गर्ने चाडपर्व कुन-कुन हुन् ?

२५. छोरीलाई पैत्रिक सम्पत्तिको हकदार बनाउने कुरा तपाईलाई कस्तो लाग्छ ?

क) ठीक लाग्छ ख) बेठीक लाग्छ

तपाईको अमूल्य समय दिनुभएकोमा हार्दिक धन्यबाद ।

## परिशिष्ट नं.-४

## सुनखानी थामी समाजका वर्तमान कार्यसमितिका पदाधिकारीहरू

अध्यक्ष : मङ्गलादेवी थामी

उपाध्यक्ष : जीवन थामी

सचिव : शान्ति थामी

सहसचिव : अभिनायक थामी

कोषाध्यक्ष : तारा बहादुर थामी

सदस्य : गोपिलाल थामी

सदस्य : बच्चु थामी

सदस्य : भक्त बहादुर थामी

सदस्य : कृष्ण बहादुर थामी

सदस्य : गुण्ड बहादुर थामी

सदस्य : बलराम थामी

सदस्य : जनक बहादुर थामी

सदस्य : लुरी थामी

सदस्य : पार्वती थामी

सदस्य : मनिराज थामी